# नेपालमा लेप्चा जातिको सामाजिक, सांस्कृतिक र आर्थिक अवस्था
# इलाम जिल्ला फिक्कल गा.वि.स.को एक समाजशास्त्रीय अध्ययन

शोध-पत्र

महेन्द्र रत्न बहुमुखी क्याम्पस इलाम मानवीकि तथा समाजशास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयको  स्नात्तकोत्तर (एम.ए.)दोश्रो वर्षको आठौं पत्रको आंशिक आवश्यक्ता परिपुर्तिका लागि पत्र पूर्णताको लागि प्रस्तुत गरिएको


प्रस्तुतकर्ता

अम्बिका देवी पौड्याल

परिक्षा नं. १०१५१

रजिष्ट्रेशन नं.३४०९४-८९


प्रस्तुत


महेन्द्र रत्न बहुमुखी क्याम्पस इलाम

मानविकी शास्त्र संकाय

समाजशास्त्र विभाग


२०७२

त्रिभूवन विश्वविद्यालय

महेन्द्ररत्न बहुमुखी क्याम्पस

मानविकी तथा सामाजिकशास्त्र संकाय

समाजशास्त्र/मानवशास्त्र विभाग

इलाम, मेची

सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत समाजशास्त्र/मानवशास्त्र विभाग महेन्द्र रत्न बहुमुखी क्याम्पस, इलाम स्नातकोत्तर तहको आठौं पत्र (५०८) को प्रयोजनको लागि अम्बिका देवी पौड्यालले “नेपालमा लेप्चा जातिको सामाजिक, सांस्कृतिक र आर्थिक अवस्थाः इलाम जिल्लाको स्थलगत समाजशास्त्रीय एक अध्ययन” विषयको शोधपत्र मेरो निर्देशन र सुपरिवेक्षणमा रही तयार पार्नु भएको जानकारी गराउँदै यस शोधपत्रलाई आवश्यक मूल्यांकनको लागि सिफारिस गर्दछु ।

मितिः ..............

.........................................

शोध निर्देशक

सन्तोष पराजुली

महेन्द्र रत्न बहुमुखी क्याम्पस

इलाम

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY

# महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम

Mahendra Ratna Multiple campus, Ilam

समाजशास्त्र/मानवशास्त्र विभाग

DEPARTMENT OF SOCIOLOGY/ ANTHROPOLOGY

---

## स्विकृत पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत समाजशास्त्र/मानवशास्त्र विभागको समाजशास्त्र विषयको स्नातकोत्तर तहको आठौ पत्र (विषय कोड नं.५०८) को लागि छात्रा अम्बिका देवि पौड्यालबाट तयार गरिएको प्रस्तुत **“ नेपालमा लेप्चा जातीको सामाजिक, सास्कृतिक र आर्थिक अवस्था: इलाम जिल्लाको एक समाजशास्त्रीय अध्ययन”** शिर्षकको स्थलगत अध्ययनको सोधपत्र मुल्यांकन समितिको निर्णयबाट स्विकृति प्रदान गरिएको छ ।

**मुल्यांकन समिति**

...................

**विभागिय प्रमुख**

**श्री देवेन्द्रप्रसाद गुरागाई**

....................

**बाह्य परीक्षक**

**श्री महेशप्रसाद पौडेल**

....................

**शोध निर्देशक**

.................

**श्री सन्तोष पराजुली**

२०७२।०५।२१

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजशास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिको लागि यो शोधपत्र प्रस्तुत गरिएको हो । यसमा इलाम जिल्ला भित्र रहेका लेप्चा जातिको धार्मिक संस्था, सामाजिक संस्कारगत परम्परा र हालको आधुनिक समाजको जटिलतासँग त्यसमा आएको परिवर्तन दर्शाउन खोजिएको छ ।

नेपालको सांस्कृतिक सम्पदाका रुपमा रहेका विभिन्न जातजाति धर्म परम्परा, रितिथिति आदिको अध्ययन अनुसन्धान नै राष्ट्रिय सम्पत्तिको जगेर्ना र त्यस्ता जाति समेतको उत्थानका क्रममा यो अध्ययन भएको हो । यो अध्यनयका लागि फिक्कल, श्री अन्तु तथा अन्य ठाउँमा बस्ने लेप्चा जाति र यससँग सम्बनिधत जानकार व्यक्तित्वहरुसँग छलफल गर्नका साथै विभिन्न संघ संस्था र विद्वान्हरुको सहयोगले यो शोधग्रन्थ यस्तो अवस्थामा सृजना भएको हो ।

यो सोधपत्र तयार गर्ने क्रममा लेप्चा जातीको अध्ययन गर्ने अवसर दिएकोमा महेन्द्र रत्न बहुमुखी इलामप्रति कृतज्ञता व्यक्त गर्न चाहन्छु । त्यसैगरी सुझाव सल्लाह, मार्गनिर्देशन, हौसला प्रदान गर्नु हने समाजशास्त्र/मानवशास्त्र विभागका विभागीय प्रमुख सह-प्राध्यापक श्री देवेन्द्र प्रसाद गुरागाँई, शोध निर्देशक गुरु श्री सन्तोष पराजुली एवं अन्य गुरुहरुप्रति आभार व्यक्त गर्दछु । यस्तै आवश्यक सूचना, सामग्री, सुझाव, सल्लाह र समय उपलव्ध गराई सहयोग गर्नुहुने आफन्तजनहरु तथा मित्रहरुप्रति हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु । त्यस्तै गरि आफ्नो अनुभव एवं अन्य आवश्यक जानकारी सल्लाह तथा प्रश्नावली भराउने क्रममा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा आवश्यक सहयोग गर्नुहुने इलाम जिल्ला फिक्कल गा.वि.स. वार्ड नं. १ निवासी सम्पूर्ण लाप्चा परिवारहरु र उत्तरदाताहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

**मितिः........** **अम्बिका देवी पौड्याल**

**इलाम**

विषय सूची


| सि.नं. | शिर्षक | पेज नं. |
|---|---|---|
| | अध्याय-एक | १-१४ |
| | परिचय | |
| १.१ | पृष्ठभूमि **(Background)** | १ |
| १.२ | लाप्चाहरुको परिचय | ३ |
| १.३ | समस्याको कथन **(Statement of problem)** | ९ |
| १.४ | अध्ययनको उद्देश्य **(Objectives of the study)** | ११ |
| १.५ | अध्ययनको महत्व **(Rationals of the study)** | १२ |
| १.६ | अध्ययनको संगठन (**organitation of the study)** | १३ |
| १.७ | अध्ययनको सिमा **Limitation of the study)** | १३ |
| १.८ | नैतिक मान्यता **(Ethical issues)** | १४ |
| | अध्याय-दुई | १५-२६ |
| २.१ | साहित्य पुनरावलोकन **(Review of literature)** | १५ |
| २.२ | सैदान्तिक समिक्षा **(Theoretical Review)** | २१ |
| | अध्याय-तिन | |
| | अनुसन्धान विधी **( Research methodology)** | २७-३१ |
| ३.१ | शोध प्ररचना **(Research Design)** | २७ |
| ३.२ | समग्रता र नमूना छनौट **(Universe and sampling)** | २७ |
| ३.३ | सूचनाको श्रोत र प्रकृती **(nature and Source of data )** | २८ |
| ३.४ | तथ्य संकलन विधि **(Techique of data collection)** | २८ |
| ३.४.१ | प्रश्नावली **(Questionaire)** | २९ |
| ३.४.२ | अवलोकन **(Observation)** | २९ |
| ३.४.३ | लक्षीत सहुहसंगको छलफल **(Focus Group Discusstion)** | ३० |
| ३.४.४ | स्थलगत कार्य **(Field work)** | ३० |
| ३.४.५ | तथ्य विश्लेषणको प्रकृति **( Nature of Data Analysis)** | ३१ |

३.५.१ जानकार सूचना दाताहरु **(key information)** ३१

अध्याय-चार ३२-४४

अध्ययन क्षेत्र र जनजातिय विवरण **( The study area of ethnographic details)** ३२

४.१ अध्यायन क्षेत्रको भूगोल **(Geographical condition of study area)** ३२

४.२ अध्यायन क्षेत्रको इतिहास **(Historical condition of study area** ३३

४.३ जातजाती तथा रहन सहन ३५

४.४ हावापानी र प्राकृतिक वनस्पती ३६

४.५ अध्ययन क्षेत्रको मानिसको जनजीवन ३७

४.६ फिक्कल गा.वि.स. वा.नं. १ (कजेनी) ४२

अध्याय पाँच

तथ्य प्रस्तुतीकरण र विश्लेषण **(Data presentation and nalysis)** ४५-८०

५. लेप्चा जातिको सामाजिक जनजीवन ४५

५.१ लेप्चा जातिको धर्म ४७

५.२ लेप्चा जातिका धार्मिक गुरु ४९

५.३ लेप्चा जातिका धार्मिक संस्थाहरु ५२

५.४. कजेनी योङथोङ गुम्बा ५४

क. फेन्सोङ गुम्बा फिक्कल ५६

५.५ लेप्चा चाडपर्वहरु ५९

५.५.१ कञ्चनजंघा पूजा ६०

५.५.२ नौलो पूजा ६१

५.५.३ न्वागी ६३

५.५.४ सिल्ली तङवु पूजा ६४

५.५.५ नामवन ६६

| | | |
|---|---|---|
| ५.५.६ | फलोफजी रम्फाक | ७७ |
| ५.६ | लेप्चा जातीको सामाजिक संस्था | ७९ |
| ५.६.१ | रोङसे जुङठी | ७९ |
| | अध्याय छ | |
| | सारांश, निष्कर्श र सुझाब **(Summary,Conclusion and Suggetion)** | ८१-९४ |
| ६.१ | सारांश **(Summary)** | ८१ |
| ६.२ | निष्कर्श **(Conclusion)** | ९० |
| ६.३ | सुझाब **(Suggetion)** | ९३ |

सन्दर्भसूची

फोटोहरु

परिशिष्टहरु

# अध्याय- एक

# परिचय

## १.१ पृष्ठभूमि (Background)

विश्वमानचित्रमा "नेपाल" दक्षिण एशियाको एक सानो भूभाग ओगटेको मुलुकको रुपमा रहेको छ । यो विश्वको भूगोलमा पूर्व अक्षांश देखि देशान्तरसम्म जम्मा १,४७,१८१ वर्ग कि.मि.मा रहेको छ। भौगोलिक वनावट अनुसार हिमाल, पहाड र तराई प्रदेशको रुपमा विभाजित रहेको छ । भौगोलिक विभाजन अनुसार नै यहाँ सामाजिक सांस्कृतिक रुपमा पनि विविधता पाइन्छ। यहाँ वहुभाषी, वहुसांस्कृतिक तथा सामाजिक विविधता भएको पाइन्छ, त्यसैले भन्ने गरिन्छ चारजात छत्तीस वर्णको फूलवारी हो । सामाजिक सांस्कृतिक रुपमा अनेकतामा एकता र एकतामा अनेकता पाइन्छ। (पोखेल २०६४)

विश्वमा विज्ञान र प्रविधिले ल्याएको परिवर्तन सँगै यँहाको सामाजिक, सांस्कृतिक, आर्थिक तथा राजनैतिक रुपमा पनि गतिलो प्रभाव पारेको पाइन्छ। यसै प्रभावको कारण राजनैतिक सामाजिक आर्थिक परिवर्तन सँगै यसले मुलुकमा भित्र्याएको विकास निर्माण, यातायात संचार शिक्षा तथा औधोगिकीकरण आदिको कारणबाट मानिसहरु एक ठाउँबाट अर्को ठाउँमा चलायामान हुदै विभिन्न रोजगारीको खोजीमा विभिन्न ठाउँमा बसाई सर्ने क्रमसँगै आफ्नो परम्परागत मौलिक संस्कृतिलाई छोडेर समय सापेक्ष, वातावरण अनुकूल भई सोही परिवेशमा समायोजन हुनका लागि नयाँ संस्कृति ग्रहण गर्ने भएबाट विभिन्न जातिहरुको मौलिक संस्कृति हराउदै गईरहेको अवस्थामा तिनीहरुको संस्कृतिको खोजी गरी जस्ताको तस्तै प्रकाशमा ल्याउनु आजको आवश्यकता वनेको छ।

हालसम्म गरिएको जातिगत अध्ययन अनुसन्धान पूर्ण हुन नसकेको अवस्था देखिनुका साथै लोप हुन लागेका जातिहरुको वारेमा औलो ठड्याउनु आजको आवस्यकता बनेको छ । यसैले पूर्वी नेपालको विशेषत इलाम जिल्लाको पनि केही गा.वि.स.हरुमा छरिएर रहेका लोप हुन लागेको जाति "लेप्चा" पनि एक जाति हुनका

साथै यही भूगोलकै सेरोफेरोका आदिवासी पनि छन् । यस जातिको सांस्कृतिक पक्षको अध्ययन अनुसन्धान गरि लोप हुनबाट वचाउनका साथै यस्का विविध मौलिक सांस्कृतिक पक्षको अध्ययन अनुससन्धान गरि नेपालका विभिन्न जातिहरुको सांस्कृतिक धरोहरसँगै यसलाई पनि समावेश गरि राष्ट्रिय सांस्कृतिक सम्पदाको रुपमा भण्डारण गर्नू उपयुक्त मानिन्छ । सांस्कृतिक जाति जनजातिको ढुकढुकी हो र संस्कृतिको लोप हुन लागेका जाति लेप्चा जातिको सांस्कृतिक पक्षको अध्ययन अनुसन्धान गर्नू आवश्यक देखिन्छ । लेप्चा जातिको नेपालको सुदुरपुर्व मेची अंचलको इलाम जिल्ला र भारतको दार्जिलिङ जिल्लाका मिरीक, कालेम्वुङ्ग, सिक्किम र भूटानमा समेत वसोवास रहेको पाइन्छ, तर यस अध्ययनमा इलाम जिल्ला भित्रका लेप्चा जाति र विशेषतः ति मध्ये फिक्कल गा.वि.स. मा रहेका लेप्चा जातिको मात्र अध्ययन गर्ने अद्देश्य ले वर्तमान शोधकार्य संचालन गरिएको छ ।

नेपाल एउटा विविध सांस्कृतिक रुपरंग वोकेको देशको रुपमा चिनिएता पनि कतिपय जातिहरुको सांस्कृतिक पक्षको अध्ययन र अनुसन्धान हुन नसक्दा लोप हुने अवस्थामा रहेको पाइन्छ । हुनत नेपालमा रहेका विभिन्न जातिहरुको अध्ययन गरेको पाइएता पनि सो अध्ययन धेरै पछि मात्र अर्थात २००७/०८ साल देखि मात्र अध्ययन अनुसन्धान भएको पाइन्छ । त्यस भन्दा पहिले पनि ऐतिहासीक किंवदन्तीका रुपमा, विभिन्न विदेशी यात्रीले लिएको यात्रा विवरणको रुपमा मात्र लिएको पाइन्छ । २००७/८/९ देखि केही जातिहरुको सामाजिक सांस्कृतिक पक्षको अध्ययन भएपनि त्यती तिव्ररुपमा भने भएको पाइदैन विशेषतः केही स्वदेशी तथा विदेशी गैरसरकारी संस्थाहरुले आफ्नो सिमित कार्यक्रम संचालन गर्न केही जातिहरुको तथ्याङ्किय आधारलाई मात्र मानेर खोज गर्ने गरेको पाइन्छ भने इतिहास तथा सामाजशास्त्र/ मानवशास्त्रका शोधार्थीहरुबाट थोरै मात्र अध्ययन र अनुसन्धान भएको पाइन्छ ।

नेपालको पूर्व,पश्चिम र दक्षिणमा भारत र उत्तर तर्फ चीनको स्वाशासित क्षेत्र तिब्बत पर्दछ । प्रशासनिक आधारमा नेपाललाई ५ विकाश क्षेत्र, १४ अंचल र ७५

जिल्लामा विभाजित गरिएको छ । २०६८ को जनगणना अनुसार नेपालको कुल जनसंख्या २,६४,९४,५०४ रहेको छ । नेपालमा २०६८ सालको जनगणना अनुसार १२५ जातजाती रहेको र १२३ भाषा बोल्ने मानिसहरुको बसोबास रहेकोमा ५९ ओटा जनजातीहरुको बसोबास रहेको पाइन्छ । यसै गरी १० ओटा धर्म मान्ने मानिसहरुको बसोबास रहेको धार्मिक अवस्थालाई हेर्दा हिन्दु ८१.३ प्रतिशत, बौद्ध ९ प्रतिशत, इस्लाम ४.४ प्रतिशत, किरात ३ प्रतिशत, क्रिश्चियत १.४ प्रतिशत , प्रकृति ०.४ र अन्य धर्म मान्ने मानिसहरु नेपालमा बसोबास गर्ने गर्दछन । (जनगणना २०६८)

हालसम्म गरिएको जातिगत अध्ययन अनुसन्धान पूर्ण हुन नसकेको अवस्था देखिनुका साथै लोप हुन लागेका जातिहरुको वारेमा औलो ठड्याउनु आजको आवश्यकता वनेको छ । यसैले पूर्वी नेपालको विशेषत इलाम जिल्लाको पनि केही गा.वि.स. हरुमा मात्र छरिएर रहेका लोप हुन लागेको जाति “लेप्चा” पनि एक जाति हुनका साथै यही भूगोलकै सेरोफेरोका आदिवासी पनि छन् । यस जातिको सांस्कृतिक पक्षको अध्ययन अनुसन्धान गरि लोप हुनबाट वचाउनका साथै यस्का विविध मौलक सांस्कृतिक पक्षको अध्ययन अनुसन्धान गरि नेपालका विभिन्न जातिहरुको सांस्कृतिक धरोहर सँगै यसलाई पनि समावेश गरि राष्ट्रिय सांस्कृतिक सम्पदाको रुपमा भण्डारण गर्नु उपयुक्त मानिन्छ । सास्कृति जाति/जनजातिको ढुकढुकी हो र संस्कृतिको लोप हुन लागेका जाति लेप्चा जातिको सांस्कृतिक पक्षको अध्ययन अनुसन्धान गर्नु आवश्यक देखिन्छ । लेप्चा जातिको नेपालको सुदुरपूर्व मेची अंचलको इलाम जिल्ला र भारतको दार्जिलिङ जिल्लाका मिरीक, कालेम्वुङ्ग, सिक्किम र भूटानमा समेत वसोवास रहेको पाइन्छ, तर यस अध्ययनमा इलाम जिल्ला भित्रका लेप्चा जाति र विशेषतः ति मध्ये फिक्कल गा.वि.स. मा रहेका लेप्चा जातिको मात्र अध्ययन गर्ने उद्देश्यले वर्तमान शोधकार्य संचालन भएको छ ।

## १.२ लाप्चाहरुको परिचय (Who are the lapcha?)

इलाम जिल्लामा वसोवास गर्ने विभिन्न जनजातिहरु मध्ये यस जिल्लाको आदिवासीको रुपमा लेप्चा जातिलाई लिन सकिन्छ । यिनीहरु इलाम जिल्लाको पूर्वी गा.वि.स.हरुमा मात्र सिमित संख्याका रुपमा शुरुमा रहेका पाइएता पनि हाल नेपालको विभिन्न जिल्लामा छरिएर रहेको पाइन्छ । तिनीहरु जम्मा जम्मी जनसंख्या ३,४४५ रहेकोमा हाल शहरमा रहेका जनसंख्या १८१ र गाउँमा रहेको जनसंख्या ३२६३ रहेको पाइन्छ । त्यसै गरी हिमालमा रहेको जनसंख्या १८, पहाडमा २९९६ र तराईमा ४३१ रहेको पाइन्छ । सुदुर पश्चिमाञ्चलमा २, मध्य पश्चिमाञ्चलमा ५, पश्चिमाञ्चलमा ३८, मध्यमाञ्चलमा १६४ र पूर्वाञ्चलमा ३२३६ जना जनसंख्या रहेको पाइन्छ । ( राष्ट्रिय जनगणना २०६८) । तर थोरै संख्यामा रहेको भएता पनि यहाँको आदिवासी नै हुन् भनेर भन्न सकिन्छ । यी जातिको उत्पत्ति र नामाकरण र लेप्चा शब्दको अर्थ र आदिवासी किन हुन् भन्ने प्रचार गरिन्छ । कुनै पनि जातिको जातिय इतिहास क्रमवद्ध रुपले निरन्तरता देखाउन पुस्ता-पुस्ताको खोजी गर्न वंशावली, ऐतिहासिक विवरण जस्ता प्रमाणित लेखौटहरु आवश्यक हुन्छन् । तर यस जातिको त्यस्तो कुनै लिखित विश्वसनीय आधारहरु आजसम्म पाउन सकिएको छैन । त्यसैले लेप्चाहरुको मूलथलो कहाँ हो सवैभन्दा पहिले कहाँबाट आएका हुन् किन इलाम जिल्लाको त्यही पूर्वी भागमा वसे हालसम्म किन अल्पसंख्यकै जातिको रुपमा रहन पुगे । सवैभन्दा पहिले आउने पुरुष वा महिलाको थिए भन्ने वारेमा आजसम्म कुनै लिखत र विश्सनीय प्रमाणहरु नपाइएकोले यस कुराको निदान कसैबाट पनि भएको पाइदैन । यसका लागि स्पष्ट गर्न अझ अरु वढी अध्ययन र अनुसन्धानको खाचो छ भन्ने विचार राखेको यो ग्रन्थमा समावेश गर्ने प्रयास गरेको छ । यस क्षेत्रको अध्ययन गर्दा लेप्चा जातिको उत्पत्तिको वारेमा केही लोकोत्ति, किंवदन्ती तथा केही सामान्य लिखित पुस्तकहरुलाई सहायक प्रमाणको रुपमा लिन सकिन्छ । ( जनगणना २०६८)

इलाम जिल्लाका विभिन्न ठाउँमा परापूर्व कालदेखी बसोबास गरिरहेका लाप्चाहरु नेपालका एक आदिवासी हुन् । जनस्तरमा ' लाप्चो', 'लाप्चा', 'लोप्चे' भनेर सम्बोधन

गरिने जातिको मोलिक नाम ‘रोङ’ भएको स्थानीय लाप्चाहरु बताउँछन् । एक आपसमा सम्वाद र सम्पर्क गर्दा लाप्चाहरु ‘रोङ’ शब्दको प्रयोग गर्छन् । यसै शव्दबाट वास्तविक पहिचान हुने भएकाले उनीहरु रोङ शब्दको प्रयोग गर्दा गर्व महशुस गर्दछन् । लाप्चा शब्दको कुनै निश्चित  अर्थ नभएको र यस शब्दको उत्पत्ति लाप्चा र गरै लाप्चा विच भएको स्थानिय लाप्चाहरु वताउँछन् । अध्ययन क्षेत्रका लाप्चा जनबोलीअनुसार लाप्चाहरु र गरै-लाप्चाहरुको प्रथमपटक भेट हुँदा गरै लाप्चाहरले आफ्नो भाषाबाट लाप्चाहरुलाई केही भनेछन् । लाप्चाहरुले ठाउँको नाम सोधेको होला भन्ने अनुमान लगाएर लाप्चो भनेछन् । लाप्चो भन्नाले लाप्चा भाषामा  ‘देउराली’ भन्ने बुभिन्छ । यस घटनापछि उक्त गरै-लाप्चाहरुले लाप्चाहरुलाई लाप्चो भन्न थाले र पछि गएर लाप्चोबाट लाप्चा भन्न थालिएको हो । (अनुप राई, वीर बहादुर लाप्चा र मानवीर लाप्चा)

नेपालसरकार स्थानिय विकास मन्त्रालय, जिल्ला विकास समितिको कार्यालय इलाम ले सामाजिक सुरक्षा कार्यक्रम आर्थिक वर्ष २०७१/७२ ले २०७२ आषाढ महिना सम्मको विवरणमा लोपोन्मुख लाप्चा जातिको सम्पूर्ण इलाम जिल्लाको जम्मा संख्या ३२३६ जना  देखाएको छ । यस वर्ष ३० जना लाप्चाको अन्य जातिसंग विवाह गरेका कारण वा मृत्यूको कारण सामाजिक सुरक्षा भत्ताबाट काटिएको देखिन्छ ।     ( जिल्ला विकाश समितिको कार्यालय इलाम निर्वाचन क्षेत्र नं. १ सामाजिक सुरक्षा कार्यक्रम २०७१/७२)

जिल्ला विकास समितिको कार्यालय इलामबाट सामाजिक सुरक्षा भत्ता वितरण गरिएको तथ्याङ्क २०७२ आषाढ मसान्त सम्मको इलाम जिल्लाको सम्पूर्ण संख्या ३२३६ मध्ये महिला १४८८( ४५.९८ प्रतिशत) र पुरुष १७४८ ( ५४.२० प्रतिशत ) ( श्रोत लाप्चा उत्थान मञ्च जि.वि.स.इलाम २०७१/२०७२)

नेपाली बृहत शब्दकोषमा नेपालको मेची अंचलको इलाम तथा नेपाल बाहिरका दार्जिलिङ्ग, सिक्किम र पशिचम भूटानमा बसोबास गर्ने लेप्चा जाती , उक्त लेप्चा जातीको भाषा रोङ भाषा भनी उल्लेख छ ।

लेप्चा जातिको वारेमा सोच राख्ने र अध्ययन गर्ने लेखकको विद्वानहरुमा इमान सिङ चेम्जेङलाई लिन सकिन्छ। वहाँका अनुसार सातौ शताब्दीमा एउटा चिनिया समूह मुङमावराङ भन्ने व्यक्तिको नेतृत्वमा दक्षिण वर्मातिर वसाई आए। त्यहाबाट पनि वसाई सर्दै वंगालको उत्तरमा आइपुगे। त्यहाको घना जंगललाई फाडी गाऊँ वसाए। त्यो गाऊँको नाम आफ्नो नेताको नाममा मावरोङ राखे त्यही मावरोङ शब्द अपभ्रश भई हालको मोरङ्ग भएको कुरा विश्वास गरिएको छ। यसै मावरोङ राजाले राज्य विस्तार गरि पूर्वी भाग हुदै इलामको मेची नदीसम्म पुगे त्यसरी नै पूर्वको राजाहरुले प्रयोग गर्ने भाषा र लिपिलाई "रोङ" लिपि भनियो, त्यस पछि रोङ भाषा र लिपि अपनाउने राजालाई "रोङ" भनियो र त्यही रोङका सन्तान नै अहिलेका लाप्चा हुन् भनेर भनिन थालियो र हाल उनीहरु रोङका सन्तान भएको कुरा स्वीकार्ने गर्दछन्। (चेम्जोङ २०२६)

अर्का विद्वान तकनिलमू लेप्चा (१९७८) का अनुसार लाप्चाहरु कञ्चनजंघा पर्वतलाई वडो पवित्र र सृष्टिको थलो मान्दछन्। यिनीहरुको वालीा यस पर्वतलाई "कीङ्ग-चुम चोङ्ग बू" भन्दछन्। जस्को अर्थ भाग्यशाली निधार हुन्छ। आजकाल पनि सिक्किम, दाजिलिङ्ग, इलामका लाप्चाहरु उनीहरुको पंचाङ्ग अनुसार चौथो महिना ( ) को चौथो दिन धुमधामसँग कञ्चनजंघा पर्व मनाउँदछन्। यसैले यसबाट पनि उनीहरुको उत्पत्ति र विकास कञ्चनजंघाको क्षेत्रबाट भएको ठान्दछन् र वडो सम्मानका साथ यो पुजा गरि आफू भाग्यशाली भएको ठान्दछन् र आफ्नो अत्यन्तै चोखो र पवित्र स्थलमा जन्म भएको पवित्र जाति भएको महसुस गर्दछन्।

इलामकै अर्का लेप्चा जाति र संस्कृति सम्वन्धमा अध्यंयन र अनुसन्धान गर्ने विद्वान् श्री युद्धप्रसाद वैध (२०४६) को लेप्चाको उत्पत्ति वारे आफ्नो विचार यस प्रकार राखेका छन् लाप्चा भाषामा "लाप्चो" को अर्थ देवराली वा दुई पहाडको थाप्लो भएको ठाउँ हुन्छ। प्राचिनकालमा तिब्बत तर्फ नून लिन जाँदा यस्तै "लाप्चो" हरुमा लेभा भई जाने गर्दथे। यिनै लाप्चो भएको ठाउँमा वस्ने वासिन्दालाई लाप्चे अथवा लाप्चा भन्ने

गरिएको अनुमान छ । कर्णाली अंचलको हुम्ला जिल्लामा लाप्चा भञ्ज्याङ्ग छ त्यहाँ लाप्चा जाति भने छैनन् ।

यस्तै लाप्चा भाषामा लेप भन्नाले गुफा वा गुप्त स्थान हो । ओडार वा गुफाहरुमा वस्ने भएकाले नै यिनीहरुलाई लेप्चा भनिएको हुनसक्छ । प्रचलित लोक कथा अनुसार पाण्डवहरुले गुप्तवास वस्ने क्रममा कञ्चनजंघाको फेदनिर लेपको खोजी गरे तर पत्ता लगाउन सकेनन् अनि रिसले कलीयुगमा त्यो स्थानको श्रद्ध नहोस् भनि श्राप दिए र अन्य स्थानतिर लागे । त्यस्तै अर्को लोककथा अनुसार लाप्चाहरु आफूलाई रोङ भनि भन्दछन् । उनीहरुको भाषामा रोङ को अर्थ पर्खनु, कुर्नु, ढुक्नु भन्ने हुन्छ । परापूर्वकालमा लाप्चाहरुको देश (रोङ ल्याङ) अनिकाल, भोकमरी, महामारी आदि फैलेर धेरै दुःख कष्ट हुने भविश्यवाणी गरिएको थियो । त्यस्तो कष्टबाट उद्धारका लागि हिमालय चट्टानहरुमा टासेथिङ (सृष्किर्ता भगवान) ले २३ वटा गुप्त भण्डारहरु राखेका छन् उनी आफै आई वाडी दिनेछन् भनी विश्वास गर्दथे । यिनै टासेथिङबाट गुप्तधन वितरणका लागि पर्खनेहरु "रोङ" भए भन्ने प्रचलन छ ।

एउटा प्रचलित कथा अनुसार एकजना "इमेम्पा" ले लिम्वुकी छोरी विहे गरेका थिए । बेहुला अलिक गरीव परिवारको हुनाले ससुराली जाँदा कुखुराको भाले सिसार (कोशेली) लिएर गए । ससुराली पुगेपछि उनका साला-सालीहरुले सिसार ल्याएको भालेको पखेटा समाई "लाप-चे" भनी जिस्काउन थाले । लिम्बू भाषामा लाप भनेको पखेटा र "चे" भनेको खानु हुन्छ । यिनी चराचुरुङ्गीको शिकार गरि खाने भनि लाप-चे भनी जिस्काउँदा इमेप्पा र लिम्बूकी छोरीको सन्तान नै लाप्चे भएको भनाई पाइन्छ । ( जेफ्री, शान्ति र वैद्य)

यसरी माथीका भनाई र किंवदन्तीहरुबाट लाप्चाहरु पौराणिक कालदेखि नै अस्तित्वमा रहेर आएका जाति भएको भन्न सकिन्छ । यी जातिहरुलाई ईलाम जिल्लाका आदिवासी जाति हुन् भन्ने कुरामा विवाद भएको पाइन्छ केही इतिहासका विद्यार्थीहरुबाट इलाम जिल्लाका आदिवासीहरु लिम्बू जाति भएको कुरा उल्लेख गरेको पाइन्छ । यस

विषयमा विवाद र खोजको विषय नै वन्न पुगेको छ । तर यो एक समाजशास्त्रको विद्यार्थीको खोज र अनुसन्धानको क्रममा इलाममा माईपूर्वको क्षेत्रको आदिवासीको रुपमा लेप्चा जाति नै हुन् भनेर भन्न सक्ने अवस्था देखिन्छ जव इलामका यी पूर्वी क्षेत्रमा मानव वस्तीहरु वस्ने क्रममा सवैभन्दा पहिले लेप्चा जातिहरुले नै वस्ती वसाएर वसेका थिए भन्न सकिन्छ यो उनीहरुको किपटको स्थान भएको रुपमा लिन सकिने त्यस्ता धेरै प्रमाणहरु पाइन्छन् । जस्तै माईपूर्वको प्रत्येक गाऊँ ठाउँको नाम लाप्चाहरुले नै उनीहरुको भाषाबाट राखेको प्रष्ट हुन्छ । जस्तै तल उल्लेख गरिएको ठाउँको नाम र लेप्चा जातिको भाषागत अर्थलाई अर्थ्याउदा त्यस ठाउँको विशेषतासँग प्रष्ट मिल्न पुग्छ नकि अन्य भाषामा मिल्न पुगेको छ ।

| प्रचलित ठाउँको नाम | लेप्चा भाषा | नेपालीमा अर्थ |
|---|---|---|
| १. अन्तु (गा.वि.स.) | अत्थु | अग्लो डाडो (स्थान) |
| २. इलाम | इ लोम | पुत्तका हिड्ने बाटो |
| ३. कन्याम | कन्डयाम | ढोट्नेको वोट (घारी) |
| ४. करफोक (पंचकन्या-७ र अन्तु-१ मा पर्छ) | कर फू | ढुकुर |
| ५. कट्टेबुङ्ग (पशुपति-२) | कोटेवोङ | फलारको सुख |
| ६. इङला (जमुना गा.वि.स.) | इङ ला | जवान केटा केटीलाई “ला” नमस्कार |
| ७. कोल्बुङ्ग (गा.वि.स.) | कूल वोङ | ओखरको वोट |
| ८. कुटीडाडा (कोल्वुङ्ग-८) | कुज्यू कुप कोङ | कुकुरको छाउरो वस्ने डाडा |
| ९. तकपत (श्रीअन्तु- ४ र ५) | तकपथ | घुडो ठोक्किने ठाउँ ( उकालो) |

| | | |
|---|---|---|
| १०. सामालवुड | समालवुङ्ग | टुनिको रुख |
| ११. दाम्सीङ | दाम्सीङवुङ | सल्लाहको रुख |
| १२. मार्से (कोल्बुङ-६) | मारसाय वुङ | स्वादिलो रुख कटहर |
| १३. श्रीवुङ्ग (श्रीअन्तु- २ र ६) | सिरोवुङ | फलाटको रुख |
| १४. रुङसुङ (पशुपति-८) | रोङसोङ | लेप्चा (आफू वस्ने ठाउँ) |
| १५. सुङतुङ (समालवुङ-५) | सोङतोङवुङ | चुलेत्रोको रुख |
| १६. रम्फोड (फिक्कल-५) | रामफोन | राम (भगवान) फोक देवता वस्ने ठाउँ |

श्रोतः- जेफ्री ,शान्ति, जुद्ध(सन् २०००)

## १.३ समस्याको कथन **(Statement of problem)**

नेपाल विविध जातिय संस्कृति भएको देश हो यहाँ विभिन्न जातिय सांस्कृतिक विशेषताहरु विद्यमान छन् । यो राष्ट्रको आफ्नै पहिचान हो भने राष्ट्रको सम्पत्ति र जीवन्तता पनि हो । सँस्कृति कुनै पनि समाजलाई चिनाउने तथा समाजको आत्मै देखि पहिचान गराउने वलियो उपाय हो र यो समाजको ढुकढुकी हो । यस्को संरक्षण र सम्बर्द्धन गर्नु भनेको नेपालको सांस्कृतिक धरोहरलाई अझ उचाईमा लैजानु हो । यस प्रकारको सांस्कृतिक सम्पदालाई संरक्षण गर्नलाई विभिन्न जनजातिहरुको अस्तित्व नै सर्वप्रथम जिवित रहनु पर्दछ । तर आज यस प्रतिको गहिराईसम्म खोज अनुसन्धान गर्ने क्रममा कम चासो भएकै कारण हाम्रो देशका सम्पत्तिका रुपमा रहेका विभिन्न जनजातिहरुको पहिचान र सांस्कृतिको लोप हुने आवस्थामा रहेको छ । यसैक्रममा नेपालमा रहेको धरै जनजातिहरु मध्ये मेची अंचलको इलाम जिल्लाको सुदुरपूर्वका केही गा.वि.स.हरुमा मात्र सिमित रुपमा वसोवास गर्दै आएका “लेप्चा” पनि एक हुन् । इलामको पहिचानकै रुपमा रहेका आदिवासी पनि हुन् । यस्को अस्तित्व संरक्षण गर्नु आजको प्रमुख आवश्यकता रहेको छ । यी “लेप्चा” जनजातिको सामाजिक तथा

सांस्कृतिक पक्षको समयमा नै अध्ययन अनुसन्धान भई पहिचान गराउन सकिएन भने आजको वदलिदो अवस्था अझ भनौ सामाजिक, सांस्कृतिक संक्रमणको अवस्थाले तिनीहरुको मौलिक सामाजिक सांस्कृतिक पहिचान लोप हुन गई राष्ट्रको एउटा ठूलो सांस्कृतिक सम्पत्तिको लोप हुने अवस्था रहेको छ । "लेप्चा" जातिको संस्कृति उनीहरुको मात्र पेवा नभई यो त सिंगो देशको सांस्कृतिक सम्पदाको एक अंश हो । यो संस्कृति हराउनु भनेको नेपालको सिंगो संस्कृतिमा आँच आउनु हो एउटा संस्कृति कहिल्यै नभेटिने गरि हाम्रो माझ अस्ताउनु हो ।

नेपालका विभिन्न ५९ जनजातिहरु मध्ये "लेप्चा" जाति अरु जनजातिहरु जस्तै आफ्नै मौलिक भाषा, रहनसहन, रितिरीवाज, पूजाआजा, जन्म, विवाह, दाह संस्कार, नाता सम्बन्ध आफ्नै सामाजिक संस्थाहरु रहेको जातिको रुपमा परिचित गराउँदछ, यसै भएता पनि आज विस्तारै विस्तारै आफ्नो मौलिक पहिचान लोप हुँदै गएकोले लेप्चा जाति र उनीहरुको संस्कृतिको पहिचान **(Identity)** र अस्तित्व **(Existence)** माथि यो प्रश्न चिन्ह लागेको छ । यसरी अस्ताउन लागेको संस्कृतिको पहिचान आजको आधुनिक युगले थिचेको संस्कृतिको आजको राजनैतिक उथल पूथल अवस्थाले खल्वल्याएको सामाजिक सांस्कृतिक पक्षको जस्ताकै तस्तै समाज सामु पहिचान गर्न आजको प्रमुख आवश्यकता रहेको छ । यो महत्वलाई वास्ता नगरि छोडी दिनु भनेको राष्ट्रको लागि एउटा ठूलो नोक्सान गराउनु हो, नेपालकै एउटा महत्वपूर्ण गहना हराउन पुग्नु हो ।

आजसम्म विभिन्न समाजशास्त्री मानशास्त्रीहरुले विभिन्न जनजातिहरुको अध्यन गरेका छन् । तर लेप्चा जातिका वारेमा समग्र पक्षलाई समेटने गरि एउटा सम्मपनि सिङ्गो र संगठित अध्ययन, अनुसन्धान आजसम्म पनि भएको पाइदैन । यसैले यस जाति र जातिको संस्कृतिको अध्ययन हुन आवश्यक हुनका साथै उक्त संस्कृतिमा देखा परेका परिवर्तन र कठिनाईहरु अध्ययन हुन आवश्यक छ ।

इलाम जिल्लाका आदिवासी को हुन्, भनि कसैले प्रश्न गरेमा ठोकुवा सहित भन्न सकिन्छ लेप्चा जाति हुन् भनेर, तर इलाम लगायत अन्य धेरैजसो नेपालका

मानिसहरुलाई इलामका आदिवासी जाति लेप्चा हुन् भनेर थाहा छैन नकि विकास योजनाका काम गर्ने संघ संस्था, जनजाति सम्बन्धि काम गर्ने संघ संस्था, जनजाति सम्बन्धि काम गर्ने संस्था समेतलाई राम्ररी थाहा भएको पाइएन यतिसम्म कि नेपालमा लेप्चा जातिहरु पनि छन् ? र तिनीहरुको सांस्कृति पहिचान कस्तो छ? भन्ने समेत थाहा नभएको अवस्था देखिन्छ । यीनीहरुको मौलिक संस्कार र परम्परालाई टेवा दिने तर्फ कुनै ठूलो सरकारी प्रयास भएको छैन । देशको राष्ट्रिय स्तरमा विभिन्न जातजातिको लागि कार्य गर्ने समितिको गठन भएता पनि त्यसमा लेप्चा जातिको प्रतिनिधित्व भएको पाइदैन । यस जाति वारेमा सिमित विदेशी लेखकहरुले आफ्ना अध्ययनका आधारमा विभिन्न विवरणात्मक पुस्तक गरेर लेखेको पाइन्छ । नेपालकै लेप्चाहरुको मात्र विषय-वस्तु बनाएर लेखेको पुस्तक भने १/२ वटा मात्र रहेका छन् । पत्र-पत्रिकामा कुनै एक पक्षलाई मात्र समेटेर छोटो परिचयात्मक, समीक्षात्मक गरिएको छिटफूटमात्र लेखहरु पाइन्छ । अतः यस अध्ययनमा निम्न अनुसन्धनात्मक प्रश्नहरु उठाई यो जातिको सामाजिक तथा संस्कृतिको अध्ययन गर्ने प्रयास गरिएको छ ।

क) लेप्चा संस्कृतिमा आएका परिवर्तनहरु कस्ता कस्ता रहेछन् पत्ता लगाउने ?

ख) लेप्चा जातिका मुख्य संस्कृतिहरु र सामाजिक संस्थाहरु के-के हुन् र कसरी सञ्चालित छन् ?

ग) लेप्चा जातिको सामाजिक संस्थाहरु मुख्य गरि के-के हुन् र कसरी संचालित छन्?

## १.४ अध्ययनको उद्देश्यहरु (Objectives of the study)

हरेक अध्ययनका आफ्नै उद्देश्यहरु रहे जस्तै यस्का पनि निम्न उद्देश्यहरु रहेका छन्

१) लेप्चा जातिको मुख्य-मुख्य सामाजिक संस्थाहरुको परिचय गराई यस जातिको उत्थानमा यसले खेलेको भूमिकाका वारेमा जानकारी दिनु ।

२)	लेप्चा जातिको परम्परागत संस्कृतिमा देखिएका परिवर्तनहरुको विश्लेषण गर्ने ।

३)	लेप्चा जातीको आर्थिक अवस्थाको वारेमा लेखाजोखा गर्नु ।

४)	लेप्चा संस्कृति के कसरी लोप हुँदैछ यसका लोप हुने कारण पत्ता लगाउनु र लेप्चा संस्कृतिलाई भविश्यमा कसरी संरक्षण गर्न सकिन्छ भनी अध्ययन गर्नु ।

## १.५ अध्ययनको महत्व **(Rationals of study)**

नेपाल विबिध जाति भाषा भाषीहरुको वसोवास रहेको संगम स्थल रुपमा यहा विभिन्न जातजातिहरुका आ-आफ्नै धर्म र संस्कृतिक पाइन्छ । यसमा लेप्चा संस्कृतिको अध्ययन नै खोजको मुख्य विषय वस्तु रहेको छ । लेप्चा संस्कृति के हो, कुन अवस्था छ र यसमा गर्ने सहयोग सामाजिक संस्थाहरु कुन-कुन हुन् र कसरी सहयोग गर्दै रहेका छन् भनि खोज अनुसन्धान गरि प्रकाशित गर्नु यस शोधग्रन्थको मख्य उद्देश्य रहेको छ ।

क)	यस अध्ययनबाट प्राप्त निष्कर्ष र जानकारीहरुले नेपालका विविध धर्म संस्कृतिको संगमस्थल हो भन्ने कुरा पुष्टि गर्दछ ।

ख)	यस अध्ययनबाट प्राप्त जानकारीहरुले भविष्यमा यस जाति, सामाजिक संस्था र सस्कृतिवारे सामान्य वा वृहत शेधकार्य गर्न चाहने स्वदेशी तथा विदेशी अनुसन्धानकर्ताहरुलाई पूर्वाधार खडा गरिदिन सक्नेछ । यस्को अर्थ हुनेछ कुनै पनि समाजशास्त्री, मानवशास्त्री वा संस्कृतिप्रति चासो रहने व्यक्तित्वहरुलाई वर्तमान शोध ग्रन्थबाट लेप्चा संस्कृतिको ज्ञान प्राप्त हुनेछ । साथै भविष्यमा यो जातिवारे अध्ययन गर्नेहरुलाई यो शोधग्रन्थ मुख्य आधार हुनेछ ।

ग)	यस अध्ययनबाट प्राप्त जानकारीहरुले लेप्चाहरुको उत्थानका लागि थप प्रभावकारी कार्यक्रमहरु संचालन गर्न परेमा वा ग्रामिण विकास निर्माणका योजना

निर्माण गर्नु परेमा त्यसता संघ संस्था तथा सरकारलाई सहयोग पुग्नेछ । उदाहरण स्वरुप भन्न सकिन्छ त्यस्ता गैरसरकारी **NGOs** लाई कार्यक्रम संचालन गर्नुपरेमा अत्यन्त सहयोग पुग्नेछ ।

घ) यस अध्ययनबाट प्राप्त निष्कर्षहरु **Findings** ले लेप्चा जातिका वारेमा कुनैपनि निकाय वा सरकारलाई निति निर्माण गर्न कार्यक्रमहरु वनाउन, कार्यन्वयन गर्न परेमा सहयोग पुऱ्याउनेछ । हाल राष्ट्रिय जनजातिहरुको आयोगले नेपालका पिछडिएको जाति/जनजाति र दलित जातिहरुको उत्थानका लागि कार्यक्रमहरु ल्याएको छ । यस सन्र्दभमा लेप्चा जातिको भलाई र विकासको लागि काम गर्न परेका निति निर्माण गर्नु परेमा यो शोषग्रन्थबाट धेरै सहयोग पुग्ने कुरामा विश्वास दिन सकिन्छ ।

## १.६ अध्ययनको संगठन (**Organization of the study)**

प्रस्तुत सोधपत्रको शिर्षक नेपालमा लेप्चा जातिको सामाजिक, सांस्कृतिक र आर्थिक अवस्था इलाम जिल्लाको स्थलगत समाजशास्त्रिय एक अध्ययन रहेको छ । यस शिर्षकको औचित्य तथा यसमा उल्लेख गरिएका उद्देश्यहरु पुरा गर्न यस अध्यायमा जम्मा ६ अध्याय रहेका छन् । जस अन्तर्गत पहिलो अध्यायमा विषयको परिचय उल्लेख गरिएको छ । दोस्रो अध्यायमा साहित्यको समिक्षाको अध्ययन गरिएको छ र तेस्रो अध्यायमा अनुसन्धान विधि प्रस्तुत गरिएको छ । चौथो अध्यायमा अध्ययन क्षेत्र र जनजातीय विवरणको परिचय गराईएको छ । पाँचौ अध्यायमा तथ्यांक प्रस्तुतीकरण र विश्लेषणको वारेमा क्रमबद्ध रुपले व्याख्या गरिएको छ । छैंटौ अध्यायमा सारांश, निष्कर्ष र सुझावलाई समेटिएको छ ।

## १.७. अध्ययनको सिमा **(Limitation of the study)**

क) वर्तमान शोधकार्य लेप्चा संस्कृतिको खोजकार्य इलाम जिल्लाको फिक्कल गा.वि.स. वा.नं.१ कजेनीमा मात्र सीमित भएकाले यस अध्ययनबाट प्राप्त निष्कर्षहरु फिक्कल गा.वि.स. वा.नं. १ कजेनीको लेप्चा जातिको संस्कृतिको

अध्ययनमा आधारित भएको बुझ्नु पर्ने हुन्छ र यस अध्ययनका निष्कर्षहरु अन्य ठाउँमा वसोवास गर्ने लेप्चा जातिहरुसँग मिल्न पुग्छ र नपुग्न पनि सक्छ । लेप्चाहरु यस ठाउँमा मात्र होइन, दार्जिलिङ्ग, सिक्किम, भूटानसम्म पनि छरिएर रहेका छन् । त्यस ठाउँमा रहेको लेप्चाहरुको सामाजिक सांस्कृतिक रहन सहन यहाँको भन्दा केही वातावरणीय, सामाजिक, राजनैतिक, आर्थिक पक्षहरु फरक भएको कारणबाट सांस्कृतिक पक्षमा केही फरक आउनु स्वाभाविकै रहन्छ त्यसैले यहाँ पाइएका सूचना र निष्कर्षहरु श्री फिक्कल गा.वि.स. वा.नं. १ कजेनीमा वसोवास गर्ने "लेप्चा" जातिको हो भनेर बुझ्न आवश्यक छ ।

ख) वर्तमान अध्ययनमा गुणात्मक तथ्यलाई विशेष महत्व दिइएको छ । यहाँ परिणात्मक तथ्यलाई भन्दा गुणात्मक तथ्यलाई वढी महत्व दिइएकोले धेरै तथ्याङ्कहरु टेवुल गरि प्रतिशत निकाली प्रस्तुत नगरि प्राथमिक सूचना प्रणाली अवलम्वन गरिएकोले यस्को विशेषता वा सीमाको रुपमा लिनुपर्ने हुन्छ ।

ग) समाज र संस्कृति समयानुकूल निरन्तर चलिरहने प्रक्रिया हो यसलाई एकपटक अध्ययन गरि यस्को सवै गुणको विश्लेषण गर्न सकिदैन । समयसमयमा यस्को हरेक गतिविधिको अध्ययनले मात्र सस्कृतिको हरेक पक्षको अधययन र पहिचान गर्न सकिन्छ, हरेक जातिको एक वर्ष भरीमा विभिन्न चाड पर्व, रितीरिवाज संस्कार संस्कृतिका कार्यहरु हुने गर्दछन्, एकै पटकको वा २/३ महिनाको छोटो अवलोकन, भेटघाटबाट मात्र सवै सांस्कृतिक पक्षको झलकको रुपमा सूचना संकलन गरि प्रकाशमा ल्याउन गाह्रो हुने हुनाले मर्तमान सोधग्रन्थमा पनि २/३ महिनाको छोटो अवधिमा अवलोकन गरेका तथा सूचना संकलन गरेको आधारमा मात्र तयार गरिएकोले छाटो समय सीमाको आधारमा मात्र उललेख गरेको ठानिदिनु पर्दछ ।

## १.८ नैतिक मान्यता (**Ethical Issues)**

अध्ययनको क्रममा लेप्चा जातीको सामाजिक, सांस्कृतिक र आर्थिक अवस्थाको वारेमा प्राप्त जानकारीहरुलाई निश्चित आचार संहितामा रहेर व्याख्या विश्लेषण गर्ने प्रयत्न गरिनेछ । समाजमा रहेका विभिन्न जातजाती, समुदाय र सम्वन्धित परिवारका सदस्यहरुविच द्धन्द्ध सिर्जना हुने विषयवस्तुको बारेमा व्याख्या विश्लेषण गर्दा केही गोपनियता अपनाइने छ ।

अध्याय-दुई

## २.१ साहित्यको समिक्षा (Literature Review)

नेपाल एक वहुजाति, वहुभाषी, वहुसांस्कृतिक रुपमा रहेको छ । नेपाललाई सांस्कृतिक रुपमा हेर्दा विविध सांस्कृतिक रुपले सजीएको छ । विविध भाषाभाषी, संस्कृतिहरुको मालाका रुपमा रहेको छ यसरी सांस्कृतिक माला बन्नमा सहयोग गर्ने सांस्कृतिक थुङ्गा मध्ये एउटा सुन्दर थुङ्गोको रुपमा लेप्चा सांस्कृतिलाई लिन सकिन्छ । लेप्चाहरु नेपालको पूर्वीभाग खासगरी इलाम जिल्लाका १५ वटा गा.वि.स.हरुमा वसोवास गर्दै आएका छन् । लेप्चाहरु को हुन् ? कहाँ कहाँ वसोवास गर्दै छन्, तिनीहरुको सामाजिक सांस्कृतिक पक्ष कस्तोछ, तिनीहरुको आर्थिक शैक्षिक अवस्था कस्तो छ ? राज्यबाट तिनीहरुको सांस्कृतिक पक्षको वनावटका लागि के कस्ता प्रयासहरु भएका छन् ? र तिनीहरु आफै आफ्नो उत्थान र विकासका लागि के-के कार्य गर्दै आएका छन् के ति कार्य प्रयाप्त र प्रभावकारी नै रहेका छन् ? अव के गर्न आवश्यक छ ? र उनीहरुको वर्तमान अवस्था कस्तो छ र भविष्यमा कसो गरे त्यो संस्कृतिको जर्गेनागर्न सकिन्छ भन्ने वारेमा लेखिएका पुस्तकहरु धेरै नपाइएता पनि केही साना-साना पुस्तिकाहरु, बेला-बेलामा प्रकाशित हुने मोफसलका पत्र-पत्रिकाबाट सामान्य जानकारी दिने काम भएको पाइन्छ भने त्यस्तै इतिहास, संस्कृति तथा समाजशास्त्र/मानवशास्त्रका विद्यार्थीहरुबाट बेला-बेलामा अध्ययन गर्ने क्रममा शोधग्रन्थको रुपमा तयार पारेको लेप्चा जातिको विवरण वाहेक अन्य ठोस रुपमा तयार पारेको ग्रन्थ पाउन नसकिएता पनि केही उल्लेख गर्न सकिन्छ । विद्वानहरुको खोजकार्यले लेप्चा जातिको कुन पक्षमा वढी जोड दिएको छ वा प्रकाश पारेको छ र कुन पक्ष ओझेल परेको छ भन्ने कुरा यस साहित्यहरुको पुनरावलोकनबाट थाहा पाउन सकिन्छ ।

वैद्यको “लेप्चा जातीको उत्पत्ती धर्म र धार्मिक विश्वास (२०४६)” नामक लेख इलामबाट प्रकाशित हुने त्रैमासिक पत्रिका अन्तुमा वैद्यले छोटो र सानो अनुन्धानात्मक

लेखमा लेप्चा जातीको वारेमा जानकारी दिने प्रयास गरी गुरुङ मगर, राई, लिम्वु जस्तो देखिने मंगोल नश्लका यी लेप्चा जाति इलामका आदीवासी भएको कुरा उल्लेख गर्नु भएको छ । राणाकालीन समयमा पनि लिम्बू र लेप्चा प्रशासन अलग भएको र लेप्चा जाति कन्काई माई खोला देखि टिस्टासम्मको पहाडी भूभागमा वसेको कुरा उल्लेख गर्नू भएको छ ।

जेफ्री, शान्ती, वैद्य  समेतले सन् २०००मा प्रकाशीत गरेको **The Lapch of Nepal** नामक पुस्तकमा इलाम जिल्ला र त्यस भित्रका विभिन्न स्थानहरुको नाम लाप्चा जातीबाट राखिएको भन्ने पुष्टी भएको छ । लाप्चा जातीको विभिन्न ऐतिहासिक पक्षको जानकारी दिने प्रयास गरिएको छन् । लेप्चा जातिका उत्पत्तीबारे विभिन्न अडकलवाजी वा किम्वदन्तीहरु भएपनि ऐतिहासिक प्रमाण नभेटिएको तर कञ्चनजंघा पर्वतलाई पवित्र सृष्टि थलोमान्दै आएको कुरा उल्लेख गरेको पाइन्छ । लेप्चाहरु स्वर्गर नरकमा विश्वास राख्नुका साथै भूतप्रेतमा विश्वास राख्ने उल्लेख गरेका छन् ।

जि छिरीङको लेख लाप्चे जातीको संक्षिप्त परिचय (१९७१ दार्जिलिङ)मा मृत्यु संस्कार चाडपर्व र आर्थिक पक्षलाई समेत उल्लेख गरेको पाइन्छ । उहाँको लेखमा लेप्चाहरुले आफुलाई रोङ भन्छन यो शब्दको मूल शब्द आरोङ हो जसको अर्थ सर्वोच्च स्थान हो । लाप्चाहरु आफ्नो उत्पत्ती सर्वोच्च टाकुरा कञ्चनजंगाबाट भएको ठान्छन् र कञ्चनजंघाको पूजासमेत गर्ने गरेको उल्लेख गरेका छन् । लाप्चाहरु प्रकृतिको पुजा गर्ने खोला, नाला पर्वत, भूतप्रेतमा विश्वास गर्ने गर्दछन् भनी उल्लेख गरेका छन् । मृत्युहँचा लास कन्चनजंघा तिर फर्काएर लास गाड्ने चलन रहेको  कुरा उल्लेख गर्नुका साथै । पितृ कार्य गर्ने गरेको कुरा समेत उल्लेख गरेको पाइन्छ । यिनीहरुको स्वभाव सरल र छलकपट गर्न नजान्ने कृषि पेशामा आधारित रहेको कुरा उल्लेख गरेको पाइन्छ । विवाह पद्दती खर्चालु भएको सातवटा सम्म विवाह विधिको प्रयोगगरी विवाह गर्ने एउटै थर गोत्रमा विवाह नहुने मागी विवाहको प्रचलन गरेको कुरा समेत उल्लेख गरेको पाइन्छ ।

विष्णु कुमार शर्माले शोध छात्रको हौसियतले आफ्नो शोधग्रन्थमा इलाम जिल्लामा लेप्चा जातीको प्रवेश (२०५०)मा उहाँले लेप्चा जातीको ऐतिहासिक पक्षलाई बढी खोतल्ने प्रयास गर्नु भएको छ । वहाँले सामजिक सांस्कृतिक पक्षलाई समेत उल्लेख गर्नु भएको छ । उहाँले शोधग्रन्थमा लाप्चा शव्दको अर्थ, इलाममा लाप्चाको सामाजिक अवस्था र सामाजिक जीवनमा सिक्कीम संग लुलना गरी ५ भागमा विभाजन गरी शोधग्रन्थ तयार गर्नू भएको  छ । उहाँको शोधग्रन्थमा लाप्चा जातीलाई इलाम जिल्लाका आदिवासी र कन्चनजंघालाई उद्गम स्थल मान्ने कुरामा शर्मा असहमत हुनुहुन्छ । प्राचिन समयमा नेपाल विब्बत संग ब्यापार गर्न जानेहरुको विश्रामस्थलको हुम्ला लाप्चा भञ्ज्याङको वासिन्दा नै लाप्चा हो । शिकारको कममा यिनीहरु तिब्बतबाट कञ्चनजंघाको आसपास हुँदै इलाम आईवसेका हुन् भन्ने शर्माले आफ्नो शोधग्रन्थमा उल्लेख गर्नु भएको छ । लेप्चा जातिलाई नेपालका शेर्पाजाती संग तुलना गरी यिनीहरु पनि बौद्धमार्गी भएको कुरा उहाँको शोधग्रन्थमा उल्लेख गरेका छन् ।

आफ्नो शोधग्रन्थ तयार गर्ने कममा सुनीता कार्कीले (२०५५) “लेप्चा जातीको संस्कृतिमा आएका परिपर्तनहरुको एक अध्ययन” मा लेप्चा जातीको विभिन्न पक्षको अध्ययन गरेको पाइन्छ । लेप्चा जाती कृषि पेशामा आधारित रहेको, शिक्षामा यी जातीका मानिसहरु कमशः लाग्दै गएका भन्ने कुरा उल्लेख पाइन्छ । लेप्चाहरुको गर्भबाट नै जीवन शुरु हुन्छ । गर्भमा रहेको वच्चालाई गलत प्रभाव पार्न हुँदैन  भन्ने कुरालाई विश्वास भएबाट वच्चाको वावुले कुनै पनि पापलाग्ने काम गर्नू हुँदैन खोलामा वल्छीबाट माछा झिक्नु हुँदैन नाङलो, मान्द्रो , गुन्द्री वन्दा विट मार्न हुँदैन घरको गाह्रो लगाउँदा पुरै टुङ्ग्याउनु हुँदैन, घोडाको लगाम नाघन हुँदैन यसरी विपरीत गरे गर्भको वच्चा राम्ररी जन्मन सक्दैन भनी उक्त शोधग्रन्थमा पाइन्छ ।

विवाहको वारेमा उल्लेख गर्दै विवाह पद्दती खर्चालु हुने कुरा उक्त शोधग्रन्थमा पाइन्छ ।

प्रकृतिको पुजा गर्ने, कञ्चनजंघा पुजा, नौलो पुजा न्वागी पुजा, सिलली तङन्वु पुजा गर्ने चलन मृत्यु संकारमा लासलाई खाल्डो खनी गाड्ने चलन रहेको कुरा उक्त शोधगन्थमा पाइन्छ ।

श्री तकनिलमु निमा लेप्चाको लेख लेप्चा जातिको उत्पत्ति नै सृष्टीको एक झल्को (१९६९) नामक लेखमा लेप्चा जातीलाई चिनाउने प्रयास भएको छ । यसलेखमा लेप्चा गीत र नाच को वर्णन गर्दै नाचमा लगाउने पोशाकहरुको समेत उल्लेख भएको पाइन्छ । लेप्चा जातीको गीतमा प्रकृतिको वर्णन गर्ने स्तुति गर्ने किसिमका वोलहरु रहने कुरा उल्लेख गरेको पाइन्छ । यी जाती कृषि पेशामा आधारित रहेको धान, मकै, कोदो फापर उव्जाउने गरेको कुरा उल्लेख छ ।

वीरबहादुर लाप्चा, मानवीर लाप्चा र अनुप राईको लेख "रोङ (लाप्चा) जातिको चिनारी" नामक लेखमा लाप्चाहरु परापूर्वक काललेखि नै प्रकृतिको पूजा गर्ने समुह भएको, तर धार्मिक कार्यमा बौद्ध धर्मगुरु लामाको प्रयोग गर्ने भन्ने कुरा उल्लेख पाइन्छ ।

लाप्चाहरुको स्बभाव भालेमुङ्रो र छेपाराको कथा मा उल्लेख छ उनीहरुको विश्वास अनुसार पृथ्वीमा पठाएको आफूले सृष्टी गरेको मनुस्यको निगरानी गर्न भगवानले भालेमुङ्ग्रो र छेपारोलाई पृथ्वीमा पठाएका हुनु र भालेमुङ्रो र छेपारोलाई तेल वेसार दलेर लाप्चाहरुको वानी वेहोरा र चालचलन वुझ्न पठाएको हँनाले बढी छिल्लीनु हाँस्नु अत्ताउलो हुनु हँदैन भनी उक्त लेखमा उल्लेख गरेका पाइन्छ ।

जन्म संस्कारमा छोरा जन्मे ४ दिनमा र छोरी जन्मे ३ दिनमा सुत्केरी चोख्याई वच्चाको नाम राख्नेचलन सुत्केरी चनोख्याउन्जेल घरको अध्यारो कोठामा राख्नु गर्ने नचोख्याउन्जेल श्रीमान वाहेख अरुले छुन हुँदैन भन्ने कुरा उक्त लेखमा पाइन्छ । नचोख्याइन्जेल विउ विजन छुन नहुने खेतीपाती गर्न नहुने भन्ने कुरा उक्त लेखमा पाइन्छ ।

विवाह एक सामाजिक संस्कार हो । परम्परागत लाप्चा संस्कारमा महिला र पुरुषको विवाहको लागि निश्चित उमेर तोकिएको हँदैन । पहिला जन्ती जाने चलन थिएन ।

विवाह कार्यमा केटा र केटी पक्षमा जिम्मेवारी पूरा गराउन कसम खुवाउने चलन चाँही वढी महत्वका साथ गर्ने कुरा उक्त लेखमा उल्लेख छ । केटीका परिवारले आफ्ना छोरीलाई दु:ख दिएमा केटालाई आकाशमा छ भने खोर्सानीको धुवाँ लगाएर र पातालमा छ भने तातोपानी खन्याएर भए पनि निकाल्ने भनी कसमवाचा गराउछन् भन्ने कुरा उक्त लेखमा पाइन्छ ।

मृत्यु संस्कारमा महिलाको मृत्यु भएमा ७ दिन र पुरुसको भए ९ दिन सम्म जुठो वार्ने चलन रहेको, कसैले मृत शरिरलाई घाटमा लान उपयुक्त समय चाहिने मृतलासलाई जलाउनु गर्दा छोरा ज्वाई र ज्वाई नभएमा कुटुम्वेली नाताका ज्वाईहरुले नै आगो लगाउनु पर्ने मलामी चोख्याउने घेवाको आयोजना एक हप्ता देखि २२ दिन र ४९ दिन भित्रमा कुनै दिन गर्न सकिन्छ भन्ने कुरा उक्त लेखमा पाइन्छ ।

रामबाबु जेष्ठ (२०५२) आफ्नो शोधग्रन्थ तयार गर्ने क्रममा “लेप्चा जातीको ऐतिहासिक एवम् सांस्कृतिक जनजीवन” मा - लेप्चाहरु इलामका १५ वटा गा.वि.स. मा रहेका, लेप्चा जातीका शारीरिक वनोट, भेषभुषा, खानपिन र अतीथि सत्कारको वारेमा उल्लेख गरेको पाइन्छ ।

लेप्चाहरुको सामाजिक संस्कारकावारेमा जस्तैः जन्म, मृत्यु, विवाहको वारेमा उल्लेख गरेको पाइन्छ लाप्चाहरुको न्वारन लामाबाट हुने, चुडाकर्म नगरिने, विवाह पद्दती खर्चालु हुने, मृत्यु संस्कारमा मृतक लासलाई डाँडामा खाल्डो खनी दाहासंस्कार गर्ने कार्य गर्ने कुराको समेत उल्लेख गरेको पाइन्छ ।

लेप्चा जाती शिकार खेल्ने गरेका तर बनजंगल मासिएर गएकोले वन्यजन्तुहरु लोप हुँदै गएको, शिकार खेल्ने स्थान साँगुरिदै गएकाले गरीब हुँदै गएको भन्ने कुरा उल्लेख गरेको पाइन्छ ।

वैद्यको लेप्चा जाति, उत्पत्ति, धर्म र धार्मिक विश्वास (२०६४) नामक लेख इलामबाट प्रकाशित हुने त्रैमासिक पत्रिका अन्तुमा वैद्यले छोटो र सानो अनुसन्धानात्मक लेखमा लेप्चा जातिको बारेमा जानकारी दिने प्रयास गरी गुरुङ्ग, मगर, राई लिम्बू जस्तो

देखिने मंगोल नश्लका यी लेप्चा जाति इलामका आदिवासी भएको कुरा उल्लेख गर्नुभएको छ । राणा कालिन समयमा पनि लिम्बू र लेप्चा प्रशासन अलग अलग भएको र लेप्चा जाति कन्काई माई खोला देखि टिष्टा सम्मको पहाडी भू-भागमा बसेको कुरा उल्लेख गरेको पाइन्छ ।

यसै सर्न्दभमा विद्वान लेखक जेफ्री, शान्ती, वैद्य समेतले सन् २००० मा काठमाण्डौबाट **The Lapcha of Nepal** नामक पुस्तक प्रकाशित गर्नु भएको छ, यो नै सवैभन्दा ठूलो र भरपर्दो लेप्चा जातिको वारेमा लेखेको पुस्तकको रुपमा पाइन्छ, यस पुस्तकमा लेखकहरुबाट इलाम जिल्ला र त्यसभित्रका विभिन्न स्थानहरुको नाम लाप्चा भाषाबाट राखिएको भन्ने पुष्टि गरिएको छ, साथै लाप्चाहरुको विभिन्न ऐतिहासिक पक्षको जानकारी, लाप्चा जातिमा काजी र सुब्बाको अवस्था लेप्चाको धार्मीक पक्षको जानकारीका साथै लाप्चा जातिको समुदायको अवस्थाको चित्रण गरिनुका साथै लेप्चा जातिमा भएको विभिन्न धर र गोत्रको उल्लेख गरि धेरै लेप्चा जातिको सांस्कृतिक पहिचान गराउने प्रयास गरेका पाइन्छ

यस देखी वाहेक युद्धका कलमहरुबाट अन्य वढी जानकारी दिइने प्रयासहरु भएका छन्, वहाँकै अनुसार लेप्चा जातिको उत्पत्तिवारे विभिन्न अडकलवाजी वा किम्वदन्तीहरु भएपनि ऐतिहासीक प्रमाण नभेटिएको तर कञ्चनजंघा पर्वतलाई पवित्र सृष्टी थलो मान्दै आएको कुरा उल्लेख छ । यस्तै लाप्चाहरुको आफ्नै धार्मीक विश्वास र संस्कृति भएको कुरा लेखमा उल्लेख छ । यीनीहरु मध्ये कतिपय अंग्रेजको शासनकालमा ईसाइ धर्मका भक्त रहेपनि, इलामका लेप्चाहरु लामा जस्ता पुरोहितको प्रयोग र वौद्धधर्मको अवलम्वन गरी सकेको तथ्य उल्लेख छ साथै लेप्चाहरु अरु जाति जस्तै स्वर्ग र नरकमा विश्वास राख्नुका साथै भूतप्रेतमा विश्वास गर्ने तथ्य उल्लेख  छ । अतः यस लेखले छोटोमा उनीहरुको पुर्खौली वसाईको थलो र संस्कृतिका वारेमा केही तथ्यहरु दिएर सम्बन्धित सवैलाई जानकारी दिएको छ । लेखकले विभिन्न विद्वान्हरुले लेख र प्रकाशनहरुको समेत अध्ययन गरी आफ्नो राय दिने काम गरेका पाइन्छ ।

माथीका सवै लेखक र अनुसन्धानकर्ताहरुको कृतिहरु पढ्दा एउटै कुरा दोहोरिएको अनुभव हुन्छ र उनीहरु कसैले पनि लेप्चा जातिको सामाजिक संस्थाहरु तीनले लेप्चा जातिको उत्थानका लागि खेलेको भूमीकाका वारेमा समाज शास्त्रीय दृष्टिकोणबाट उल्लेख गरेको पाइदैन र लेप्चा जातिको सामाजिक र सांस्कृतिक पक्षको अध्ययनको वारेमा स्पष्ट समाजशास्त्रीय चश्माले हेर्न आवश्यक देखिन्छ । यसकारण वर्तमान शोधछात्राले लेप्चा जातिको सामाजिक संस्थाहरु र सांस्कृतिक पक्षको एक चिनारी दिने गरि यो शोधग्रन्थ तयार पार्ने जमर्को गरेको छु । विभिन्न जातजातिहरुको आफ्नै परम्परागत मूल्य मान्यताहरु हुन्छन् । त्यसलाई सदा सर्वदा जिवित वनाई राख्न त्यसमा एउटा सामाजिक संस्थाको आवश्यक रहन्छ त्यसै अन्तरगत आफ्ना सामाजिक संस्कारहरु गर्दै आफ्नो मौलिक संस्कृतिहरु वनाई राख्ने गर्दछन् र आफ्नो जातिगत प्रगति र उत्थानका लागि काम गरिरहेका हुन्छन् । यिनै मूल प्रश्नहरुलाई मध्यनजर गर्दै इलाम जिल्लाका लेप्चाहरुको समुदाय मध्ये फिक्कल गा.वि.स. को वा.नं. १ मा पर्ने कजेनी गाउँको सेरोफेरोमा रहेका लेप्चा जाति र यसै स्थानमा रहेको योङथोङ गुम्वाका वारेमा स्पष्ट सूचना संकलन गरि शोध ग्रन्थको रुपमा तयार गर्ने जमर्को गरेको छु । जस्ले एउटा लोप हुन लागेको जाति र तिनीहरुको संस्कृतिको जगेर्ना गर्न ठूलो मद्धत पुग्ने छ भन्ने आशा समिक्षा गर्दछु ।

## २.२ सैद्धान्तिक समिक्षा (**Theoretical Review**)

कुनै पनि समाज पूर्णरुपले स्थिर रहन सक्तैन, हुन सक्छ त्यो परिवर्तनको गति ढिलो या छिटो तर केही न केही परिवर्तन देखिन सक्छ । त्यसैले यो परिवर्तनको बिषयवस्तु सामाजिक विज्ञान (**Social Science**) भित्रको खोज गर्ने क्षेत्र भित्र पर्दछ । फलस्वरुप धेरै दार्शनिक, इतिहासकार, अर्थशास्त्री, समाजशास्त्री र मानवशास्त्री धेरै समय अघि देखि यस बिषयमा लागेका पाइन्छन् । १९ औं शताब्दि पश्चात् कतिपय समाजशास्त्री र मानवशास्त्रीहरुको ध्यान कसरी मानव समाजको विकाश हुँदै आएको छ

र आफ्नो पौराणिक स्थिति **(Primitive State)** बाट विकशित हुँदै आएको छ भन्ने विषयमा पुगेका छन् । **Auguste Comte** (१७९८-१८५७) ले सामाजिक परिवर्तन तीन श्रेणीमा विभाजन गरेका छन् । त्यो हो (क) धर्मकस्तर **(Theological)** (ख) तात्विकस्तर **(Metaphysical)** र (ग) बैज्ञानिकस्तर **(Positivism)** । यसलाई मानव चिन्तन र मानव विकासका अवस्थाहरु पनि भन्न सकिन्छ र वैज्ञानिकस्तरमा पुगे पछि अवलोकन, निरीक्षण जस्ता कुराहरु पर्दछन् । यस्तै अर्का समाजशास्त्री **Herbert Spencer** ( १८२०-१९०३) ले सानव समाजलाई एउटा जिव **(Organism)** सँग तुलना गरेका छन् र एउटा जिव **(Organism)** जसरी विकाश हुँदै जान्छ त्यसरी नै एउटा मानव समाज **(Human Socity)** पनि विकाशित हुँदै जान्छ भन्ने कुरा देखाएका छन् । यसरी **Karl Marx** (१८१८-१८८९) ले भौतिकवादी व्याख्याका आधारमा इतिहासका सवै परिवर्तन उत्पादन प्रणालीमा आएका परिवर्तनबाट हुन्छ भन्ने कुरा देखाएका छन् । त्यस्तै **Emile Durkhiem** (१८५८-१९१७) ले सामाजिक परिवर्तन वारे लेखेका छन् र परिवर्तन यान्त्रिक एकता **(Mechanical Solidarity)** देखि जैविक एकता **(Organic Solidarity)** तर्फ भएको कुरा वताएका छन् । उनले आदिकालिन समाज यान्त्रिक एकतामा **(Mechanical Solidarity)** आधारित थियो तर विस्तारै विस्तारै समाजमा परिवर्तनहरु देखिए पश्चात आधुनिक समाज जैविक एकता **(Organic Solidarity)** मा आधारित भएको कुरा प्रस्तुत गरेका छन् । पहिलेको समाज परम्परा, नैतिक र धर्मद्वारा प्रभावित थियो तर विस्तारै जनसंख्याको चाप, बढ्दो आवश्यकता, अनेक आवश्यकता पूर्तिको लागि श्रम विभाजन र पेशा वा कार्यका बिशिष्टीकरण **(Specialization)** हुन थालेको पाइन्छ । क्रमशः समाज जटिल हुँदै गएको र पर निर्भर एवं पारम्पारिक निर्भरता बढ्दै गएको कुरा उल्लेख छ ।

एउटा मानव समाजमा आउने परिवर्तन परिवर्तनका प्रक्रिया र दिशालाई वर्णन गर्न समाजशास्त्रीय र मानवशास्त्रीय थुप्रै **Terms** प्रयोग भएको पाइन्छ । उदाहरणका लागि भारतका प्रशिद्ध मानवशास्त्री **(Social Anthropologist) M.N. Sriniwas** द्वारा

प्रतिपादित **Concepts** जस्तै **Brahminization, Westernization** र **Sanskritization** लाई दिन सकिन्छ । भारतको सामाजिक संरचनाको अध्ययन संस्कृतिकरण र पश्चिमीकरणको माध्यमबाट गर्नु पर्छ भन्ने धारणा अघिसारे । उनले जातिको अध्ययन गर्दा प्रभुत्वको साथै समझदारी पनि पाइन्छ किनकी ब्रह्मणले संस्कारमा सेवा प्रदान गर्नुका साथै अन्य जातले पनि आ-आफ्नो तरिकाले सेवा प्रदान गर्ने गर्दछन् भन्ने कुरा उल्लेख छ ।

संस्कृतिकरण तल्लो तहको जातिले माथिल्लो जाति ब्राहमण को संस्कृतिलाई ग्रहण गर्ने प्रकियालाई संस्कृतिकरण भनिन्छ । यो प्रकृया केवल एक दुई जना व्याक्तिले नगरि सवै समग्र रुपमा गर्न थाले । यस प्रकृया द्धारा आर्दश नियम मुल्यमा परिवर्तन आएता पनि सामाजिन संरचनामा परिवर्तन आएन यसरी ब्राह्मणहरुको संस्कृति अपनाउने हुदा यसलाई ब्राहमणीकरण भनिन्छ भन्ने कुरा उल्लेख छ ।

पश्चिमीकरण शिक्षा प्रणली यातायात संचार संग पश्चिमी देश विशेष गरी वेलायत संग प्रत्यक्ष सम्पर्क भएकोले गर्दा भारतीयहरुले पश्चिमी संस्कृतिलाई ग्रहण गरेका थिए । आधुनिकीकरणले भारतको परिवर्तन प्रकियालाई व्याख्या गर्न सक्दैन हामीले ग्रहण गरेको आर्दश नियम मुल्य भनेको पश्चिमी संस्कृति हो जुन राम्रो र नराम्रो दुवै हुन सक्छ पश्चिमीकरणले संस्कृतिकरणलाई वाधा गदै अझ झन् झन् सामाजिकिकरण गर्न सहयोग गर्दछ । दक्षिण भारतका कुर्ग **(Coorg)** भन्ने जातिको अध्ययन गर्ने विद्वान प्रो. श्री निवासको संस्कृतिकरणको संद्धान्तिक आधारमा प्रयोग गरी कुनै पनि समाजमा आएको सामाजिक र सांस्कृतिक परिवर्तनबारे अध्ययन गर्न सकिन्छ । साधारण संस्कृतिकरणका परिणाम स्वरुप तल्लो जातिका मानिसहरुले उपल्लो जातिका मानिसहरुमा पाइने गुण र विशेषणहरु ग्रहण गर्दछन् । **(Normally, members of the lower castes, as a result of Sanskritization acquire the qualities and characteristics of the members of the upper castes)**

अतः श्री निवासको संस्कृतिकरण (Sanskritization) भित्र निम्न कुराहरु  पर्दछन्
:

- **Adoption by the lower castes of new values which are said to belong to members of the so-called upper castes.**
- **Expression of these new values the ideals in theological and scholarly literature written in the Sanskrit Language.**
- **Adoption of the way of life of the higher castes.**
- **A rise in the status within the caste hierarchy.**

यसरी माथिल्लो जातिको मूल्य र मान्यताहरु उनीहरुको जीवनशैलीलाई ग्रहण गरि आफूलाई जातिय स्तरीकरण (**Cast hierarchy**) भित्र माथिल्लो स्थितिमा (**status**) लैजने काम जव तल्ला जातिका मानिसहरुबाट हुन्छ भने त्यही नै संस्कृतिकरण (**Sanskritization**) हो ।

कुनै पनि समाजमा रहेको संस्कृतिको आफ्नो मौलिक र विशिष्ट अर्थ रहेको हुन्छ । कुनै पनि संस्कृतिको अर्थको बुझाई फरक-फरक हुन्छ तर तुलनात्मक रुपमा हेर्न हुदैन । संस्कृतिको आफ्नै प्रतिकात्मक अर्थ रहेको हुन्छ । मानव विकास एवं बालीहरुको शुरुवात शब्द एवं संकेतबाट भएको हो भन्ने आधारहरु भेटिन्छन् । आमी आज जुन संस्कृति र सभ्यतामा बाचिरहेका छौ त्यस्को वास्तविक सुरुवात र जग भाषिक शब्द र संकेत नै हो । हाम्रो संस्कृतिको आधार संकेत छ । त्यसैले संस्कृति र संकेत बीच घनिष्ठ सम्बन्ध रहेको छ । मानव व्यवहारहरु निश्चित भाषाको माध्यमबाट मात्र होइन कि संकेतको आधारमा पनि प्रर्दशित हुन्छन् । मानव भावनाको संवेग, सचेतता अनूभूति भाव तथा विचारहरु निश्चित प्रतिकद्वारा सञ्चारीत हुन्छन् । प्रत्येक मानव संस्कृतिमा त्यस्को प्रतीकात्मक अर्थ लुकेको हुन्छ, हिन्दु, बौद्ध धर्मावलम्बीहरुले स्वास्तिक चिन्हलाई शुभ र 'ॐ' ओमलाई त्रिदेवको प्रतिकको रुपमा मानेको हुन्छ त्यस भित्र प्रतिकात्मक अर्थ मात्र होइन फेरी वास्तबमा ति प्रतिक प्रतिक मात्र हुन जान्छ ।

संस्कृति प्रतिकवादका प्रमुख व्याख्याकार **(Clifford Greetz)** कोल्फोड जिर्ग (१९२६-१९८२) ले मानव प्रतिकहरुको जालोमा झुण्डिएको हुन्छ, प्रतिकात्मक जालो मावन आफैले सृजना गरेको हुन्छ, त्यसको प्रयोग आफै गर्छन् र त्यसको अर्थ पनि आफै लगाउछन् भन्ने उल्लेख गरेका छन् । त्यस्तै अर्का प्रतिकवादका समर्थक **Victor Tumer** (१९२०-१९८३) ले प्रतिकलाई दुई ध्रुवमा विभाजन गरेका छन् । जस्तै (१) बैचारिक ध्रुव **(Ideological Pole)** (२) चेतन ध्रुव **(Sensory Pole)** एउटा प्रतिकले दुई विपरित ध्रुवलाई प्रतिनिधित्व गरेको हुन्छ एउटै प्रतिकले असल र खराव दुवैको संकेत गर्दछ । यस्तै अर्को मानवशास्त्री मेरी डोग्लास **(Marry Douglas)** (१९२१ अमेरीका) ले प्रतिक दुई प्रकारको हुने हुन्छ एउटा पवित्र **(Purity)** अर्को अपवित्र **(Impurity),** वली चढाउदा आउने रगत पवित्र हुन्छ महिना वारी हुँदा आउने रगत अपवित्र हुन्छ यी दुवै प्रतिक हुन भनी उल्लेख गरेकीछिन् ।

यही माथी उल्लेखित शैद्धान्तिक आधारहरुको प्रयोग गर्दै वर्तमान शोध विद्यार्थी पनि इलामा जिल्लाको फिक्कल गा.वि.स. वा.नं. १ कजेनीका लेप्चा जातिमा आएको सामाजिक र सांस्कृतिक परिवर्तन बारे अध्ययन गर्ने प्रयास गरिएको छ । यस क्षेत्रका लेप्चाहरु आफूलाई मतवाली जाति भित्र राख्दछन् तापनि माथिल्लो जातिको (बाहुन क्षेत्री) चालचलन, रीति रिवाज र जीवनशैली अर्थात हिन्दु संस्कृतिलाई पनि केही मात्रामा स्वीकार गरेको पाइन्छ । अतः लेप्चा जातिको जीवन संस्कार चाडपर्व र अन्य चालचलन खानपान र जीवनशैलीमा हिन्दु संस्कृतिका कारण आएको परिवर्तन र यसको प्रकृया नै यस अध्ययनको मुख्य बिषयवस्तु भएको छ । यस सिद्धान्तको आधारमा नेपालमा मतवाली जातिहरुको सांस्कृतिक अध्ययन गर्ने निकै चाखलाग्दो देखिन्छ । नेपालका कतिपय मतवाली जातिहरुले आफ्नो जातिय संस्कार छोडेर हिन्दु संस्कृतिलाई ग्रहण गर्दै आएका छन् । उदाहरणका लागि कतिपय गुरुङ्ग मगर, राई, लिम्बू र तामाङ्गहरुले व्रम्हण पुरोहितहरुलाई स्वीकार गरि हिन्दु चाडपर्व मनाउने हिन्दु संस्कार ग्रहण गर्ने चलन छ, यसै भएको वर्तमान सन्दर्भमा प्रो श्री निवासको संस्कृतिकरण सिद्धान्त कति जिवीत एवं

समय सापेक्ष छ भन्ने कुरा यस अध्ययनले प्रष्टयाउँछ । यसै गरी यस शोध पत्रमा लेप्चा संस्कृतिमा गरिने प्रत्येक सामाजिक संस्कृतिक कार्यमा प्रतिकात्मक अर्थ लुकेको पाइन्छ, उनीहरुले स्यमंले आफ्नो अर्थ लगाउने गरेको पाइन्छ, प्रत्येक संस्कृतिक कार्यमा शुद्धता र अशुद्धताको प्रतिकात्मक अर्थ र व्यवहारीक फरक-पन भएको पाइन्छ । लेप्चा जातिले गर्ने गरेका प्रत्येक कार्यमा **Turner** ले व्यख्या गरे झै **Ideological** र **Sensory pole** को प्रतिकात्मक अर्थ रहेको कुरा उनीहरुले आफ्ना सांस्कृतिक चाडहरुमा, गिट्ठा भ्यागुर तथा फलफुलको पूजा गरेर एउटा प्रकृतिको प्रतिकको रुपमा र अर्को आफ्नो पौराणिक आहाराको रुपमा मान्ने गर्ने भएको यहाँ पनि दुई वटा **Ideological Pole** र **Sensory Pole** को रुपमा प्रतिकात्मक अर्थ लागेको पुष्टि हुन्छ । अर्को मानवशास्त्रीको ब्याख्या अनुसारको **Purity** र **Impurity** को प्रतिकको रुपमा विवाह संस्कार **Purity** को प्रतिक र मृत्यु संस्कार **Impurity** को प्रतिकको रुपमा लेप्चा जातिको संस्कृतिमा पनि पाइन्छ यिनै सिद्धान्तको आधारमा उभिएर अध्ययन गर्दा ईलाम जिल्लाका लेप्चाहरुमा पनि उल्लेखित सिद्धान्तहरु जीवित एवं समय सापेक्ष छ भन्ने कुरा यस अध्ययनले  देखाउँछ ।

# अध्याय-तीन

## अनुसन्धान विधि (Research Methods)

### ३.१ शोध प्ररचना (Research Design)

यो शोधाग्रन्थ वा अध्ययनमा वर्णनात्मक र अनुवेषणात्मक शोध प्ररचनामा **Descriptive cum exploratory research designs** आधारित छ ।

लेप्चा जातिका सामाजिक संस्था सास्कृति संस्कार चाडपर्व, तिनीहरुको नातासम्वन्ध रहन सहन चाडपर्व खानपान र अन्य जीवनशैलीका विविध पक्षका क्षेत्रमा अध्ययन पश्चात वर्णनात्मक शैलीमा व्याख्या गरिएको छ, यसका साथै लेप्चा संस्कृतिक विविध पक्षको अध्ययनका साथै सामाजिक संस्थाहरुले लाप्चा जातिमा उत्थानका लागि गरेको प्रयास र यस्मा रहेको कमी-कमजोरीको पहिचान गर्दै अझ सशक्त वनाउन थप उपायहरु (तरीका) हरुको समेत प्रस्तुत गरिएको छ ।

### ३.२. नमूना छनौट (Sampling)

वर्तमान अध्ययन क्षेत्रको नमूना छनौट इलाम जिल्लाको १५ वटा गा.वि.स.मा वस्ने लेप्चा वस्तीहरु नै यस अध्ययनको समग्रता **(Universe)** हो । यस समग्रताबाट वर्तमान खोज कार्यको लागि एउटा लेप्चा वस्ती भएको गा.वि.स. मध्ये फिक्कल गा.वि.स. १ को कजेनी वस्ती रहेको छ । यस गा.वि.स. भित्रका लेप्चाहरु मध्ये कजेनी नै नमूनाको रुपमा लिनुमा यहा एउटा लेप्चाको सवैभन्दा पूरानो “गुम्वा” रहेको छ । यस्का साथै हालसम्म यहाका लाप्चाहरुको वारेमा कुनै पक्षको खोज अनुसन्धान भएको पाइदैन ।

यो स्थानमा वस्ने लाप्चाहरु मध्ये मुख्य धार्मिक गुरु तथा मुल लामा पनि यही वस्तीमा वस्ने भएकोले वडी जानकारी पाइने आशाबाट छनौट गरिएको छ ।

– यहाँ वस्ने लाप्चाहरु अलिवढी पूजाआजा गर्ने धरै मानेहरु पनि घर नजिक वनाएर वस्ने र गुम्वामा पूजागर्ने भएकाले वडी सांस्कृतिक रुपमा जानकारी पाउने आशाले छनौट गरिएको छ।

– यस नमूना छनौट गरिएको स्थान इलाम जिल्ला फिक्कल गा.वि.स. वा.नं. १ मा सामान्य यातायातका साधन लिएर वारम्वार जान सकिने र आवश्यक सूचना संकलन गर्न सजिलो र कम खर्चिलो समेत हुने भएकोले छनौट गरिएको छ।

– यस अध्ययनका लागि चाहिने सूचनाहरु संकलन गर्ने सर्न्दभमा उत्तरदाताहरु **(respondents)** छान्ने काम भएको छ । समूहगत छलफलका लागि चाहिने उत्तरदाताहरु लेप्चा महिला र पुरुषहरु मध्येबाट उध्येश्यात्मक नमूना छनौटको आधारमा छान्नेकाम भएको छ। यस शोध ग्रन्थ निर्माणको सर्न्दभमा लेप्चा जातिका वारेमा जानकारी राख्ने विद्धानवर्ग, समाजसेवी तथा समाजिक संस्थाका पदाधिकारीहरुलाई मुख्य सूचनाको श्रोतको रुपमा सहयोग दिइएको छ।

३.३ सूचनाको श्रोत र प्रकृति **(Nature and Sources of Data)**

वर्तमान अध्ययन दुई किसीमबाट सूचनाहरु प्रयोग गरिएका छन् । प्राथमिक सूचना **(Primary data)** क्षेत्र वस्ने जनजाति विशेषः लाप्चा जातिबाट संकलन गरेर र द्बितिय सूचना **(Secondary data)** विभिन्न संस्थाहरुले संकलन गरेको तथ्याङ्क साथै विभिन्न विद्वानहरुले लेखेका पुस्तक र लेखहरुबाट संकलन गर्ने काम भएको छ।

३.४ तथ्य संकलन विधि **(Data Collection of Technique)**

यो शोधकार्य केही उद्देश्यहरु प्राप्त गर्ने दृष्टिकोणले सूचना तथा तथ्याङ्कहरु संकलन गरिएका छन् । केही निश्चित तथा तथ्याङ्कहरु संकलन गरिएका छन् । केही निश्चित उद्देश्यहरु प्राप्त गर्न केही तथ्याङ्कहरु संकलन गर्नुपर्ने हुन्छ र यस्का लागि केही निश्चित विधि विधानहरु हुन्छन् र ति विधि विधानहरु अपनाई लेप्चा जातिको सामाजिक तथा सांस्कृतिक पक्षको पहिचान गर्ने उद्देश्यले सूचना संकलन गरिएको छ। टेवुलहरु

वनाई प्रतिशतका आधारमा अध्ययनका निष्कर्षहरु प्रस्तुत गरिएका  छैनन् । यस कारणले उल्लेख नै गर्नु निम्न तथ्य संकलन विधि अपनाइ शोधकार्य संचालन गरिएको छ ।

### ३.४.१ प्रश्नावली (Questionaire)

प्राथमिक तथ्यहरु समाजशात्रिय/मानवशास्त्रीय शोधकार्यमा ज्यादै महत्वपूर्ण हुन्छ किन भने प्राथमिक तथ्यहरु क्षेत्र अध्ययन गरि प्रत्यक्ष सरोकारवालासँग भेटी छलफल अन्तरक्रिया गरि वा प्रत्यक्ष अवलोकन गरेर सूचना संकलन गरिने भएकोले वढी विश्वासीलो भरपर्दो हुनजान्छ । वर्तमान शोध विद्यार्थी छनौट गरिएको लेप्चा जातिको वसोवास गरेको उक्त वस्ती शोध विद्यार्थीको गा.वि.स. बाट नजिकै अथवा निजसँग धेरै वर्ष अघिदेखि सम्पर्कमा रहेको लेप्चा वस्ती भएकोले तथ्यहरु संकलन गर्न सूचना लिन ज्यादै सजिलो र भरपर्दो भएकोले प्राथमिक तथ्याङ्कहरु वढी समावेश भएको छ । यस अध्ययनमा अवलोकन, भेटघाट, समूहगत छलफल, अन्तरक्रिया, चाडपर्वमा समावेश भएर गुम्वामा पूजाआजामा सगै वसेर तथा अन्य जानकार व्यक्तिहरुबाट अन्तरवार्ताको रुपमा प्रयोग गरिएको छ । साथै जानकार व्यक्तिहरुसँग व्यवस्थित प्रश्नावलीहरुको प्रयोग गरी सूचना संकलन गरीएको छ ।

### ३.४.२ अवलोकन (Observation)

सहभागी अवलोकन तथ्य संकलन गर्ने प्रभावकारी विधि हो र यस्मा एउटा शोधकर्ता अध्ययन गरिने जाति समूहको चालचलन, खानपान चाडपर्व जस्ता अन्य पक्षको अवलोकन गर्दछ र आवश्यक सूचना संकलन गर्दछ । यो शोध विद्यार्थीले पनि आफ्नो डायरीमा विभिन्न शिर्षकहरु तयार गरि उक्त शिर्षक अनुसारको रुजुसूची तयार गरि एउटा लेप्चा गाउँको वा परिवारको अवलोकन गरि रेजा लगाउने काम गरियो र कुनै उल्लेख गर्न लायकको पक्ष रहेछ भने अत्यन्तै सतर्कताका साथ सूची तयार गरि उल्लेख समेत गरियो यस्का साथै लेप्चा जातिको अति गोप्य केही पक्षको समेत अध्ययन

गर्नुपर्ने रहेछ भने त्यस्मा अति गोप्यनीयताको समेत व्यवस्था गरियो । कति तथ्यहरु लिन रुजू सूची मात्र पर्याप्त नभएकोले उनीहरुको (लेप्चा) चाडपर्वमा आवश्यक भए आफै सहभागी भएर, गुम्बामा पूजाआजामा समेत समावेश भएर अवलोकन गरिनुका साथै लेप्चाहरुका केही सामाजिक संस्कार र चाडपर्वमा कहिलेकाही सहभागी भई सहभागी अवलोकन कर्ताको भूमिका निर्वाह गरि सूचना संकलन गरियो ।

### ३.४.३ लक्षित समूहसँगको छलफल **(Focus Group Discusstion)**

खोज तथा अनुसन्धानमा सवैभन्दा राम्रो पक्ष भनेको प्रत्यक्ष भेटघाट नै सही र तथ्य सूचना लिने माध्यमलाई लिन सकिन्छ । यसै सन्र्दभमा यस वर्तमान शोधग्रन्थमा पनि लाप्चा जातिको यो कजेनी वस्तीमा गई शोध विद्यार्थीको हैसियतले लाप्चाका मुख्य लामा, लाप्चाका वारेमा जान्ने व्यक्ति, लाप्चा गाउँका वुढापाका व्यक्ति समाजसेवी राजनीतिक कार्यकर्ता आदि संग प्रश्नावली अन्तरवार्ता वा सामुहीक छलफलका माध्यमबाट तथ्याङ्क संकलन , प्रत्यक्ष भेटघाट गरी धेरै भन्दा धेरै लाप्चा जातिको धार्मिक र सांस्कृतिक पक्षको सूचना संकलन गरिएको छ ।

– लाप्चा जातिको सामाजिक संस्थाहरुको सूचना संकलन गर्न केही प्रश्नहरु तयार गरि लाप्चा उत्थान मञ्चको अध्यक्ष श्री रण व. लाप्चासँग सूचना संकलन गरिएको थियो यस्का साथै जन्म, मृत्यु र विवाह पद्धतिका संस्कृति सम्बन्धमा श्री छत्र व. लाप्चा सँग प्रत्यक्ष छलफल र अन्तरर्वाताबाट सूचना संकलन गरिएको छ ।

यसरी प्रत्यक्ष सूचना संकलनबाट वर्तमान शोधग्रन्थ वढी विश्वसनिय र भरपर्दो हुने कुरा वर्तमान शोधकर्ता विश्वास गर्दछ ।

### ३.४.४.स्थलगत कार्य **(Field work)**

अध्ययनको अर्को महत्वपूर्ण पक्ष भनेको स्थलगत कार्य वा जुन ठाउँमा गएर अध्ययन गर्नुपर्ने हो त्यसै स्थानमा गई त्यहाँ रहेका हरेक सामाजिक सांस्कृति पक्षको प्रत्यक्ष वा अप्रत्यक्ष अवलोकन गर्नु हो । यसबाट मात्र तथ्यको नजिक पुग्ने र

अनुसन्धानको विश्वसनियता हुन जान्छ । यसै कुरालई मध्यनजर राखी कजेनीका लेप्चा वस्तीमा गई त्यहाँ रहेका धार्मिक गुम्बा मानेहरु तथा लेप्चा जातिको घर परिवार घरका बनोट तथा समग्र पक्षको अध्ययन गरीयो र आवश्यक उल्लेख गर्न लायक विषयवस्तुहरु यो सोधपत्रमा उल्लेख गरिएको छ ।

### ३.५. तथ्य विश्लेषणको प्रकृति (Nature of Data Analysis)

यस अध्ययनमा लेप्चा जातिको सामाजिक तथा संस्कृति अवस्थावारे जे जति तथ्य संकलन भएको छ त्यो संस्कृतिवारे जे जति तथ्य संकलन भएको छ त्यो प्रत्यक्ष अवलोकन, भेटघाट सामुहिक छलफल, सामाजिक कार्यकर्ता सरोकारवाला र जानकार सूचनादाताहरुबाट संकलित सूचना भएकोले यसमा वढी गुणात्मकता पाइन्छ । यसमा परिमाणात्मकतालाई भन्दा गुणात्मक पक्षलाई वढी प्राथमिकता दिइएको छ । गुणात्मक तथ्यहरु अवलोकन र छलफलबाट प्राप्त गरे पश्चात जानकार सूचनादाताहरुको सहयोगले त्यस्को विश्वसनीयता माथी जाँच गर्ने काम भएकोमा तथ्यसँग नजीक रहेकाले सूचनाहरु वढी विस्वसनीय भएको ठहर गरियो सोही बमोजिम प्रतिवेदन लेखनमा उल्लेख गरियो ।

### ३.५.१ जानकार सूचनादाताहरु (Key informants)

आफूले समुहगत छलफल तथा अन्य श्रोतबाट पाएका सूचनाहरु कति भरपर्दा **(Relible)** छन्, कति सत्य छन् र कतै नचाहिदा सूचनाहरु त भएका छैनन् भन्ने कुराको परीक्षण गर्न र थप सूचनाहरु छुटफुट भएका सूचनाहरु पाउने उद्देश्यले लेप्चाहरुको गहिरो ज्ञान **(Indepth knowledge)** राख्ने र लेप्चाहरुका वारेमा कलम चलाई सक्नु भएका बिद्धानहरु र समाजसेवी शिक्षकहरुलाई जानकार सूचनादाता बनाइएको थियो । यो शोध विद्यार्थीले अवलोकनमा पाएका सूचनाहरुवारे पनि आफू स्पष्ट हुनका लागि पनि छलफलका लागी राखिएको थियो । लेप्चाको उत्पत्ति, बसाई सराई र संस्कृति पक्षमा आएका परिवर्तनहरु र परिवर्तनका कारकतत्वहरु माथी समेत अन्तरवार्ता लिनेकाम

भएको थियो । वहाँहरुसँगको अन्तरवार्त वढी प्राज्ञिक र ज्ञानवर्दक भएकाले प्रतिवेदन लेखन कार्यमा प्रशस्त सघाउ पुग्ने अनुमान थियो त्यो सत्य सावित भएको छ ।

# अध्याय-चार

## अध्ययन क्षेत्र र जनजातीय विवरण

## (The study Area and the ethnographic details)

### ४.१ अध्ययन क्षेत्रको भूगोल (Geographical condition of study area)

नेपालको पूर्वाञ्चल विकासक्षेत्रको पनि पूर्वको सिमानामा रहेको एक पहाडी जिल्लाको नाम हो इलाम जिल्ला । यो महाभारत श्रृखलाको दक्षिणी भागमा पर्दछ । यस जिल्लाको भू-भाग लाई अग्ला होचा, डाँडाकाडा, सानाठूला वन जंगल र पहाडी साना-साना नदीनालाहरुले घेरेर रहेको छ । यो जिल्ला प्राकृतिक रुपमा ज्यादै सुन्दर जिल्ला हो । यसलाई “पूर्वको स्वर्ग” पहाडकी रानी, “हरियो सुन” **'Green gold'** भएको ठाँउ भनि पुकारिने गरिन्छ । अझ यसलाई ११ अ. को नामले समेत चिनिन्छ ११ अ. भन्नाले, (१) अलैची (२) अम्लिसो (३) अदुवा (४) ओलन (५) अर्थोडक्स चिया (६) अकवरे खोर्सानी (७) अतिथि सत्कार (८) अर्किट फूल (९) अन्तुडाडा (१०)

जस्ता उपनामले पनि चिनिन्छ । यो जिल प्राकृतिक रुपमा अति सुन्दर पनि छ, यहाँ देशी तथा विदेशी पर्यटकहरु धेरै मात्रामा आउने गर्दछन् । यस जिल्ला भित्र सडकको अवस्था अन्य पहाडी जिल्ला भन्दा राम्रो अवस्थाको छ, यहाँ मुख्य गरेर झापा देखि पहाड ताप्लेजुङ्गसम्मको मेची राजमार्ग रहेको छ । यस जिल्लाको सिमाना पूर्वमा भारतको दार्जिलिङ्ग, पश्चिममा मोरङ्ग र धनकुटा उत्तरमा पाँचथर र दक्षिणमा झापा जिल्लासँग जोडिएको छ । २६°४०' देखि २७°८' उत्तरी अक्षांश र ८७°४०' देखि ८८°१०' पूर्व देशान्तरसम्म फैलिएको इलामको क्षेत्रफल १,७०३ वर्ग कि.मि. रहेको इलाम जिल्ला नेपालको मानचित्रमा झण्डै चारकुने देखिन्छ ।

जिल्लाको पूर्वमा श्रीअन्तु, कन्याम, करफोक (पंचकन्या) जस्ता अति सुन्दर पहाडी श्रृखलाहरु पर्दछन् । उत्तरी क्षेत्रमा सन्दकपूर, छिन्टापुर, तुम्लिङ, जौवारी जस्ता अग्ला-अग्ला पहाडहरु छन् भने पश्चिमी क्षेत्रमा सिद्धीथुम्का, जितपूर, शान्तिपुर जस्ता डाडाहरु पर्दछन् । जिल्लाको दक्षिणी भागमा केही भित्री मदेश, वेशी र खोंचहरु छन् र वाँकी भू-

भागमा सुगम र सरस पहाडहरु रहेका छन् । यो जिल्ला समुद्र सतहबाट ६०० मिटरदेखी ३७०० मिटरसम्मको उचाईमा रहेको छ । प्रशासनिक रुपमा ३ वटा निर्वाचन क्षेत्र, एक इलाम नगरपालिका र ४८ वटा गा.वि.स. हरु रहेका छन् ।

### ४.२ अध्ययन क्षेत्रको इतिहास (Historical condition of study area)

इलाम जिल्लाको इतिहासलाई केलाएर हेर्दा सर्वप्रथम यसको नाम इलाम नै कसरी रहन गएको भन्ने वारे केलाएर हेर्नु सान्दर्भिक ठर्हदछ । यही क्रमलाई हेर्दा यो पहाडी जिल्लाको नाम अनेक प्रकारबाट रहेको देखिन्छ । तर यस जिल्लालाई परिचित गराउन सवै पक्षका प्रमाणिक अभिलेख, ऐतिहासिक प्रमाण त केही पनि भेटिएका छैनन् तापनि विभिन्न पौराणिक कथाहरु, जनकृति, विभिन्न किंवदन्तीहरुलाई मान्यता दिए अनुसार किवदन्तीमा पाइने तथ्यकुरा र तर्क यस भौगोलिक स्थानको नामसँग सम्बन्ध राख्दछ जुन कुरा पाठक समक्ष आफ्नो सोचाई स्वतन्त्र रुपले खोल्न मिलेको छ ।

इलामको इतिहासलाई फर्केर हेर्दा नेपाल एकीकरण गर्नु भन्दा अगाडि इलामलाई लिम्बूवानको भू-भाग भित्र पर्दथ्यो । लिम्बूभाषामा “इला” भनेको घुमाउरो ठाउँ वा बाटो भन्ने वुझिन्छ, यही “इला” बाट इलाम हुन पुगेको पनि भन्नसकिन्छ इलाम एउटा पहाडी जिल्ला हुनका साथै यहाको पहाडहरु गोलो गोलो वा चन्द्राकार शैलीमा घुमाउरो तरीकाका पहाडी श्रृंखलाहरु रहेका छन् । अथवा एउटा पहाडको डाडो र अर्को पहाडको डाडो वारीपारि देखिएता पनि त्यो एउटै डाडोबाट डाडै-डाडै घुमाउरो बाटो गरि हिडिरहेमा अर्को डाडाको चुचुरोमा पुग्न सकिने भएकोले घुमाउरो बाटो धेरै भएकोले पनि लिम्बू भाषाको “इला” बाट इलाम हुन पुगेका भनि उल्लेखित गर्न सकिन्छ ।

लिम्बू भाषामा इलामलाई घुमाउरो भन्नुको अर्थले पनि यस तथ्यलाई नकार्न ऐतिहासिक प्रमाण केही पाइएको छैन । त्यस्तै इलाम भनेको पर्सियानहरुको जन्मभूमीको नाम हो र लडाइमा हारी भागेर आउँदा यहाँ वस्ती वसेको थियो । आफ्नो पुरानो इलामको सम्झनामा यस वस्तीको नाम “इलाम” राखि आफूलाई “इलाम्मू” भन्दथे जसको अर्थ इलामवासी हुन्छ । लिम्बूहरुले यिनीहरुलाई “इमी” भन्दथे (चेम्जोङ

इमानसिङ २०२६) यस्को तथ्य स्वीकार्ने प्रमाण इतिहासबाट पाइएको छैन । किन कि वहाले पर्सियानहरु कुन जातिसंग लडाई गरेर भागेर आए, कसरी पूर्वतर्फ लाग्न सके पश्चिम इलाममा तिनीहरुको पूर्खा को हुन् यसवारे कुनै संकेत नहुनु एउटा खोजीको विषय बन्न पुगेको छ ।

यस भूभागको नाम इलाम रहनमा पौराणिक कथा अनुसार यस्लाई चम्पाकारञ्य पवित्र जंगलको रुपमा लिइन्छ । यहाँ अति सुन्दर वन भएको र हिमाल कैलाश पर्वतको काखमा रहेकोले कैलाश पर्बतमा भगवान शिव पार्वति सहित शिकार खेल्न झरेको र यहा शिव पावर्तीको क्रियास्थल पनि भएकोले त्यस जंगलमा अन्य कोही गएमा भगवनलाई अवरोध हुने भएकाले यस जंगलमा जो शिकार जान्छ उस्को लिङ्ग परिवर्तन होस् भनि श्राप दिएको र यसै क्रममा एकदिन राजा सुद्धिम्न शिकार खेल्दै त्यहाँ पुगेपछि उसको लिङ्ग परिवर्तन भयो । पुलिंगबाट स्त्रीलिङ्गमा परिवर्तन भएकोले उनको नाम "इला" राखियो । यसै नामबाट यस क्षेत्रको नाम इलाम रहन गएको हो ।

लेप्चा भाषा र जातिको इतिहास खोजीगर्ने हो भने प्राचिन मनवको उत्पत्ति सँगै कञ्चनजंघादेखि ओलाङचुङ गोलाको हिमाली भेगमा करीव ५ हजार वर्ष अगाडि देखि लेप्चा जाति वसोवास गर्दै आएको प्रमाणित हुन्छ । जातिका केही सामाग्रीको आधारमा यस्तै मिल्दा जुल्दा प्रमाणहरु फेला पारेका हुन् (भट्टराई २०५५) ।

लेप्चा भाषामा यसको नाम इमोल थियो (बैध २०४६) इमोलको अर्थ पुत्का उडेको स्थान हो । एकीकरण अभियान तर्फ लाग्दा यस स्थानको नाम अज्ञात देखिन्छ ( **Jeferey Shantri juddha 2000**) केवल कनकाई मेची, टिस्टा नदी भन्नु सिवाय अन्य भौगोलिक नाम इतिहासले भन्दैन । श्री ३ वीर सम्शेर तथा श्री ३ चन्द्रशम्शेर ज.व.रा.बाट लाप्चाहरुलाई इलामी तुल्याउन परेकोले ती इलामीको वस्तीस्थानबाट पछि इलाम भएको दृष्टिकोणबाट बुढापाकाको भनाईमा भेटिन्छ । यसरी आर्थिक व्यवसायबाट "इलाम" इलमीको नयाँ वस्तीको नाम रहन गएको नयाँ दृष्टिकोणमा पनि शंकागर्न सकिदैन यी सवै परिभाषा इलामको केही अर्थ मिलेपनि केवल लाप्चा जातिको भाषा गत

अर्थ मिसाउदा उपयुक्त हुने देखिन्छ । किनकि यस इलाम भित्र धेरै जसो स्थानको नाम पनि लाप्चा भाषाबाट नै नामंकरण भएको कुरा प्रष्ट उल्लेख गर्न सकिन्छ ।

### ४.३.१ जातजाति तथा रहनसहन

यस जिल्लामा व्राम्हण, क्षेत्री, राई, लिम्बू, तामाङ्ग, मगर, गुरुङ्ग, शेर्पा, हेल्मू, भोटे, लाप्चा, कामी, दमाई, सार्की, नेवार र मारवाडीहरुको पनि वसोवास रहेको पाइन्छ । यस जिल्ला जातिगत वसोवासको किसिमले हेर्दा सवैभन्दा वढी राई  वसोवास गरेको पाइन्छ । राई लिम्बू जाति जिल्लाको प्रायः गा.वि.स.मा छरिएर रहेको पाइन्छ । जिल्ला ठूलो संख्यामा राई, लिम्बू, व्राम्हण, क्षेत्री, तामाङ्गहरुको वसोवास रहेको पाइन्छ विशेषतः मगर, गुरुङ्ग, शेर्पा आदि मंगोल सम्प्रदायका जातिहरु पनि ठूलै संख्याको रुपमा वसोवास गरेको पाइन्छ । यस जिल्लामा नेवार र माडवारी भने व्यापार गर्नका लागि यस जिल्लाका सवै साना-ठूला बजारहरुमा छरिएर रहेका छन् । यस जिल्लामा अल्प संखयकको जातिको रुपमा रहेको हेल्मू, भोटे, लाप्चे आदि जस्ता मंगोल नश्लका जातिहरुले पनि आफ्नो जातिय भाषा नै घर व्यवहारमा वोल्ने गरेको पाइन्छ । यी जातिका सवैजसो मानिसहरुले आफ्नो मातृभाषा वोलेको पाइन्छ भने तामाङ्ग, मगर र गुरुङ्गहरुको भने आफ्नो जातिय भाषा थोरैले मात्र वोल्ने र बुझ्ने गरेको पाइन्छ । परिवारमा मात्र सिमित रुपमा वोलिने यी भाषाहरुको प्रयोग हालका नवपिढीले नगर्ने हुदा प्रायः ति मातृभाषाहरु लोप हुने स्थितिमा पुगेका छन् । इलाममा वोलिने नेपाली भाषा र पश्चिम नेपालमा वा इलाम देखि अन्य जिल्लामा वोलिने भाषाको लवज फरक पाइन्छ । यहाँ विशेष गरि दार्जिलिङ्गतिर बोलिने नेपाली भाषाको वढी प्रभाव परेको थोरै अंग्रेजी शब्दहरु मिसाएर वोलिने भएकोले अलि फरक प्रभाव परेको देखिन्छ ।

यस जिल्लामा मुख्य गरेर हिन्दु र बौद्ध धर्मावलम्वीहरु छन् । तर छिटफुट रुपमा मुसलमान र ईशाई धर्मावलम्बीहरु समेत रहेको पाइन्छ । तर पनि धार्मिक सहिष्णुता र एक अर्काको धर्म, धार्मिक स्थल, चाडपर्व, पूजाआजा, जात्रामेला जस्ता साँस्कृतिक कार्यक्रमहरुमा सम्लग्न हुन सम्मान गर्ने परम्परा रहदै आएको छ । हिन्दुको पवित्र स्थल

र देवालयहरुमा पाथीभरा, (कोल्वुङ्ग, गजुरमुखी, माइपोखरी, पन्चकन्यादेवी, माईस्थान, सिंहवाहिनी, सेतीदेवी आदि उल्लेखनिय छन् भने वौद्ध गुम्बाहरुमा चित्रेगुम्वा, बोद्धधाम गुम्वा, यङथङ गुम्वा कजनी, फेन्सोङ गुम्वा फिक्कल, तम्वोतागेलिड गुम्वा, समालवुङ्ग गुम्वा आदि प्रमुख मानिन्छन् । यस वाहेक अन्य साना साना आफ्ना गाउँ समुदाय विच वनेका देवीस्थानहरु मठ मन्दिरहरुमा सवै जात जातिहरु मिलेर उत्तीकै सम्मान र आस्थाका साथ पूजा आरधना गर्ने परम्परा पनि यस जिल्लाको विशेषता भने पनि हुन्छ ।

यहाँका मानिसहरुको मुख्य पेशा कृषि नै हो । अहिले आएर यहाँ मुख्य कृषि पेशामा चिया खेतीलाई लिन सकिन्छ यस जिल्ला भित्र साना-ठूला गरी १० वटा चिया कारखानाहरु समेत रहेका छन् । यस जिल्ला खेती गर्दै आएका छन् र जीवनको पहिलो आधार खेतीकै रुपमा यो नगदेवाली भएको छ । यही चिया खेतीकै कारण यहाँका मानिसहरुको जीवन स्तर उच्च हुन गएको पाइन्छ । यहाँ चिया खेती देखि वाहेक, मकै, गहुँ, धान, कोदो, तोरी, आलु, अदुवा, कुचो (अम्लिसो) अकवरे खुर्सानी, जस्ता खाद्यान्न तथा नगदेवालीको खेतीगर्ने गर्छन् । यसका साथै यस जिल्लाको केही भागमा गाई पालन वा दुध, रेशम किरा पालन पनि गर्ने गरिन्छ, यसरी स्पष्ट सँग भन्न सकिन्छ कि यस जिल्ला कृषि प्रणालीमा केही आधुनिकता अपनाई नगदेवालीमा जोड दिएको पाइन्छ । यहा लगाईएका नगदेवाली भने प्रायः तेश्रो मुलुकसम्म जाने भएकोले राम्रै नगद कमाउन भएबाट यहाको आर्थीक जिवनस्तर नेपालका अन्य जिल्लाको तुलनामा उच्च रहेको देखिन्छ ।

### ४.३.२ हावापानी र प्राकृतिक वनस्पति

यस जिल्ला भित्र विभिन्न प्रकारका हावापानी पाइन्छ । यो जिल्ला विविध भौगोलिक वनावटले सजिएको कारणले नै सवै प्रकारको हावापानी रहेको छ । यो उत्तरतिर धेरै अग्लो पहाडी श्रृखला जौ वारी चित्रे, वन्दुके, सन्दकपुर जस्ता हिंउ पर्ने इलाका छन् भने दानावारी, चूलाचुली, महमाई बदमटार, मंगलटार जस्ता तराईसँग जोडिएका भित्री मधेशहरु पनि पर्ने भएकोले हावापानीमा पनि विविधता रहेको पाइन्छ ।

पहाडी भाग तर्फ समशीतोष्ण र वेंशीभाग तिर उष्ण मनसुनी हावापानी रहेको छ । यस जिल्लाको भौगोलिक वनोटको कारण अन्यत्र भन्दा पूर्व उत्तर क्षेत्रमा वढी वर्षा हुन्छ । यस जिल्लाको विभिन्न वर्षको अभिलेख अनुसार अधिकतम ३१$^{\circ}$ डिग्री देखि ०$^{\circ}$ डिग्री सम्मको तापक्रम रहेको पाइन्छ ।

यस जिल्लाको हावापानी स्वस्थकर छ । यहाँको धेरै स्थानमा नत धेरै जाडो नत धेरै गर्मी हुने हुन्छ यो जिल्ला समुद्र सतहदेखि १२,००० वाह्र हजार फिटसम्मको उचाईमा उठेका इलाम जिल्लाको भू-भागमा विभिन्न किसिमका प्राकृतिक सम्पदाहरु रहेको पाइन्छ । मध्यम तापक्रम र ओसीलो जमीन भई रहने भएकोले धेरै सल्लाका वोटहरु अथवा सदावहार रुखहरु पनि हुने गर्छ ।

यस जिल्लामा मुख्य ५ वटा नदीहरु छन् । जिल्लाको सवैभन्दा ठूलो नदी माईखोला (कन्काई) हो । त्यस्तै जोगमाई, देउमाई, पूवामाई, मेची खोला हुन् यस्का साथै अन्य सानातिना खोलाहरुमा सिद्धीखोला, मयूम खोला, विरीङ खोला, फेवा, लेवा, रतुवा, मावा, गरुवा, सुनमाई, गिताङ, फाकफोक इङला, लोदिया, गट्टे आदि खोलाहरु पर्दछन् । यस्तै ७५० मीं लम्बाईको माई पोखरी, अन्तु पोखरी तथा अन्य छहरा छाँगा, झरनाहरु जस्तै टोड्के, सोयाङ, छागें, सिमले, वेतिनी, फाकफोक आदि पर्दछन् । यसरी हेर्दा यो जिल्ला प्राकृतिक सम्पदाको धनी जिल्लाको रुपमा रहेका कुरा भन्न सकिन्छ ।

### ४.३.३ अध्ययन क्षेत्रको मानिसको जनजीवन

यस अध्ययन क्षेत्रको जिल्ला इलामको मानिसहरुको बसोवासको हिसावले जिल्लाको उत्तरी भागमा वडी मात्रामा मंगोल सम्प्रदायका मानिसहरुको वसोवास रहेको पाइन्छ । यस्मा विशेषतः राई, लिम्बू, गुरुङ्ग आदि जातिको वहुल्यता पाइन्छ, भएता पनि सवैजात व्राम्हण, क्षेत्री, मगर, कामी, दमाई, सार्की तथा शेर्पा भोटे समेतको समीश्रणको रुपमा मिश्रीत रुपमा वसोवासको अवस्था रहेको छ । इलाम जिल्लाका आदिवासी लिम्बू र लाप्चा हुन् तापनि आज यस जिल्लामा अरु जातिको वाहुल्यता रहेको देखिन्छ । यस जिल्लामा सवैभन्दा वढी जनसंख्या राई जातिको रहेको छ ।

लिम्बू जातिहरु विशेष गरि इभाङ, जमुना, एकतप्पा सोयाङ आदि पुवामाईको पश्चिमी क्षेत्रमा धेरै संख्यामा वसोवास गरेको पाइन्छ । यसरी उत्तरी भेग जाडो हुने तथा हिऊ पर्ने स्थानहरु तिर शेर्पा, भोटे जातिहरुको वसोवास रहेको पाइन्छ । माइमजुवा, मावु तिर भने धेरै गूरङ्गहरुको वस्ति रहेको पाइन्छ । यसै गरि यस जिल्लाको माईपूर्व रहेका १५ वटा गा.वि.स.हरुमा थोरै संख्यामा भएपनि लेप्चा जातिहरुको समेत वसोवास रहेको पाइन्छ । यसै १५ वटा गा.वि.स. मध्येमा ३ वटा लेप्चा गुम्बाहरुको रहेको पाइन्छ साथै लेप्चा जातिको सामाजिक सांस्कृतिक रुपमा उत्थानको लागि एउटा लाप्चा उत्थान मञ्च (रोङ से. जुङ ठिही) को केन्द्रिय कार्यालय समेत फिक्कल गा.वि.स.मा रहेको पाइन्छ । यसै गरि यस जिल्ला भित्र विभिन्न जनजातिको उत्थान र विकासका लागि विभिन्न धार्मिक सामाजिक संस्थाहरु रहेका छन् जस्तै किरात राईहरुको थाक्थुङ चुम्लुङ, तामाङ्गको धेदुङ संघ मगरको मगरसंघ जस्ता जातिय संघ संस्थाहरु रहेको पाइन्छ । सवैको आ-आफ्नै जातिय संघ संस्था रहेता पनि एक अर्कामा अत्यन्तै राम्रो सामाजिक सद्भाव रहेको पाइन्छ । सवैले सवैको सामाजिक सांस्कृतिक संस्कारगत कार्यहरुमा उत्तिकै सहयोग सद्भाव र सत्कार गर्ने गरेको छ ।

यहाँका जनजातिहरुले हिन्दु, वौद्ध र किराँत सांस्कृति अपनाएका छन् । जनजाति विशेषले आ-आफ्नै विशेष भाषा र सस्कृतिलाई संरक्षण गर्दै आएका छन् तापनि धार्मिक सहष्णुताका साथै आत्मीयताको भावना पनि उत्तिकै सहष्णुताका साथै आत्मीयताको भावना पनि उत्तिकै रहेको कुरा यहाँका चाडपर्व, जात्रा मेला, बजारहरुको नाचगान र भजन आदिले देखाउछन् । यसरी जनजाति संस्कृति वीच समन्वयका साथ भेदभाव नरहेको कुरा स्पष्ट हुन्छ ।

यस जिल्लामा विभिन्न साँस्कृतिक पहिचानका रुपमा विभिन्न जनजातिका सांस्कृतिक नाचहरु रहेका छन् । त्यस मध्ये लिम्बूजातको धाननाच, राईजातिको चण्डीनाच प्रमुख रहेका छन् भने आफ्नो सांस्कृतिक पहिचानका लागि मगरको पाङदुरे नाच त्यस्तै लेप्चाहरुको लाप्चेनाच आदि रहेका छन् । त्यस्तै अन्य सांस्कृति झल्किने

नाचहरुमा रापाई जात्रा, गाइजात्रा, लाखेनाच, च्याब्रुङ नाच, डम्फुनाच, भैली देउसी, मारुनी, संगिनि, नौमती, वाजा, पंञ्चैबाजा आदि जस्ता मनोरन्जनात्मक नाचहरु समुहमा हुने गर्नुका साथै सवै जातजातिहरु मिली मेला पर्व उत्सवहरु तिर नाटक सांकतिक कार्यक्रमहरु संचालन गर्ने चलन रहेको छ ।

यस जिल्लावासीको भेषभुसामा वढी छिमेकी मुलुक भारतको दाजिलिङ्गको प्रभाव परेको देखिन्छ । यहाँ विशेषतः पुरुषहरु पेन्ट सर्ट, स्वीटर ज्याकेट र प्रायः ले छालाका जुत्ता लगाउने चलन छ, नेपाली टोपी भने अलीक उमेर पाका भएका पुरुषहरुले मात्र लगाउने चलन छ भने युवा पुस्ताले पश्चिमी शैलीका पेन्ट, सर्ट, भेष्ट लगाउने र कपालमा रातो, पहेलो रंग लगाउनुका साथै अलि फरक किसिमबाट कपाल वनाउने चलन छ । भने यहाँका महिलाहरुमा फरीया चोलो, लुङ्गी लगाउने चलन रहेको छ भने युवा पुस्ताका महिलाहरु पेन्ट भेष्ट लगाउने र कपाललाई काट्ने चलन भएको पाइन्छ । समग्रमा भन्नु पर्दा यस क्षेत्रका महिला पुरुष सवैको भेषभूषा हेर्दा पाश्च्यात शैलीलाई पछ्याएको हो भन्ने लाग्दछ ।

यस स्थानको घरको वनावट भने थोरै खर्चबाट वन्न सक्ने आधुनिक किसिमका घरहरु भएको पाइन्छ । यस जिल्लाका बजारहरुमा भने दुई तल्ले देखि चार पाँच तलेसम्म पक्कीघरहरु छन् भने ग्रामीण वस्तीमा केही सिमेन्टी पिलर लगाएको जस्तापाताको छानो र सोही जस्तापाताले वरीपरी वारेर घर बनाई वसेको पाइन्छ । यस स्थानका घरहरुमा सवैको घरमा एउटा पहुना आउदा वस्ने र सुत्ने कोठा बनाइ सजावट गरि राखिएको हुन्छ । विशेषत ति कोठाहरुमा सोफा सेटहरु राखिएका हुन्छन् भने ग्रामिण क्षेत्रका धेरै घरहरुमा प्लाष्टीकका कुर्सीहरु राखेको पाइन्छ । प्रायः यस ग्रामीण क्षेत्रका घरहरुमा छुट्टै एउटा पाकघर (भान्साघर) वनाइएको हुन्छ । साथै गाईवस्तुलाई खोले कुडो पकाउन समेत हुने गरि छुट्टै सानो घर बनाइएको हुन्छ त्यही पकाउने काम गरिन्छ यस्का साथै त्यही भात सब्जी पनि पकाउने चलनले भान्छाघरमा धुवाँ हुन नदिई सफा वनाई राखेको पाइन्छ । यसरी समग्रमा हेर्दा यस क्षेत्रका मानिसहरुको घरको वनावट

आधुनिक शैली अनुसार ग्रील तथा झ्यालमा शीसा प्रयोग गरि राम्रा र सुन्दर देखिने रंग रोगन लगाएर आधुनिकताको परिचय दिने किसिमका घरहरु वनाएर वस्ने गरेको पाइन्छ ।

यस जिल्लाको मानिसहरुमा सामाजिक सेवा र धार्मिक भावना अत्याधिक रहेको पाइन्छ । गाउँ घर डाँडा पाखा सवैतिर पाटीपौवा धारा, चौतारा बाटोपूल वनाउने प्रचलन पाइन्छ, यस्का साथै यस जिल्लाका पूर्वी गा.वि.स.हरुमा प्रत्येक टोल-टोलमा साना-साना समाज निर्माण गरि सामाजिक सम्पत्तिहरु जोगाउने र समाजभित्रका रहेका कुनै पनि परिवार भित्र जन्म, विवाह, मृत्यु, चूडाकर्म, छेवर जस्ता कार्य गर्नु पर्दा त्यही सामाग्री प्रयोग गरिन्छ र समाजका सदस्यहरुले काममा समेत सहयोग गरि यो हाम्रो कार्य हो भन्ने ठानि सहयोग गर्दछन् । यसै सन्दर्भमा अर्को यहाको विशेषता कै रुपमा उललेख गर्न योग्य पक्ष भने विवाह र मृत्यु कार्यमा समाजका युवा युवतिहरु मिली भौतिक रुपमा सहयोग पुऱ्याउनुका साथै आर्थिक र अन्य खाद्य चीजहरु दिएर पनि सहयोग गर्ने चलन छ । यस क्षेत्रमा विवाह, छेवर जस्ता संस्कारहरु प्रमुख संस्कारकै रुपमा रहेका छन् । यहा यस प्रकारको कार्यमा समाजका धेरै परसम्मको आफन्त जनहरुलाई निम्ता दिइन्छ र विभिन्न परिकारका खानाहरु जस्तै सेलरोटी, मिठाई, मटर सब्जी, अचारका साथै मासुहरु समेत बाढ्ने चलन रहेको छ । यसरी पाहुना तथा आफ्ना इष्टमित्रहरुलाई वोलाई खानदिनका लागि राम्रो सजावट भएको ठाउँको निर्माण गरिन्छ, निर्माण गर्ने सामाग्री आफ्नो समाज भित्रै मिलेर खरीद गरेको हुन्छ । यो व्यवस्थित किसिमले एक ठाउँ राखि जस्कोमा कार्य गर्नु पर्ने हो त्यही ठाउँमा लगेर सवै मिली निर्माण गरिन्छ अझ भन्ने गर्दा यहाँका मानिसहरुले यसरी ठाउँ ज्यादै राम्रो हुनु पर्दछ भन्ने ठान्दछन् र जति राम्रो भयो त्यति नै आफ्नो समाज परिश्कृत समाज भएको मसहुस गर्दछन् । यसरी प्रष्ट रुपमा भन्न सकिन्छ कि यस क्षेत्रको विशेषता भनेको सामाजिक एकता र सांस्कृतिक सद्भावको एक झलक मान्न सकिन्छ ।

यहाँका मानिसहरु शिक्षा क्षेत्रमा निक्कै अगाडि देखिन्छन् । तुलनात्मक रुपले पुरुष वढी शिक्षित देखिन्छन् भने महिलाहरु पनि उच्च शिक्षा हासिल गर्दै रहेको पाइन्छ । यस क्षेत्रका मानिसहरुमा गाऊँ घरतिर अन्धविश्वासको छाप विस्तारै शिक्षाको विकास राजनैतिक परिवर्तन, बाटो र विजुली जस्ताको विकास गसै हराउदै गएको पाइएता पनि पुराने पुस्तमा भने यस्को सामान्य छाप रहेको पाइन्छ ।

यस जिल्लाका मानिसहरुको मुख्य पेशा कृषि भएता पनि वढी मात्रामा चिया खेती हुने भएकाले पुरुष र महिलाहरु सँगसगै चियावारी जाने चिया टिप्नेकाममा भने लैङ्गिक विभेद भएको पाइदैन परम्परागत खेती कार्यमा भने महिला र पुरुषले छुट्टा-छुट्टै कामको भाग लगाउथे वा पुरुष गर्न नहुने र महिला मात्र गर्न हुने जस्ता काम विभाजित थिए तर यस प्रकारको खेतीमा लैङ्गिक विभेद नराखिएकोले महिला पुरुष वरावरी रुपमा काम गर्ने गरेको र अरु परम्परागत कार्यतालिका भन्दा छुट्टै कार्य तालिका वनाई ठीक समयमा काम शुरु गर्ने र ठीक समयमा नै कामबाट निष्कने वानी भएको देखिन्छ । विशेषतः यहाँ रहेका चिया कारखानाले तोकिएको समयसम्ममा काँचो चियापत्ती पुऱ्याउनु पर्ने भएबाट पनि सवैकाम निश्चित समयमा गर्नुपर्ने कार्य तालिका नै वन्न पुगेको देखिन्छ यसरी भन्नु पर्दा यस जिल्लाका चिया क्षेत्र रहेको गा.वि.स.हरुका मानिससंग भेटघाट गर्ने समय नभने विहान ८:०० बजे सम्म र वेलुकी ३:०० बजे पछि मात्र रहेको पाइन्छ । यसै समय अनुसार मिलाएर ठीक समयमा खानाखाने वानीको विकास भएको पाइन्छ ।

इलाम जिल्लामा मानिसहरुको मुख्य पेशा कृषि भएता पनि यसका अलावा यहाँका मानिसहरु व्यापार, नोकरी, पशुपालन, वैदेशिक रोजगारी, मजदुरी जस्ता पेशामा पनि सम्लग्न छन् । विशेष गरेर शहरी क्षत्रेमा नेवार र माडवाडीहरु व्यापारमा लागेका छन् । यस्तै पशुपालनबाट पनि निक्कै आम्दानी हुनाले धेरै दूध दिने गाई भैसी पाल्ने, वेसिजनका सागसब्जी खेतीगर्ने गरेको पाइन्छ । शिक्षाको क्षेत्रमा निक्कै अगाडी देखिएकोले नोकरीमा पनि निक्कै माथिल्ला पदसम्म पुगेका छन् । कोही निम्न वर्गका मानिसहरु अर्काको मजदुरी वा रोजगारी गरेर भएपनि हातमुख जोर्ने र आफ्ना वाल-

वालिकालाई पढाउने गरेका छन् र यसरी विभिन्न पेशाहरु अपनाएर यहाँका मानिसहरुको दीनचर्या वितेको देखिन्छ ।

४.३.४ फिक्कल गा.वि.स. (कजेनी) वा.नं. १

मेची अंचल इलाम जिल्लाको सुदुरपूर्वमा रहेको गाउँ विकास समितिहरु मध्ये फिक्कल गा.वि.स. पनि एक हो । यो गाउँ विकास समिति इलाम जिल्लाको सदरमुकाम रहेको इलाम नगरपालिका देखि करीव ३५ कि.मि. पूर्वमा रहेको इलाम नगरपालिकादेखि करीव ३५ कि.मि. पुर्वमा रहेको दोश्रो ठूलो बजार फिक्कल वजारको रुपमा रहेको छ । यो गा.वि.स.लाई मेची राजमार्ग विचमा चिरेर गएको छ । यो मेची राजमार्गको चार आली देखि ३८ कि.मी. उत्तरमा रहेको छ । यो एक व्यापारीक वजार पनि हो यहाँ साना ठूला सवै किसिमका व्यापारी पनि छन् । यो बजार साप्ताहिक रुपमा विहीवारको दिन हाट लाग्ने गर्छ । हाट भर्न यसका आसपास गाऊँ शान्तिपुर, लक्ष्मीपुर, नाम्सालीङ, नयाँवजार गोर्खे, पशुपतिनगर, श्रीअन्तु सम्बल्वुङ्ग, कन्याम, कोल्वुङ्ग, जिर्मले पंचकन्या देखि आउने गर्दछन् भने हाटमा इलाम र झापाका व्यापारिहरुले सरसमानहरु वेच्ने गरेको पाइन्छ । यो फिक्कल बजारदेखि पशुपतिनगरसम्म जाने रत्नमार्ग पक्की मार्ग भएको र व्यस्त सडकको रुपमा रहेको छ । यो राजमार्ग अथवा फिक्कल देखि पशुपतिनगर हुदै भारतको दार्जिलिङ्गसम्म जाने सडकसम्म जोडिएको छ । यो फिक्कल बजार देखि रत्नमार्ग हुदै भारतको सिमाना पशुपति फाटक पुग्न करीव १२ कि.मि. पर्दछ ।

फिक्कल एउटा व्यापारिक वजारमात्र होइन सानातिना कुटानी पिसानी गर्ने मिलहरु देखि दुईवटा ठूला-ठूला अर्थोडक्स चियाका कारखानाहरु पनि रहेका छन् । यसै गरि एउटा दूध चिस्याउने केन्द्र समेत रहेको छ । यहाँ कृषि विकास बैंक, राष्ट्रिय वाणिज्य बैंक, विभिन्न सहकारी संस्थाहरुका साथै दूरसंचार, विद्युतका ईकाई कार्यालयहरु समेत रहेका छन् । यस गा.वि.स.को सवै वडाहरुमा कच्ची मोटरबाटो, विद्युत, टेलिफोनको सेवा पुगेको छ । यस गाऊँ विकास समिति भित्र सरकारी स्तरका एउटा

माध्यमिक विद्यालय १ वटा र ८ वटा प्राथमिक विद्यालयहरु र एउटा पूर्व प्राथमिक विद्यालय रहेका छन् । निजी स्तरबाट ३ वटा मा.वि. र ३ प्रा.वि.हरु संचालित छन् । यस क्षेत्रको शैक्षिक स्तर ज्यादै राम्रो देखिन्छ । यो गा.वि.स. जिल्लाका अन्य गा.वि.स.हरु भन्दा भौतिक, सामाजिक, शैक्षिक रुपमा माथी उठेको देखिन्छ ।

यस फिक्कल गा.वि.स.को रुपमा चिनिन्छ "कजेनी" नाम गरेको एउटा सुन्दर गाऊँ पर्छ । यो गाऊँसम्म पुग्न फिक्कल बजारदेखि उत्तरतर्फ रत्नमार्गको करीव १०$^{१}/_{२}$ कि.मी. हिडेपछि वा.नं. ३ को वरवोटे भन्ने स्थानबाट दायाँतर्फ अथवा पूर्वतर्फको कच्ची मोटर बाटोबाट पैदल हिड्दा करीव एक घण्टामा उक्त कजेनी गाऊँ पुगिन्छ । यो फिक्कल गा.वि.स.को वा.नं. १ मा पर्ने गाउँ कजेनीमा जम्मा ९० घरधुरी संख्या रहेका छन् जसमध्ये १६ घर लेप्चा जातिको रहेको छ । यी वाहेक अन्य जातिमा व्राम्हण, तामाङ्ग, नेवार, गुरुङ्ग र मगरको बसोवास रहेको छ । यो कजेनी वस्तीलाई पूर्वमा सिद्धीखोला दक्षिणमा मालुमखोला पश्चिम र उत्तरमा फिक्कल गा.वि.स.को वा.नं. ३ गहिरीगामले सिमाङ्कन गरेको छ । यो चार किल्लाले घेरेको सानो र सुन्दर वस्तीमा गोरा-गोरा र हसिला मुहार भएका लेप्चा जातिहरुको पुरानो बस्ती हो । यो समुदाय भित्रमा एउटा करीव २०० बर्ष अगाडि देखिको ठूलो र पुरानो योङथोङ नाम गरेको लेप्चाहरुको गुम्वा पनि रहेको छ । यही गुम्वामा यहाँका लेप्चा जातिहरु हरेक दशमी तिथीमा प्रत्येक परिवारले पालै-पालो गरि गुम्वामा पूजाआजा गर्ने चलन छ । यसरी आफ्नो मौलिक सांस्कृतिक परम्परालाई आत्मसाथ गर्दै निरन्तरता दिई जिवन्तता दिएको पाइन्छ । यीनीहरुको आफ्नै जातिय भाषा प्रयोग गरि विचारको आदान प्रदान र दैनिक दिनचर्या गुजारा गरिरहेका छन् । यहाँका लेप्चा परिवारमा शिक्षाको क्षेत्रमा केही कमी भएको पाइन्छ सामान्य साक्षरता भने भएको पाइन्छ तर उच्च शिक्षा हासिल गरेको भने पाइदैन, यहाँका सवै लेप्चा परिवारले कृषि पेशा नै अगालेको पाइन्छ । यही लेप्चा समुदाय (बस्ती) को सेरोफेरोमा रहेर यो शोधछात्राले पनि अध्ययन र अनुसन्धान गरि यो शोधग्रन्थ तयार गर्ने जमर्को गरेको छ ।

# अध्याय-५

## तथ्यांक, प्रस्तुतीकरण र विश्लेशषण **(Data presentation and Analysis)**

### ५.१ लेप्चा जातिको सामाजिक जनजीवन

इलाम जिल्लामा वसोवास गर्ने लेप्चाहरुको सामाजिक जनजीवन अन्य जातिको भन्दा अलिक फरक अवस्थामा रहेको छ। यो जातिहरुमा अन्य जाति हिन्दु तथा नेवारको जस्तो पानी चल्ने र अचल भनेर छुट्टिएको अवस्था देखिदैन तर सामाजिक स्तरीकरण भने प्रष्ट देखिन्छ। लेप्चा समाजमा काजी, सुब्बाहरुको सामाजिक प्रतिष्ठा निकै माथी रहेको छ। उनीहरु अन्य लेप्चाहरुको तुलनामा केही हदसम्म सम्पन्न छन्, अन्य लेप्चाहरु वीच सामाजिक, सांस्कृतिक तथा धार्मीक रुपमा विवाद आए सो को निणर्य पनि उनीहरुले नै दिने र सवै कार्य गर्दा सोधेर वा उनीहरुलाई आधार गरेर मात्र गर्ने चलन रहेको पाइन्छ। विभिन्न समयमा भएको राजनैतिक परिवर्तन अथवा २००७ साल २०४६ साल सँगै नेपालमा भएको दश वर्षे जनयुद्द सँगै प्राप्त प्रजातन्त्रको अवसरलाई मध्यनजर गर्दा लेप्चाहरु वीच आफु समान रहेको महसुस गर्न थालेका छन्। यी जातिहरु अरु जातिको तुलनामा आर्थिक, शैक्षिक रुपमा पिछडिएका अवस्थामा रहेका छन्। यो जाति पिछडिनुमा तिनै शोषण गर्ने काजी सुब्बाहरुको हात रहेको देखिन्छ। काजी सुब्बाहरुले लेप्चाका घरमा रहेका राम्रा राम्रा फलफूल, खसीवाखा, कुखुरा आफू खुसी झिकेर लैजाने गर्दर्थे भने दिइने व्यक्ति वा परिवारले आफू सन्तुष्ट भएको महसुस गर्दर्थे। यस वाहेक हप्तामा ३ दिन सम्म काजीलाई काममा समेत सहयोग गर्नु पर्दथ्यो। यसरी लेप्चाहरु आफ्नै जातिका काजी सुब्बाहरुबाट शोषित पिडित थिए।

यस्तो भएता पनि अहिले सामाजिक संरचनामा आएको परिवर्तन, राजनैतिक सचेतना, शिक्षाको विकास संचारको पहुंच आदिको कारणबाट आफु-आफु वीच समानता रहेको महसुस गर्दछन् भने समाजमा अन्य जातिसँगको सम्पर्कको कारण, सामाजिक सम्बन्ध जस्ता विविध कारणहरुले गर्दा लेप्चाहरु स्वतन्त्रतापूर्वक जीवनयापन गर्न पाएका

छन् । आफ्ना जातिभित्र मात्र होइन अन्य नेपाली जनताका वीच पनि यी जातिहरुले समान रहेको अनुभव गरेको पाइन्छ ।

लेप्चाहरुमा नेवारमा जस्तो श्रेणी विभाजन छैन सवैमा समानरुपमा दालभात र पानी चल्छ । उनीहरुमा गाऊका वुढापाका, पढेलेखेका, काजी सुब्बाहरुलाई सम्मानको दृष्किोणले हेर्ने गरिन्छ । समाजमा आफ्नै प्रकारको रितीरीवाज, चाडपर्व भाषा धर्म रहेको छ । समाजमा नारीको स्थान उच्च रहेको छ । प्राचीन समाज मातृसतात्मक रहेको थियो भन्न सकिन्छ किनकि हालसम्म विवाहमा वावुलाई कुनै सौगात लगिदैन भने आमालाई सगुन राखी ढोग्ने चलन पाइन्छ । समग्रमा पूजाआजा अथवा आफ्नो इष्टदेवताको पूजा वा भाकल पूरा गर्नु पर्ने भएमा वाङथिङ लगाइन्छ भने मर्दापर्दामा लामा लगाउने चलन छ । लेप्चाहरुको आफ्नै भाषा र लिपी भएको आफ्नै धर्मग्रन्थ छ तापनी पढ्नसक्ने मानिसको अभाव भएकोले हरेक पूजापाठ र सस्कार सम्पन्न गराउन तिब्बती लामा लिपिमा लेखिएको धर्म ग्रन्थहरु लामाद्वारा पढाइन्छ हाल लेप्चा समाज निक्कै विकसित छ । आधुनिकतामा प्रवेश गरेको पाइन्छ साथै लाप्चाहरुको उत्थानका लागि रोङ से जुङ ढिही -लाप्चा उत्थान मञ्च) ले धेरै प्रगति र विकासका लागि सहयोग गरेको पाइन्छ । आधुनिकता अन्य जातिसँगको सामिप्यमा, शिक्षाको विकास, चेतनामा वृद्धि जस्ता कारणहरुले गर्दा समाजमा हिन्दुधर्म र संस्कृतिको प्रत्यक्ष प्रभाव परेको देखिन्छ । आफुलाई हिन्दु धर्मावलम्वी घोषणा नगरेपनि विभिन्न संस्कार सम्पन्न गर्दा हिन्दु धर्म अन्तरगत गरेको पाइन्छ । यस जाति भित्र विभिन्न थरहरुभएको पाइन्छ जसमध्ये कोहीसँग विवाह गर्न हुने र नहुने भनि छुट्याएको पाइन्छ । लेप्चा जातिहरुमा निम्नलिखित थरहरु भएको पाइन्छ ।

लेप्चाका थरहरु

| | | | |
|---|---|---|---|
| १. अदेन्मो | **Aden moo** | १९. मालाम्मो | **Malam moo** |
| २. वरफोङमो | **Barfong moo** | २०. **Mor ong** | |

| | | | |
|---|---|---|---|
| ३. वरम्याकमो | **Barmgakmoo** | २१. नाम चु मो | **Namchu moo** |
| ४. देन्छोपमो | **Den Tsop moo** | २२. नाम ट्यो मो | **Nam Tyomoo** |
| ५. फन्फीङमो | **Fun fing moo** | २३. पेद्म्मो | **Pe the moo** |
| ६. गाम्सामो | **Gamsa moo** | २४. पेदोङमो | **Pedommoo** |
| ७. गारमो | **Garmoo** | २५. पोगोङमो | **Po gong moo** |
| ८. गोरोरक्मो | **Gorokhmoo** | २६. रोङगोङमो | **Rongong moo** |
| ९. गुलिङमो | **Guling moo** | २७. सादामो | **Sadaa moo** |
| १०. गुरुताछीमो | **Gurutashimoo** | २८. साग्रीमो | **Sagri moo** |
| ११. लिमो | **Lmi moo** | २९. सानदायाङमो | **San diang moo** |
| १२. कोतोमो | **Kotomoo** | ३०. साङ सा मो | **Sang sa moo** |
| १३. लाक्साम्मो | **La Ksam moo** | ३१. सारोउण्मो | **Sarong moo** |
| १४.गेरीक्योङ मलिम | **Gairi kyong malim** | ३२. सुमेकमो | **Sumek moo** |
| १५. लाङदाममो | **Lang dam moo** | ३३. तकनिलमो | **Taknil moo** |
| १६. लिङदामो | **Ling dam moo** | ३४. ताली जीयाङमो | **Talijealing moo** |
| १७. सिरीवानी सुदुङ | **Sirwani sudn** | ३५. ठगीमो | **Thege moo** |
| १८. ल्होमू | **Lohomoo** | ३६. योङ यु मो | **Yang yu moo** |

५.२ लेप्चा जातिको धर्म

मानिस एउटा सामाजिक प्राणी भएकोले समाजमा मिलेर वस्न अध्यात्मिक र भौतिक रुपमा तयार रहनु नै पर्छ । समाज र संस्कृतिको वग्गी गुडाउन धार्मिक प्र्ाणी हुनु पर्दछ । धर्म र संस्कृतिको नङ र मासुको सम्बन्ध रहेको हुन्छ भने समाजसँग प्राण गासिएको हुन्छ । त्यसैले समाज र संस्कृतिलाई गतिशील र जीवन्तता दिन धर्मको प्रमुख भूमिका रहेको हुन्छ ।

धर्म मानिसको मुख्य सरोकारको विषय हो । यो सवैभन्दा प्राचिन र गहन बिषयवस्तु पनि हो । यो विश्वव्यापी स्थाई र प्रभावपूर्ण छ । मानिसको सामाजिक, आर्थिक, राजनैतिक आवश्यकताका साथै धार्मिक आवश्यकता पनि रहेको हुन्छ । धार्मिक आवश्यकता भनेको त्यही हो जुन व्यक्तिले आर्थिक र भौतिक सुविधाहरु प्राप्त पछाडि पनि अन्य केही खोजिरहेको हुन्छ,

धर्म वर्तमान प्रघटना होइन । यस्को शुरुवात वारे कुनै तथ्य तथ्याङ्क छैन । नियन्डरथल मानवका केही पुरिएका वा गाडिएका अवशेषहरुको अध्ययनबाट वास्तवमा मानव इतिहास भन्दा अगाडि देखि नै अस्तित्वमा थियो भन्ने प्रमाण  मिल्दछ । धार्मिक संस्थापनि व्यापक छ, नियम कानून, प्रथा, प्रचलन मात्रै सामाजिक नियन्त्रणका साधनहरु होइनन् । यीनीहरुका अलावा धर्म र नैतिकताले पनि व्यक्तिको रहन सहन, भाषा बोली संस्कारलाई निर्देशित गरेको हुन्छ । त्यसैले धर्मलाई मानव र मानव जीवनको प्रभावकारी निर्देशक मानिएको छ । धर्म अस्तित्वमा भएको मात्र होइन, यस्ले मानवजीवनमा थुप्रै प्रभावहरु छोडेको हुन्छ । हरेक क्रियाकलापहरु गर्दा व्यक्तिले धर्मलाई सम्झन्छ । धर्मले के भन्दछ त्यही अनुसारका क्रियाकलाप उस्ले गर्दछ ।

धेरै समाजहरुमा धर्म र विशिष्ट कार्य पूजा, महोत्सव समारोह, धार्मीक वस्तु, मूर्ति आदि सहितका स्वारुप धर्मबाट सरोकार राख्ने धार्मिक नेताहरुले विभिन्न सिद्धान्तहरु विकास गरेका छन् । यी सिद्धान्तले व्यक्तिको आचरण र व्यवहारको वारेमा व्याख्या गर्दछ । धर्मले आफ्नो सम्प्रदायको सदस्यहरु केही निश्चित विश्वासमा आधारित व्यवहारीक पद्धतिहरु सिकाउछन् यस्लाई हामी धार्मीक संस्था भन्दछौ । धर्मका निश्चित केही तत्वहरु हुन्छन् । केही प्रमुख तत्वहरु निम्न छन् :

क) अलौकिक शक्तिमा विश्वास ।

ख) अलौकिक शक्तिसँग सरोकार राख्ने निश्चित कार्य अधिकार र चिन्हहरु ।

ग) धार्मिक विधिहरु ।

विभिन्न प्रकारका धार्मिका कार्यहरुका आधारमा समाज नियन्त्रित हुन्छ, धर्मले निर्देश गरेको कार्यको आधारमा समाज चलेको हुन्छ । व्यक्तिले कुन पेशागर्ने, सम्पत्ति के हो ? समाज केहो, मानवले किन कुन काम गर्ने र कुन काम नगर्ने जस्ता अनेकौ प्रश्नहरुको जवाफ धर्मले दिएको हुन्छ । समाजका सवै सदस्यहरु समाजमा विद्यमान आफू सम्लग्न रहेको धर्मका मूल्य र मान्यतालाई आत्मसाथ गर्दछ । व्यक्तिले खाने वस्तुहरु लगाउने तथा उ सम्लग्न रहने कार्य, अन्तरक्रियाको तरीका वोल्ने शैली आदि सवै धर्मद्वार निर्देशित हुन्छ, कुन जातिको सामाजिक, आर्थिक, सांस्कृतिक पक्ष कस्तो प्रकारको हुन्छ भनि जान्न ती जातिले मान्ने गरेको धर्मको आधारमा स्पष्ट जान्न सकिन्छ ।

यस संसारमा सवै मानिस कुनै न कुनै धर्मबाट प्रभावित भएको पाइन्छ । हामी नेपालीहरु पनि मुख्य गरी हिन्दु र वौद्ध धर्म मान्ने मानिसहरुको वाहुल्यता रहेको छ । अन्य जातिहरु जस्तै लेप्चाहरु पनि हाल आफूलाई बौद्ध धर्मावलम्वी भन्न मन पराँउछन् । यीनीहरुको आफ्नै प्रकारको धार्मिक संस्कार र विश्वास रहेको छन् । आफ्नै लिपि-भाषामा धार्मिक पुस्तकहरु, भविष्यवाणी र उपचारका विधिहरुको समेत पुस्तकहरु छन् । इलाम जिल्लाका लेप्चाहरुको भने आफ्नो लिपिको राम्रो जानकारी नभएकाले विस्तारै-विस्तारै सिक्किमबाट लिपिहरु (लेप्चा) जान्ने व्यक्ति झिकाई अध्ययन गर्ने गरेका छन् । हालसम्म भाषा र लिपिको पढ्ने अभावमा वौद्ध धर्मावलम्वी काजी, सुब्बाहरु सिक्कीमबाट इलामआई वसोवास गर्नु, लामाहरु सिक्कीमबाट झिकाइनु जस्ता कारणहरुले इलामका लेप्चाहरु सिक्कीमे लेप्चाहरुबाट प्रभावित भएको पाइन्छ, यसरी वाहिरी प्रभावबाट लेप्चाहरु वौद्ध धर्मावलम्वी भएको पाइन्छ ।

हाल अन्य जातिसँगको घुलमील, लामाको संख्यामा कमी आउनु जस्ता कुराहरुले कमी आउनु जस्ता कुराहरुले लामाको सट्टा व्राम्हण पुरोहित लगाउन थालेका छन् । समय र परिस्थिती अनुसार आफ्नो मौलिक धर्मका पुरोहित वुङथिङ, बौद्ध धर्मका पुरोहित लामा र हिन्दु धर्मका पुरोहित व्रम्हणहरुलाई लगाउन थालेकाले यिनीहरुको धर्म

त्रिकोणात्मक भएको पाइएता पनि अन्य वढी संस्कार भने वौद्ध धर्मावलम्वीसंगको सामिप्यता पाइन्छ ।


## ५.३. लेप्चाका धार्मिक गुरु

लाप्चाहरुको संस्कृतिको आधारमा धर्मलाई "वुङथिङलोम र मनलोम" भनिन्छ । यो यथार्थ धर्म नभई सामाजिक रीतिथितिको विधि मात्र हो । वुङथिङलोम भन्नाले पुरुष पुरोहित वा विजुवा र मत वुङथिङ भन्नाले स्त्री विजुवानी भन्ने वुझिन्छ अथवा पितृप्रधान र मातृप्रधान सामाजिक संस्कारको आधारमा हेरिन्छ । वुङथिङ मूलतः दुई शब्दबाट वनेको छ आवुङ र आथिङ । आवुङको अर्थ मुख र आथिङको अर्थ राजा (महान) हो । लाप्चा उच्चारणमा अघिल्लो अ आ लुप्त रहने हुनाले जनजिव्रोमा वुङथिङ हुन गएको देखिन्छ । सवै कार्य मुखाग्र सम्पन्न गराउने भएकोले नै वुङथिङ (मुखेराजा) भनिएको हुन सक्छ । इलामको चिण्डेपानी गाउँमा मात्र एकजना वुङ थिङ भएको पाइन्छ अरु कतै बुङथिङ पाइएन ।

लेप्चाहरुको धर्म ग्रन्थलाई "नामथर" भनिन्छ । सवै गाऊँमा उनीहरुको परम्पराअनुसार पूजाआजा र संस्कारहरु सम्पन्न गराउने पुरोहित (बुङथिङ) को अभाव, मुखैले गर्ने चलन र मद्रणको व्यवस्था नगरिएकोले नामथर सवैसँग छैन । केही सिमित मात्रमा सिमित व्यक्तिहरुसँग मात्र हस्तलिखित पुस्तकहरु छन् । तर सवैले यो भाषा लिपि पढ्न जान्दैनन्, आजकल भरखर मात्र यस कजेनी गुम्बाका वरीपरी वसेका लाप्चाहरु मध्ये २ जनाले मात्र पढ्न जान्ने पाइएको छ । केही पढ्न जान्ने लामाहरुले आजकल सवै कर्मकाण्ड गराउने गरेको पाइन्छ । लेप्चाहरुको आफ्नो लिपि र भाषा पढ्ने व्यवस्था नभएकोले लामाहरुसँग नै तिव्वती लिपि पढ्दछन् । पूजा आजामा तिव्वती लिपिका "दोमाङ्ग" "नैठी" आदी पुस्तक पढ्ने र पढाउने गर्दछन् । अक्षर, विधि भाव वुझ्ने पछि पनि राम्ररी अर्थ लगाउन सकेका छैनन् । त्यसैले लाप्चाहरुको धार्मिक विधि मिश्रीत किसिमको छ । जहाँ जुनवेला जुनविधि सजिलो हुन्छ त्यहाँ त्यही विधि प्रयोग गर्दछन् ।

लेप्चाहरु पुरोहितलाई “माने वुङथिङ” पनि भन्दछन् । यीनीहरु धार्मिक पूजाआजाका साथै वैधको काम समेत गर्ने गर्दछन् । झारफूक तथा जडीवुटीका यिनीहरु विशेषज्ञ पनि हुन्छन् । यीनी पुरुष र महिला दुवै हुने गर्दछन् । यीनीहरु पुरुषलाई मोन वुङथिङ र स्त्रीलाई रोङमुन भन्दछन् । यी मुनहरु पनि आ-आफ्ना गुण अनुसार विभिन्न श्रेणीमा विभाजित हुन्छन् । विशेषत यी मुनहरु सात थरीका हुन्छन् । जस्तै आवेरमुन, पीलदोन मुन, आङान मुन, मनज्यूम मुन, मन मुक मुन र ल्याङइत् मुन हुन् ।

लेप्चाजातिको आइत-छ्र्यो र नामथर जस्ता पवित्र धार्मिक ग्रन्थ छन् । लेप्चा र लिम्बूको देवदेवतामा धेरै नै सामिप्य छ भन्ने भनाई पाइन्छ । यीनै धार्मिक ग्रन्थका आधारमा विजुवा-विजुवानीले विभिन्न पूजाआजा र संस्कारहरु सम्पन्न गराउदछन् । लेप्चाहरुको लामाहरुको कामको आधारमा तीन थरीका लामाहरु भएको कुरा उल्लेख गरेको पाइन्छ । जस्मा (क) गुम्वा लामा (ख) हिसा लामा (ग) अहिसा लामा अथवा यसरी देखाउन सकिन्छ :




क. गुम्वा लामा :- यिनीहरु गुम्वासँग सम्वन्धित लामाहरु हुन्, यीनीहरु न्वारन, न्वागीर पितृकाय सम्वन्धीकाम गर्ने गर्दछन् । यिनीहरु विशेष गरि धार्मिक कार्य र पितृकार्य वैद्धिक विधि अनुसार गर्ने गर्दछन् ।

ख. अहिंसा लामा :- यिनीहरु पनि गुम्वा लामा जस्तै धार्मिक तथा पितृकार्य वैद्धिक विधिबाट गर्नुका साथै देवीदेवताका पूजा आजा गर्ने मिठाई प्रसादी मेवा मिष्ठान चढाएर पूजा आजा गर्ने काम गर्दछन् ।

ग. हिंसालामा :- यस प्रकारका लामाहरुले भूतप्रेत सम्बन्धी शिक्षा लिनका लागि मसानघाट (चिहान) मा गएर वस्ने गदछन् । यसरी वस्नुलाई गुफा वस्नु भन्ने गरिन्छ । हालसम्म ५/६ गुफा समेत वसेका लामाहरु भेटिन्छन् । एक पटकको गुफा वसाई भने २२ दिन देखि ४ महिनासम्म वस्ने गरिन्छ । यस प्रकारका लामाहरुले काट मारका काम गर्दछन् । यस प्रकारका हिसांका कार्य गर्ने २ वर्गका लामाहरु हुन्छन् ।

- यावा (पुरुष) लामा
- यामा (महिला) लामा

क्षेत्र अध्ययनमा छलफलका सहभागीहरुका अनुसार लेप्चा जातिको आफ्नो मौलिक धर्मको पुरोहित "वुङथिङ" हो । तर वौद्ध धर्मावलम्वी भएकाले लामालाई पनि पुरोहितका रुपमा प्रयोग गरिन्छ । काटमार गर्ने काममा वुङथिङ वोलाइन्छ भने काटमार गर्नु नपर्ने खालका पूजाआजा र जन्म, विवाह, मृत्यु संस्कार सम्पन्न गर्न लामालाई वोलाइन्छ तर आज भन्दा २०/३० वर्ष अगाडि तिर भने रागाँ, सुँगुर काटेर मृत्यु संस्कार सम्पन्न गर्ने संस्कार भएकाले वुङथिङले नै गर्ने गरेको पाइन्छ । हाल वुङथिङ पाउन असम्भव जस्तै भएको छ । यस्तै लामा पनि चाहिएको समयमा वा एकै पटक २/३ ठाउँमा त्यस प्रकारको कार्य गर्नेपर्ने अवस्था भएको पाइन्छ । भने कतै व्रम्हण पुरोहित लगाएर ग्रहदशा घरको पूजा जस्ता कार्य गर्ने गरेको पाइन्छ ।

यसरी विभिन्न विद्वानहरुको मत र क्षेत्र अध्यायनका निष्कर्षहरुबाट यस क्षेत्रका जानकारका अनुसार युक्ति संगत नै देखिन आएको छ । त्यसैले वर्तमान शोध विद्यार्थीको अवलोकनमा विविध कारण गर्दा लेप्चाहरु बाहुन पुरोहितको उपयोग गर्न थालेको पाइन्छ । लामाको अभाव अथवा सवै धार्मिक विधि सम्पन्न गर्न सक्नु साथै हिन्दु संस्कृतिको प्रभावमा निरन्तरता रहने हुँदा वुङथिङ र लामाको ठाउँमा वाहुन पुरोहितले स्थान लिन थालेको पाइन्छ । यसबाट प्रो. श्रीनिवासको संस्कृतिकरणको सिद्धान्त लेप्चा जातिमा पनि लागु भएको पाइन्छ ।

## ५.४ लेप्चाहरुको धार्मिक संस्था :

लेप्चाहरु आफूलाई वौद्ध धमावालम्वी वताउछन् । उनीहरु आफ्नो धार्मिक संस्थालाई अतन्तै सम्मान र विश्वास गर्दछन् । धार्मीक कार्यका लाीग आफ्नो घरायशी कार्यमा जति नै व्यवस्त भए पनि सरीक रहनु आफ्नो कतव्य र धर्म गरेको हो भन्ने विस्वास गदछन् । विशेषतः उनीहरु धार्मिक कार्य गर्दा सामुहिक रुपमा गर्ने गर्दछन् । कुनै एउटा लेप्चा जातिको परिवारमा हुने धार्मिक कार्यमा सवैले फलफूल, अक्षता, रक्सी र अन्य वस्तु लगेर चढाउने गलन छ, उनीहरु यसलाई आफ्नो भाषामा मिण्डे भने र भन्ने गदछन्, जस्को मा भिण्डे लगेर दिइन्छ वा चढाइन्छ त्यो धार्मिक कार्यमा उसको पनि सहभागीता भएको ठान्दछन् । त्यस धार्मिक कार्यको फल आफूले पनि प्राप्त गरेको विश्वास गर्दछन् र घरमा भएका अन्य परिवारलाई पनि त्यो धार्मिक अनुष्ठान सम्पन्न भएपछि प्रसादको रुपमा लैजाने गर्दछन् जसलाई “छो” भनेर भन्ने गर्दछन् । यसरी हेर्दा लेप्चा जातिहरु धार्मिक कार्य गर्नु पर्दा सामुहिकतालई वढी मान्यता दिने गर्ने भएकाले नै यहाँका लेप्चा जातिहरुको वसोवास भएका स्थानहरुमा धार्मिक संस्थाको रुपमा गुम्वाहरु रहेका छन् लेप्चाजातिहरुको ऐतिहासिक मृष्ठभूमीलाई हेर्दा उनीहरु जहाँ जहाँ वसाई सर्दै गए त्यहाँ त्यहाँ गुम्वाहरु वनाएको पाइन्छ । यति मात्र होइन उनीहरुको धर्मिक कार्य गर्दा पालै-पालो गुम्वामा गएर बत्ती वालेर गर्ने गरेको र साधारण चिया पानको पनि व्यवस्था गरेको पाइन्छ । उनीहरु विशेषतः रक्सी र जाँडको वढी प्रयोग गर्ने गरेको समेत पाइन्छ । उनीहरु सवै धार्मिक अनुष्ठान गर्दा सामुहिक किसिमले गर्ने भएबाट गुम्वा जस्ता सामाजिक संस्थाको विकास भएको पाइन्छ । पहिला-पहिला गुम्वा संचालन गर्ने काजी, सुब्बा (लेप्चा जातिका ठालु वर्ग) ले नै रेखदेख गर्ने गरेको निति निर्माण गर्ने गरेको पाइन्छ भने २०४६/२०४७ साल तिरबाट गुम्वा संस्थाको रुपमा दर्ता गर्ने गरेको र त्यस्को आय-व्यय लेखापरीक्षण गरि सरकारी नियमानुसार दुरुस्त गर्ने गरेको पाइन्छ । धार्मिक संस्था गुम्बा संचालन वा व्यवस्थापन गर्न एउटा वैधानिक कमिटी वनाउने गरेको र त्यस्मा लेप्चा समुदाय भन्दा वाहिरका अन्य जातिका युवा, बुद्धिजीवी, शिक्षक,

राजनितिकर्मी समेतको समलग्न भएको समिति गठन गरेर व्यवस्थित रुपमा संचालन गरेको पाइन्छ ।

यिनीहरुको गुम्वाको वस्तुशिल्प भने अन्य गुम्वाको भन्दा सरल प्रकृतिको हुन्छ । सामान्य घर जस्तै देखिने एकतले वा दुइतले हुन्छ । गुम्वाहरुको कलात्मक पक्ष लिब्बती लामाहरुको भन्दा ज्यादै कमजोर रहेको पाईन्छ । गुम्वाभित्र राखिने मुर्तीहरुमा पनि फरकता पाइन्छ । गतिब्बती गुम्बाहरुमा सुन तथा पित्तलबाट वनेका कलात्मक मूर्तीहरु हुन्छन् भने लेप्चा गुम्बामा सामान्य माटोबाट वा अन्य सामान्य धातुबाट वनेका वुद्धका मूर्तीहरु पाइन्छ । ती मूतीहरुले लेप्चाहरुको स्वमौतिक धार्मीक विशेषता वोकेको आभाष हुन्छ ।

इलाम जिल्लामा फिक्कलको कजेनी, फिक्कलको रम्फोक र गोर्खे माथी चित्रे भन्ने ठाउँमा रहेको गुम्वाहरु नै प्रमुख लेप्चा गुम्वाहरु हुन् । ती मध्ये सवैभन्दा पुरानो इतिहास वोकेको गुम्वा कजनी गुम्वा (योङथोङ गुम्बा) हो भने सवैभन्दा ठूलो आकारको गुम्बा चित्रे गुम्बा भएको पाइन्छ ।

क. कजेनी गुम्वा (योङथोङ गुम्बा)

यो गुम्वा इलाम जिल्लाको फिक्कल गा.वि.स.को वार्ड नं. १ स्थित कजेनी भन्ने ठाउँमा अवस्थित छ । यो गुम्वा रहेको भौगोलिक अवस्था भने सानो डाडोको रुपमा रहेको छ यस्को फेदीमा भनौ वरीपरी लेप्चाका १६ घर परिवारहरु रहेका छन् । केही वर्ष अगाडि यो गुम्बाको तिनैतिर जंगलले घेरीएको र गुम्वा टाढाबाट प्रष्ट देख्न नसकिने भएकोले त्यहाँका गुम्वा संचालक समितिले रुखहरु विक्री गर्ने र गम्वाको मर्मत सम्भार गर्ने उद्देश्यले हाल रुखहरु काटिएर परैबाट प्रष्टसँग देखिने भएबाट एउटा सुन्दर डाडोमा पुरानो गुम्बा देख्न सकिन्छ । लेप्चागुम्बाको नयाँ भवन निर्माणाधीन अवस्थामा छ । लेप्चा गुम्बाहरुको स्थापनाको वारेमा खोजी गर्दा यो कजेनी योङथोङ गुम्बा नै सवैभन्दा पुरानो इतिहास वाकेको पाइन्छ । यस्को स्थापनाको खोजी गर्दा नेपालको आधुनिक इतिहाससँग जोडिएको पाइन्छ । यो गुम्बाको स्थापनासँगको इतिहास यहाँ उल्लेख गर्न

समेत सान्दर्भिक देखिन्छ । नेपालको एकीकरण गर्ने अभियान सँगै वि.सं. १८४८ मा नेपाली सेनाले पश्चिममा गडवाल र पूर्वमा तिब्बतसँग युद्ध गरि केही भाग जितेको थियो, भने तिब्बतले आफ्नो सहयोग गर्न केही चिनीया सेना झिकाएको थियो । त्यसैवेला सिक्किमले पनि मौका छोपी नेपालको पूर्वीको पल्लो किराँतका सिद्धपोखरी र चैनपूरमा आक्रमण गरि कब्जा गर्ने प्रयास गरे पनि नेपालले विफल तुल्याई दियो । यसै युद्धका वेला  नेपालले सिक्किमका केही भाग जितेको थियो तर पछि सुगौली सन्धि पछि फिर्ता गरियो । सुगौली सन्धिमा भएको अर्को कुरा नेपाल र सिक्किम वीच असमझदारी वढेमा अंग्रेज सरकारको मध्यस्थतामा मिलाउने यसरी नेपाल सिक्किम वीच तनाव नउठोस् भन्ने हेतुले केही काम भएपनि सिक्किम सरकार नेपालदेखि डराएर त्यसवेलाका राजाले सिक्किमको राजधानी अन्यत्र सार्ने विचार गरे । यो कुरा त्यसवेलाका देवान (मन्त्री) लाई मन परेन देवानको अधिकार निकै ठूलो हुन्थ्यो । राजा र देवान वीच कलह वडेर गयो र राजाले देवानका सवै परिवारको हत्या गरे । यसको असर सिक्किम र नेपालको सम्बन्धमा पनि पर्न पुग्यो । देवानको वध भएपछि उनका भतिजा काजी युक्लाधुप भागेर नेपाल आए । उनका साथमा लाप्चा, लिम्बू, सुब्बा आदि आठसय जति सिकिक्म वासीहरु नेपाल आएका थिए । सुगौलि सन्धिपछि पूर्वका केही भाग गुमाउनु परेकोले नेपाललाई चोट पुगेको थियो । यिनीहरु मार्फत सिकिक्ममा आफ्नो राजनैतिक प्रभाव फैलाउने उद्देश्यले काजी युक्लाधुप र उनका साथका मानिसबाट नेपालको पूर्वीभाग आवाद गर्ने उद्देश्यले उनीहरुलाई शरणदिई नेपालले निकै सुविधाहरु दिएको त्यसवेलाका लालमोहर र चिट्ठीहरुबाट थाहा पाइन्छ । काजी युक्लाथुपले वि.सं. १८५६ मा पाएको लालमोहर अनुसार उनलाई माईपूर्वको भागको काजी वनाएको पाइन्छ र उनैको साथमा आएकी एउटी अविवाहिता बहिनी पनि थिइन् र उनले नेपाल भागेर आउदा आफूसँग धेरै पेवापैसा पनि भएको र त्यही पेवा पैसा खर्चेर गुम्बा वनाएकोले र लेप्चा जातिदेखि अन्य जातिहरुले काजिनीले वनाएको गुम्बा भएकोले कजेनी गुम्बा नाम राखेका र त्यसैको नामबाट त्यस ठाउँको नाम पनि कजेनी रहेको कुरा स्थानिय वासीहरुले समेत बताउने

गर्दछन् । यसरी यो इतिहासलाई जोडेर हेर्दा यो गुम्बा करीव २०० वर्ष पुरानो हो भन्न सकिन्छ ।

हाल यो गुम्बा दुईतले ढुङ्गा माटोको गाह्रो र टिनको छाना लगाइएको छ । यस्को तल्लो तलामा मूर्तिहरु, च्याङग्रो, नागरा, बुमसेट लगायत ठूला-ठूला दियोहरु रहेका छन् । साथै राखिएका मूर्ति अगाडि पानीका घडाहरु पनि राखिएका छन् । त्यस्तै लामा वस्ने मेच, कुर्सीहरु पनि रहेका छन् ।

माथिल्लो तलामा खाली कोठा रहेको छ । लामा वन्न चाहने विद्यार्थी (प्रशिक्षार्थी) हरुलाई यहाँ राखिन्छ । गुम्बाभित्रको भुई भित्ता माटो र गोवरले लिपिएको छ । तिब्बतीहरुको गुम्बामा जस्तो चित्र कुदिएको छैन । यहाँ धेरै उज्यालो पनि छैन । झ्यालहरु साना र पातलो भएकोले उज्यालो छिर्न नसकेको अध्यारो जस्तो लाग्ने गर्छ । प्रत्येक दिन लामाले पूजा गर्दछन् भने दशमी तिथीमा पालै-पालो लेप्चा परिवारले बत्ती बाल्ने गर्छन् । त्यहा राखिएका मुर्तिहरु माटोबाट वनेका छन् । गुम्बाको छेउमा एउटा प्रतिक्षालय भवन लगायत पाले वस्ने घर रहेको छ । यस गुम्बाको पछाडी २/३ वटा मानेहरु पनि छन् । साथै यस्मा झण्डा (लुङदर) पनि देखिन्छ । यो गुम्वा वनाउन युक्लाथुपले काठमाण्डौ स्वयम्भू, इरान, सिक्किम र महाभारत पर्वतबाट ढुङ्गा ल्याएका थिए भन्ने कुरा के.वी. राजभण्डारीले उल्लेख गर्नु भएको छ ।

गाउँलेहरुको भनाई अनुसार उक्त गुम्बा पहिले रवरको छाना भएकोले त्यति सफा सुग्घर थिएर तर गुम्वाभित्रको मूर्तिहरु भने बहुमुल्य पत्थरले वनाएका थिए, त्यस्तै ठूला-ठूला बौद्ध धार्मिक ग्रन्थहरु पनि थिए । संरक्षणको अभावमा ती बहुमूल्य पत्थरका मूर्ति तथा धर्मग्रन्थहरु सवै चोरी भईसकेका छन् । यस प्रकारको क्रियाकलाप हुन नदिई गुम्वाको संरक्षण गर्न र गुम्वामा केही मर्मत कार्य गर्न हाल गुम्बाको दर्तामा रहेको जमीनको रुखहरु वेचिआएको रकमबाट कार्य गर्ने कुरा समेत वताएका छन् ।

उक्त गुम्वाको लामाको भनाई अनुसार पहिला पहिला धेरै मानिसहरु बत्ती बाल्न आउने र दिनभरी जाड, रक्सी खने र आपसमा झगडा समेत गर्ने गरेकोमा हिजो आज

थोरै मात्र बत्ती बाल्न आउने गर्दछन् भने त्यस्तो धेरै जाड रक्सी वाड्ने र खाने गर्दैनन् र गुम्वा पहिलेको तुलनामा सुन्दर र सुविधा युक्त भएको छ, पानी र विजुलीको व्यवस्था भए पछि यही आएर सानोतिनो धार्मिक कार्य गर्न सकिन्छ भन्दछन् । यसरी समग्रमा हेर्दा लेप्चा जातिहरु पनि आफ्नो धार्मिक संस्था गुम्बाको संरक्षण र विकासमा प्रतिवद्ध भएको पाइन्छ ।

ख. फेन्सोङ गुम्बा : फिक्कल

फेन्सोङ गुम्बा इलाम जिल्लाको फिक्कल गा.वि.स. वार्ड नं. ८ मा रहेको छ। यो गुम्बा डाडामा रहेकोले टाढाबाट हेर्दा राम्ररी देखिन्छ । यो गुम्बा दुई तले सिमेन्ट र ढुङ्गबाट वनेको छ, छाना भने टिनको वनेको छ । छानामाथि गजुर र गुम्बाको अगाडी एउटा ठूलो प्राङगण छ ।

गुम्वा भित्र प्रवेश गर्न एउटा अलि कलात्मक शैलीमा वनाइएको काठाको ठूलो मुल ढोका रहेको छ । यस भवनको पछाडी छुतेन वा माने बनाइएको छ । मृतकका नाममा स्वस्ती शान्तिको लागि माने वरीपरि लुङदरहरु गाडिएका छन् । गुम्वामा खानेपानीको लागि एउटा ट्याङ्की वनाएर २ वटा धाराहरु जडान गरिएका छन् । मानिसहरु आएर वस्नका लागि एउटा राम्रो प्रतिक्षालय बनाइएका छन् । गुम्बाको आफ्नो दर्तामा जम्मा ६ रोपनी जग्गा छ । गुम्बाको सुरक्षाका लागि चौकीदार वस्ने एउटा टहरी (घर) बनाइएको छ । जहाँ लामा समेत वस्ने गरेका छन् । यो गम्बाको जग्गा समेत तिनैले उपयोग गर्ने गर्दछन् ।

गुम्बामा च्याङग्रो, नगरा, एउटा ठूलो पित्तलको दियो, साना १०८ पाला रहेका छन् । गुम्वा भित्र अगाडि ६ वटा मूर्तिहरु रहेका छन् । जुन मूर्तीहरु ढलोटको नभएर माटोबाट बनेका छन् । तर माटो भए पनि चम्किलो र राम्रो देखिन्छ । अहिले पहिलाको रंग उडेकोले गुम्बा मर्मत गर्न जि.वि.स. बाट प्राप्त रकमले पुनः इनामेलहरु लगाई रंगाइएको छ । मूर्तीहरुको वीचमा एउटा ठूलो रिम्वछीको मूर्ति (शिवजीको रुप) रहेको छ । त्यस्तै अन्तिमको दाहिने भागमा एउटा बुद्धको मूर्ती रहेको छ भने अर्को देब्रेपट्टिको

छेउमा छुपाने (आयु दिने) देवताको मूर्ति रहेको छ । छेउको दोश्रो मुर्तीलाई दुरजी सम्पा भनिन्छ । मृतक भएको व्यक्तिले प्रेतात्मा राम्ररी बाटो लागोस भन्नाका लागि यो मुर्ति राखिएको हो । यसरी प्रत्येक मूर्तीहरुको आ-आफ्नै प्रतिकात्मक अर्थ रहेको छ । मुख्य मुर्तीका छेउमा २ वटा देवीको मूर्ती रहेका छन् । जसलाई खाण्डुम भनिन्छ । मूर्तिको दायाँ वायाँ गरी २ सेट "बुमसेट" (धार्मिक पुस्तक) रहेको छ । ती धर्मग्रन्थहरु तिब्बती लामा लिपिमा लेखिएका छन् । मूर्तिको अगाडि दुवैतिर लामाहरु वाचन गर्ने मेच टेवुलहरु छन् । साथै अन्य मेचहरु पनि रहेका छन् ।

यस गुम्बामा प्रत्येक दिन विहान, बेलुकी गुम्बामा वस्ने लामा चौकीदार समेतले ५/५ वटा बत्ती वाल्ने गरिन्छ उक्त बत्ती वाल्न गुम्बाको कोषको रकमबाट खर्च गरिन्छ तथा प्रत्येक दशमीमा लेप्चा जातिका परिवारले पालै पालो बत्ती वाल्ने गरिन्छ, लेप्चा जाति वाहेक अन्य जातिले पनि कहिले काही बत्ती बाल्ने गरेको कुरा स्थानीय बासीहरु तथा लामा वताउनु हुन्छ यसरी एक अर्कामा धार्मिक सद्भाव रहेको कुरा झल्काउछ, लेप्चा जातिले अन्य तिथी भन्दा शुभकार्य गर्नुपर्द वा कुनै कार्य थालनी गर्नुपर्दा दशमी तिथी उत्तम (पवित्र) भएको ठान्दछन् ।

गुम्बाको भित्तामा विभिन्न खालका चित्रहरु चित्रांकित छन् । तिनीहरुमा बुद्धले विभिन्न रुपलिई राक्षसलाई मारेको चित्र, एकजोडी श्रीमान श्रीमतिको चित्र एउटा धार्मिक गुरुको चित्र वनाईएको छ । उक्त गुरुको चित्रमा नाम कर्म छिरीङ लाकसोम लेखिएको छ । यसलाई सेवकहरुद्वारा चियापान, मासु, स्याप्तु, जाँड चढाई रहेको देखिन्छ । यसबाट प्रष्ट हुन्छ कि गुम्बाको निर्माण कार्य उक्त व्यक्तिबाट भएको थियो ।

यस गुम्बाको नाम फेन्सोङ रहेको हुदाँ फेन्सोङको अर्थका वारेमा शोधखोज गर्दा एकजना वृद्ध लाप्चा (पान्दामका कान्छा काजी) का अनुसार यस गुम्बाको पहिलो नाम "पेनरसुम" थियो "पेन" को अर्थ काजी, सुब्बा, मान्यजन र "सूम" को अर्थ तीन हुन्छ । यसबाट ३ काजी सुब्बा र मान्यजन मिली यस गुम्बाको निर्माण भएको कुरा प्रष्टिन आउँछ । विस्तारै उक्त "पेन-सुम" शब्द अपभ्रंश भई "फेन्सोङ" भएको हो । यो गुम्वा

पहिले पञ्चकन्या गा.वि.स.को मालिम भन्ने गाउँमा थियो त्यहाँबाट फिक्कल सारिएको कुरा समेत वताउनु हुन्छ उक्त भनाईबाट यो कर्म छिरीङ लाकसोमले वनाएको होइन भन्ने कुरा एकतिर छ भने अर्को तर्फ “फेन्सोङ” को अर्थ पनि ठीक नभएको भन्ने विवाद समेत देखिन्छ । जेहोस् निर्माण गर्ने व्यक्ति वा निर्माणकर्ताहरुको वारेमा विवाद देखिन्छ । यहाँका धेरै जसोको भनाई र केही वृद्ध लेप्चाहरु यो गुम्बा काशिङ लेप्चाले बनाएका हुन् भनेर पनि भन्ने गर्दछन् ।

गुम्बा निर्माण सम्बन्धीमा लेप्चा जातिको अध्यायन गर्ने जानकारी उत्तरदाताहरुको अनुसार वि.सं. १९७८ साल तिर वा आज भन्दा ८५/८६ वर्ष अगाडि यस गुम्बाको निर्माण भएको मानिन्छ । शुरुमा ३ तला रहेको यो गुम्बा वि.सं. १९९० सालको भुकम्पले चर्काएर क्षति पुऱ्याएको थियो । पुनः २०४५ सालको भूकम्पबाट क्षति हुनगएकोले गुम्बाको संरक्षणको लागि २०४८ सालमा स्थानिय साधन र श्रोत जुटाई मर्मत तथा जिर्णोद्वार कार्य सम्पन्न गरियो । यस क्रममा तेश्रो तलालाई फ्याकेर २ तला मात्र राखि वनाइयो । तल्लो तलाको भित्रपट्टीको भित्तामा कुदिएका प्राचिन चित्रहरु जस्ताको त्स्तै राख्नका लागि त्यस्को गाह्रोलाई नचलाइकन बाहिरबाट अर्को गाह्रो लगाइएको हो । यसको मोटाई करीव ३ फिट छ । गुम्बाको छानामा रहेको पुरानो लेप्चाहरुको विशेषता वोकेको गजुर हटाई २०४८ सालमा नै नयाँ गजुर राखिएको छ जस्ले गर्दा लेप्चा गुम्बा जस्तो देखिदैन । आधुनिकताको नाममा वास्तविक रुप विगारेको छ ।

यो गुम्वा काशिँङ लेप्चाले बनाएको कुरा विश्वास गरिन्छ । यो कुरा यस्को भित्तामा अंकित एकजोडी श्रीमान् श्रीमतिको चित्रले स्पष्ट पार्दछ । वृद्ध लेप्चाहरुको कथन अनुसार यिनीहरु भेडा चराउदै गर्दा कल्पना गरि भित्तामा चित्र वनाउथे भन्ने भनाई छ । यो चित्र धेरै समय खर्चेर वनाएको कुरा समेत भन्ने गरेका छन् ।

हाल यो गुम्बा फिक्कल वजारको नजिकमा रहेको विजुली वत्ती, पानीको राम्रो व्यवस्था भएकोले सफा सुग्घर र केही सामुहिक भेला आयोजना गर्ने स्थान समेत

भएकोले वढी चहल-पहल भएको पाइन्छ। यो गुम्बा व्यवस्थित रुपमा संचालनका लागि एउटा समिति गठन गरिएको छ। समितिले गुम्बा सम्बन्धी सम्पूर्ण काम गर्ने गरेको छ।

## ५.५ लेप्चा चाडपर्वहरु :

नेपाल एउटा विविध सांस्कृतिको संगमस्थल हो । विश्वमानचित्रमा भूगोलको हिसावले नेपाल सानो भएता पनि साँस्कृतिक सिहावले धनी मुलुकको रुपमा रहेको छ। यो देश हिमाल-पहाड र तराई प्रदेशको रुपमा विभाजित छ। त्यहा पाइने हावा पानी, प्राकृतिक वनस्पति भुवनावट आदिको फरक-पन भएबाट संस्कृतिक पक्ष पनि सोही बमोजिम फरक-फरक पाइन्छ, संस्कृतिक रुपमा नेपाल एउटा रंङ्गीविरङ्गी फूलवारीको रुपमा छ । यहाँ विभिन्न जातजाति धर्म, परम्परा संस्कृति, चाडपर्व रहन सहन भएका मानिसहरु बस्दछन्। सवैको धर्म अनुसारको विशेष चाडपर्वहरु हुन्छन्। लेप्चा जातिको पनि आफ्नै छुट्टै साँस्कृतिक पहिचान रहेको छ । नेपालको अन्य जातिको संस्कृति सँगै लेप्चा जातिको पनि विशिष्ट स्थान रहेको छ। लेप्चा जातिको प्रमुख चाडपर्वहरुमा, (क) कन्चनजंघा पूजा (ख) फलोफजी रम्फाक (ग) नौलो पूजा (घ) न्वागी पुजा (ङ) सिल्ली तङवूपूजा (च) नामवन रहेका छन्।

### ५.५.१ कन्चनजंघा पूजा :

लेप्चा जातिको धेरै चाडपर्वहरु मध्ये मौलिक र महत्वपूर्ण चाड कन्चनजंघा पूजा हो । लेप्चा जाति अफूलाई कन्चनजंघा हिमालबाट उत्पत्ति भएको ठान्दछन् र आफ्नो सृष्टि भएको स्थानलाई पवित्र स्थलको रुपमा मानी सवै पूजा गर्नु भन्दा अगाडि कन्चनजंघाको पूजा गरेको पाइन्छ। हिन्दु धर्मावलम्बीहरुले गणेशको पूजा गरेर मात्र अरु धार्मीक अनुष्ठान गरे झै लेप्चाहरु पनि कन्चनजंघाको पूजा गर्ने गरेको पाइन्छ । लेप्चाहरु कन्चनजंघालाई ईष्टदेव मान्दछन् । यो पूजा हरेक बर्षको चौथो महिनाको चौथो दिनलाई कंचनजंघाको पर्वका रुपमा मनाउँछन् । यस पर्वमा पूजा आजको साथसाथै नाचगान र भोजको व्यवस्था हुन्छ। नयाँ बर्षको दिन र नयाँ बाली भित्र्याउँदा पनि ईष्टदेवलाई पूजा गर्दछन्। हिजोआज पनि सवै भेला भई उत्तर तर्फ फर्की थान-

थपना थापि पूजा गर्दछन् । लेप्चा भाषामा कंचनजंघालाई “किम-चुम जोङ बु” भनिन्छ जस्को अर्थ हुन्छ तेजस्वी र भाग्यशाली निधार यसैले आफ्नो भाग्यमानी बन्न हुन पनि कन्चनजंघा पूजा गरिन्छ ।

यो कन्चनजंघा पूजा गर्दा चौथो महिनाको पूर्णेमाको दिन कुनै एउटा अग्लो डाडोमा हिमालय पर्वततिर मुहार पारेर पूजाको वेदी तयार पारी किसिम-किसिमका फलफूल, मेवा, मिष्ठान्न, धूपवत्ती आदि चढाएर मानवजातिलाई सदा शान्ति सुरक्षा र कल्याण गरिदिउन भनी विन्ती चढाउदै वुङथिङले लेप्चाहरुका उत्पत्तिको कुरा फलाक्छन् । यो पूजा समारोहमा के बुदावुढी के तरुणा तरुणी प्रत्येक लेप्चा रंग विरंगी कपडा पहिरिएर गीत र मुरलीको मधुर लयमा मस्त भएर नाच्न   थाल्दछन् ।

कंचनजंघा पूजा गर्दा पूजाको नाथको रुपमा वाासको लिंगो गाडी केराको पात राखि विभिन्न किसिमका फलफूल, मेवा मिष्टान राखि थानलाई सजाएर राखिन्छ । त्यस्तै थानमा धुपबत्ति बाल्दै बुङथिङले मुन्धुम फलाक्छन् । यस मुन्धुममा आफ्नो जातिको उत्पत्ति गराउने ईष्टदेवता तपाई हुनुहुन्छ, त्यसैले मानवको सदा सुरक्षा र कल्याण गरिदिनु भनि विन्ति चढाउँछन् । यसरी बुङथिङले पूजा गर्दै जाँदा अन्य मानिसहरुले पनि साथ दिन्छन् । विशेष भूमिका भएको बुङथिङले मुन्धुम लेप्चा भाषामा नै फलाक्छन् । पूजाका लागि चन्दन, अक्षता, सिन्दुर, अवीर, फलफूल, धुम, नैवेद्य, भेटी, थाली, कलश आदी तयार पारी (यस पूजामा) सुँगुर, खसी, कुखुराको पनि पूजा गरिन्छ । बुङथिङले हातमा फलफूल लिई घुमी घुमी बक्साउने गर्दछन् तथा कंचनजंघा पर्वतलाई आराधना गर्ने  गर्दछन् ।

यो पूजा लेप्चा समुहबाट गरिने भएकोले यस पर्वमा सवैजना समानताको आधारमा भाग लिन्छन् । गरीब, धनी सबैबाट कार्यक्रमका लागि चाहिने रकम सहभागिताको आधारमा उठाउने गरिन्छ । त्यस्तै यस बेलामा उपस्थिति पनि सबैको हुन्छ । बुढाबुढी, युवा, युवती, केटाकेटी सबै जना राम्रा राम्रा, रंगी-विरंगी लुगा लगाइ आउने गर्छन् । पूजाको कार्यक्रम सकिएपछि प्रसाद खाने कार्य शुरु हुन्छ । प्रसादका

रुपमा मासु, जाँड, रक्सी आदि खाने पिउने कार्य गर्नुका साथै नाच्न, गाउँने पनि गर्दछन् । लेप्चाहरु शिरमा प्वाँख लगाइ गीत र मुरलीको मधुर स्वर र लयमा व्यस्त भएर नाच्छन् ।

यसरी कंचनजंघा पूजा सम्पन्न गरिन्छ र क्षेत्र अध्ययनले के देखाउँछ भने यो पूजाले लेप्चाहरु बीचमा एक आपसमा नजिकको सम्बन्ध स्थापना गर्न, आत्मीयतामा बृद्धि गर्न, आपसी सहयोगको भावना बढाउन, आफ्नो उद्‌गम स्थललाई सदा आदर गर्नुपर्छ भन्ने सन्देश दिन सहयोग पुऱ्याएको छ । त्यसैले यस पर्वको आफ्नै महत्व रहेको छ ।

५.५.२ नौलो पूजा

यो पूजा भरमा दुःख विमार पर्दा २/३ वर्षको फरकमा आवश्यकता अनुसार गरिने हुनाले पूजा निश्चित तिथि मितिको आवश्यकता पर्दैन तापनि गर्दा बैशाख, असोज महिनामा गरिन्छ ।

यो पूजाको लागि ३ वटा कुखुरा, गच्छे अनुसार राँगा, बोका तथा तोङवा, पानको पात, केराको पात, तितेपाती, फलफूल, चामल, कुखुरको अण्डा जस्ता पूजाका सामग्रीहरु चाहिन्छ । यो पूजा घरभित्र थान बनाएर बुङथिङबाट घर परिवार तथा छर छिमेकीको सहयोगमा गरिन्छ ।

सर्वप्रथम वाँसको लिंगो गाडी भुईमा केराको पात ओछ्याएर थान बनाइन्छ । थानमा ३ वटा ढुङ्गा राखिन्छ । जसलाई सुब्बा, सुब्बेनी र शिकारीको प्रतिकको रुपमा मानिन्छ । यी ३ जनाको पूजा नै मुख्य रुपमा हुन्छ । थान भित्र ४ वटा जाँडको तोङवा राखिन्छ । त्यसपछि पूजाको सामान राखी बुङथिङले आफ्नो तालमा मुन्धुम गर्दै पूजा शुरु गर्छन् । थानमा राखिएका सुब्बा, सुब्बेनी र शिकारीलाई बुझाउने काम गरिन्छ । हातमा पूजाको सामान बोकी फलाक्दै थानमा पूजा गरीन्छ । यो पूजा रातभरी चल्छ ।

राती ३ वटा देवता थापिएको ढुङ्गामा कुखुराको बलि दिइन्छ । प्रत्येकलाई १/१ वटा कुखुरा बलिको रुपमा दिइन्छ । ढुङ्गाको फेदमा चामल पनि राखिएको हुन्छ ।

त्यसलाई रगतले भिजाउँछ । रगतले भिजेको चामललाई मुछेर प्रसादका रुपमा टिका लगाइन्छ । बलि दिएको कुखुरा भित्रासेहरु पोलेर थानमा चढाइन्छ । यो नचढाइ मासु खानु हुँदैन । अतः चोखो गरी भित्रांसे पोलिन्छ । त्यसपछि थानमा पानको पात, तितेपाती, दियो, कलश, विभिन्न फलफूल, नैवेद्य, भेटी राखिन्छन् । यसका साथै ४ वटा तोङवा पनि राखिन्छ अनि रातभरी ३ वटा देवी देवतालाई पूजा वक्सोनी गरी सकिन्छ । त्यस्तै वलि पनि दिइन्छ तथा नौलो पूजा गरिन्छ । यो पूजा रातभरी गरिने भएकाले आफन्त, छरछिमेकी बोलाइ जागारम बसिन्छ । राती बस्दा जाँड रक्सी खाँदै रमाइलो गरिन्छ । रातमा पूजा सकिएपछि भोग दिएको कुखुराको मासु पकाएर खाने तथा प्रसादको रुपमा टिका लगाइन्छ । प्रसादको रुपमा टिका र कुखुराको मासु छरछिमेक तथा आफन्तहरुलाई पठाउने पनि गरिन्छ भने भोलिपल्ट बिहान पूजाको थान, अन्य सामग्री सबै उठाएर नजिकैका धाराको शिरमा वा सिमसिमे ठाउँमा लगेर बिसर्जन गरिन्छ ।

यो पूजा विशेष गरेर घरको रक्षा होस् तथा सबैमा सुख शान्ति मिलोस्, बोक्सी, डाइनी, राक्षस र कुब्यक्तिले कुदृष्टि नपरोस्, यिनीहरुको पंजाबाट घर परिवार टाढा रहन सकोस् घरमा भएका बिरामीको रोग निको होस् भनि भाकल बुझाउन समेत गरिन्छ ।

### ५.५.३ न्वागी

न्वागी पूजा लाप्चाहरुले मनाउने चाड मध्ये एक हो । यो पूजा लेप्चाहरु धनी, गरीव सवैले अनिवार्य रुपमा प्रत्येक घरमा वर्षको एकपटक अन्न बाली पाकेको समय अर्थात् मंसिर देखि फागुनभित्र गरिन्छ । न्वागीको अर्थ नयाँ बाली खानु वा चढाउनु भन्ने बुझिन्छ । लेप्चाहरुको सृष्टि देवताबाट भएको हुँदा उनीहरु आफूले फलाएका प्रत्येक अन्नवाली पहिला ईश्वरलाई चढाएर मात्र खाने गरेमा दोष नलाग्ने विश्वास गरी उक्त पूजा गरिन्छ

यो पूजागर्न घरभित्र थान बनाइन्छ । थानमा केराको पात ओछ्याएर राखिन्छ । त्यसमाथि दियो, कलस, माछा, वर्षको दिन भरीको देवताको भाग छुट्टयाइ राखेको

अन्नबाली जस्तै धानको बाला, कोदोको बाला, नयाँ अदुवा, छुट्याइएको कोदोबाट बनाइएको तोङवा र धानबाट बनाइएको भूस सहितको चिउरा अदि राखिन्छ। त्यसपछि थानमा ८ वटा सग्लो केराको पात मध्ये ४ वटा उल्टा गरी राखिन्छ। त्यसमाथि ४ वटा तोङवा २ वटा सुल्टा र २ वटा उल्टा पातमाथि राखिन्छ। ती उल्टा पात मृत आत्माका लागि र सुल्टा पात चाहि जिवितहरुका लागि भनेर छुट्याइ राखिएको हुन्छ। यसका अतिरिक्त थानमा जुंगा सहितको मकैको घोगा, दियो, कलश, फलफूल, धूप, नैवेध, टिका र पूजाका सामान आदि राखिन्छ।

थानमा यति सामान जुटेपछि बुङथिङले पूजा शुरु गर्दछन्। सर्वप्रथम मुन्धुमको कार्यका साथसाथै पूजाको कार्य पनि गर्न थाल्छन्। मुन्थुममा हामी अज्ञानी लेप्चाहरुले प्रभुलाई सम्झि चोखो गरी छुट्याएको अन्न भक्तिपूर्वक अर्पण गर्दछौ। तसर्थ यसलाई अन्यथा नसम्झी सहर्ष स्वीकार गरिदिन हुन विनम्र आग्रह गर्दछौं। भनि बुझाउने काम गर्दछन्। यसरी बुझाउँदा मकैको घोगामाथि एउटा खादा (सेतो सानो कपडा) राखिन्छ। त्यसमाथि एउटा कम्पनी मोहर पनि राखिन्छ। त्यसपछि बलि दिन छुट्टयाइएको ४ बटा ( ६ बटा सुब्बा) कुकुरामधये एउटालाई हिर्काएर मारिन्छ। त्यसको रगत पैसामाथि चुहाइन्छ। अति स्वस्ति, शान्ति र घरको रक्षाको लागि खादामा उक्त पैसा पोका पारेर राखिन्छ। खाँदा नच्यातिउन्जेल यो मोहर राखिन्छ। तत्पश्चात बाँकी रहेको ३ वटा (५ वटा) कुखुरा पनि थानमा मारी बलि दिइन्छ। अनि आन्द्रभुँडी झिकेर उसिन्छ, भित्रासे पोलेर थानमा चढाइन्छ।

यसरी न्वागी पूजा सम्पन्न गरिन्छ। पूजा सकिएपछि सुल्टापट्टि राखिएको २ वटा तोङवामध्ये एउटा घरको मूली/बुढी मानिसले खान्छन् भने अर्को एउटा तोङवा, ४ वटा (६ वटा) कुखुरा पकाएको मासु, चिउरा, माछा, प्रसादको रुपमा खाने र टिकाको रुपमा थानको चामल लगाउने गरिन्छ। छरछिमेकीलाई पनि बोलाई प्रसादका साथै जाँड, रक्सी समेत दिइने गरिन्छ। त्यस्तै उल्टा पातमा राखिएको २ वटा तोङवा पितृका भागमा बाहिर लगेर मन्साइन्छ।

यसरी इलाम जिल्लाका लेप्चाहरुद्वारा न्वागी पर्व मनाइन्छ । तर अति धेरै खर्च लाग्ने हुनाले यो संस्कारलाई थाम्न गाह्रो छ । अन्य राई, लिम्बू, तामाङले पनि यो संस्कार गर्ने गरेको पाइन्छ ।

५.५.४ सिल्ली तङबु पूजा

स्थानीय विश्वास अनुसार लेप्चाहरुको उत्पत्ति कंचजगंघा हिमालबाट भएको हो । यिनीहरु त्यसपछि आफ्नो जीवन निर्वाह गर्नका लागि जंगलमा भएको तरुल, भ्याकुर खोजी खान थाले । यसका अतिरिक्त जंगली मुलुकमा बस्ने भएकोले जीवन निर्वाहका लागि शिकार पनि लेख्ने गर्ने । यिनीहरुमा १ जना लेप्चाले १०० शिकार गरेपछि मात्र मासु खानुहुन्छ भन्ने विश्वास थियो । शिकार गर्ने हतियारको रुपमा धनुवाण, गुलेली प्रयोग गर्दथे । आफ्ना पूर्खाको सम्झनामा प्रत्येक लेप्चाहरुको घरमा धनुवाण र गुलेली राख्ने परम्परा हालसम्म रहेको छ । त्यस्तै बार्षिक रुपमा धुनवाण प्रतियोगिता गर्ने परम्परा पनि रहेको छ ।

आफ्नो पितापुर्खाले प्रयोग गरेको धनुवाण र गुलेलीको पूजा गरी मनाउने यो पर्व परम्परागत रुपमा चलि आएको एक पर्व (सिल्ली तङवु पूजा) हो । यो पूजा पहिलादेखि गर्दै आएका लेप्चाहरुको स्वेच्छाले २/३ वर्षको फरकमा गर्न सकिन्छ । तर सुत्केरी भएको घरमा भने गर्न हुँदैन ।

यस पूजाको लागि एक वटा सुँगुर, एक जोडी कुखुरा, तोङवा, केराको पात, फलफूल, धुप, बत्ति, सेउला कपडा, रंग, अबीर, बाँसको लिंगो, भेटी, पूजाको सामान आदि सामाग्री चाहिन्छ । सम्पूर्ण समान जुटाइ सकेपछि बुङथिङले पूज ागर्नका लागि बाँसको लिंगो गाडी ३ तले घरजस्तो थान बनाउँछन् । त्यसपछि उक्त तिनै तलामा केराको पात ओछ्याइन्छ । त्यस्तै बुङथिङ बस्ने ठाउँमा पनि ओछ्याइन्छ र ३ गज सेतो कपडा बुङथिङलाई दिइन्छ । यसले उक्त कपडा शिरमा पंजाबीले जस्तो फेटा बाँधी त्यसको एक छेउ पैतालासम्म ल्याउँछन् । त्यसपछि बुङथिङ केराको पातमाथि उभिएर हातमा गुलेली लिएर फलाक्न थाल्छन् । यो काम रातभर गरी देवतालाई रित बुझाउँछन्

। त्यसपछि मध्यरातमा एउटा भाले पूजा गरिन्छ भने बिहानी पख एउटा पोथी कुखुरा र त्यसपछि सुँगुर पूजा गरिन्छ । अति सँगुर, कुखुराको भित्र्यासहरु पोलेर पकाएर थानमा चढाइन्छ । त्यसपछि पूजा सम्पन्न हुन्छ ।

राती बस्नेहरुले आनन्दसँग जाँड, रक्सी खाइरहन्छन् । पूजा बिहान समाप्त भएपछि मात्र प्रसादका रुपमा मासु खान्छन् ।

यसरी सिल्ली तङवु पूजा मनाइन्छ । वर्तमान शोध विद्यार्थीको अवलोकनमा लेप्चा जातिको सृष्टी गरेपछि भगवानले यी हतियार लेप्चाहरुलाई दिएको सम्भी यी हतियारबाट आफ्नो रक्षा भएको महसुस गरी भगवानप्रति कृतज्ञ रहन यो पर्व मनाउने गरिन्छ । अतः यस पर्व र लेप्चाहरु बीचको सम्बन्ध र पारस्परिक सम्बन्धलाई देखाउँने काम गर्दछ ।

५.५.५ नामवन

नामवन लेप्चाहरुको धेरै चाडपर्वहरुमध्ये सबैभन्दा खुशीयाली र भव्यताका साथ मनाइने एक महत्वपूर्ण चाड हो । यस चाडको प्रारम्भ लेप्चाहरुको पुर्खा शिकारी तथा सामुहिक रुपमा बस्ने समयदेखि भएको पाइन्छ । त्यस समयमा पनि विभिन्न प्रकारका धार्मिक तथा सामाजिक पर्वहरु व्यक्तिगत तथा सामुहिक रुपमा मनाउने प्रकृया शुरु भएको थियो । मनोरञ्जनका विभिन्न उपायहरु सिकि सकेका थिए । समाजले देवीलाई मानिसहरु वस्ने पृथ्वी सम्भी विभिन्न प्रकारले आराधना, पूजा आजा गर्दथे । त्यस्तै गरी मानिसहरुलाई दुःख दिने राक्षसलाई आफूमाथि कुदृष्टि नपरोस् भनि पूजाआजा र आराधना गरी मनाउथे यसरी राक्षसलाई खुशी पार्न मनाउने चाड एक पिकनिक - बनभोज) जस्तो रुपमा मनाउने गरिन्थ्यो । पछि राक्षस र देवतालाई सुखी पार्ने पर्वका रुपमा नाम्वनलाई मनाउन थालियो । लेप्चाहरुको विभिन्न संस्कार तथा चाडपर्वहरुमा प्रायः देवताका साथै राक्षस, भूत, प्रेतहरुलाई पनि बुझाउने, पूजागर्ने कार्य गरिन्छ । त्यस्ता धेरै पर्व र संस्कारहरु मध्ये नामवन पनि एक हो । यस चाङमा पनि देवता र राक्षस दुवैलाई पूजाआजा गरी, मुन्धुम फलाक्दै बुझाउने, बक्साउने र आराधना गर्ने

काम गरिन्छ । यो पर्व (लासोमुङ पनु) राक्षसको राजालाई मारेको समयदेखि मनाउन थालेको कुरामा लेप्चाहरु विश्वास गर्दछन् ।

नामवन पहिला पहिला सात दिनसम्म मनाउने चलन थियो, हाल ३ दिन मात्र मनाइन्छ । तर यस पर्व मनाउने तयारी भने ११२ महिना अगाडिदेखि हुन्छ । वर्षमा एक पटक नयाँ सालको स्वागत र पुरानो साललाई बिदाई गर्न मंसीर वर्ष भरी मेहनत र परिश्रम गरी फलाएको अन्नपात थन्काई सकेपछि जीउ गलेकै अवस्थामा सम्पूर्ण दुःखका दिनहरुलाई विर्सिएर रमाइलो अनुभव प्राप्त गर्दै यो चाड मनाउने गरिन्छ । पश्चिमीहरुको “नयाँ बर्ष”, तिब्बतीहरुको “लोसार”, चाइनीजहरुको “सिङ लियाङ” चाड मनाए जस्तै लेप्चाहरु नामवन चाड मनाउँछन् । त्यसबेला पानी रहेर खुल्ला आकाश हुने भएकाले नामवन पर्व अति खुसीसाथ मनाउने गरिन्छ । यसका लागि पिकनिक मनाउने जस्तै गरी जंगलतिर लाग्छन् ।

जंगलमा गएर सर्वप्रथम तोङवा **(Local Beer)** खानका लागि नयाँ ढुङग्रो बनाइन्छ । त्यस्तै गरी तोङवाको रस तान्ने पिपा पनि बनाइन्छ । यो नयाा ढुङ्गो र पिपा नामवनमा आउने नयाँ पाहुनाहरुलाई भोजमा तोङ्वा खुवाउन चाहिन्छ । यी सामान तोङवाका लागि नभइ नहुने भएकाले पहिलो प्राथमिकता दिई बनाइन्छ । त्यस्तै पानी बोक्न बाँस कै भाँडा (पेन्डामस) बनाइन्छ । त्यसै गरी खानेकुरा पकाउनका लागि दाउराहरु खोजी एक ठाउँमा भेला गरी राखिन्छ । त्यस्तै जंगली वस्तुबाट खानेकुरा बनाउने क्रममा बाँसको तामालाई उसिनेर बाहिरको बोक्रा फाली सानो सानो टुक्रा पारेर बाँसको ढुङग्रो वा भाँडामा थिचेर राखिन्छ । एक हप्तापछि अमिलो भइ अचार बन्दछ । यसलाई नामवनका दिन खाइन्छ । यसरी नै छेउछाउको खोलामा गएर माछा मारिन्छ र यसलाई घाममा वा आगोमा सुकाएर राखिन्छ । नामवनको दिन यसलाई पनि पकाएर खाइन्छ । विशेष गरेर सुख्खा माछा सबैभन्दा बृद्ध (बुढो) व्यक्तिले मात्र खान पाउँछन् ।

यस्ता सामानहरु नामवनको १।२ महिना अगाडि नै जुटाउने कार्य गरिन्छ । करिब १।२ महिनाको तयारी पश्चात मंसिर महिनामा नामवनको कार्यक्रम शुरु हुन्छ । जव आकाशमा चन्द्रमा देखिन्छ तब भुत प्रेतको पूजा शुरु हुन्छ । नयाँ वर्षको स्वागत गर्नु अघि कल्याणको बाधक भुतप्रेत तथा नराम्रा कुराहरुलाई अन्धकार रातमा पन्छाउने कार्य गरिन्छ । यसको आफ्नै विशेषता र महत्व छ । कालो वा अन्धकारलाई अशुभको प्रतिकको रुपमा मानिन्छ । अघिल्लो वर्षमा जे जति दु:ख दियौ अब नयाँ वर्षमा नदिनु भन्ने चाहना राखि राक्षस, भूत, प्रेतलाई अध्यारोमा पन्छाउने काम गरिन्छ ।

भूत, प्रेत, राक्षसको पूजा गर्न वा पन्छाउन सबैभन्दा पहिला बुङथिङद्वारा एउटा बाँसको थान बनाइन्छ । नामवन पूजामा भूत तथा राक्षसको पूजा गर्नका लागि थानमा धान, मकै, गहुँ, कोदो, जौ को बाला, उखु, तरुल तथा अन्य फलफूलहरु एउटा सानो केटीको मूर्ति तथा त्यसको वरिपरि विभिन्न घरपालुवा र अन्य जीवजन्तुको प्रतिक, हातहतियारो रुपमा धनुवाण, तलवार, भाला, बाँस र काठका अन्य पुराना हतियार, बाँसको एक मुठा चोया, स-साना कपडाको टुक्रा र प्रतयेक घरबाट लगाइ सकेको एक-एक थान लुगा, सुफी भाडा (मक्कल), एप-चोयम र सेउला (साना साना पात सहितका रुखका हाँगा) जस्ता सामानहरु जम्मा गरी राखिन्छ ।

उक्त सामानहरु मध्ये धान, मकै, कोदो, फलफूल जस्ता खानेकुरा राक्षसले स्वाद लिइ खानमा भुल्यो भने मानिसप्रति उसको कुदृष्टि पर्न सक्तैन त्यसैले राक्षसबाट सुरक्षित रहने विश्वास गरी चढाइन्छ । त्यसरी नै सानो केटीको मूर्ति र त्यसको परिपरि विभिन्न घर पालुवा र अन्य जीवजन्तुको प्रतिक, राक्षसहरु केटीतर्फ आकर्षित हुनका साथै जीवजन्तुको मासु खाइ मस्त हुनाले मानिसहरु माथि दृष्टि पुऱ्याउन सक्दैनन् भन्ने विशवास गरी राखिन्छ । हातहतियार चाहि राक्षसहरुमाथि लेप्चाहरुको विजयको प्रतिकको रुपमा राखिन्छ । अहिले पनि राक्षसहरुले लेप्चाहरुमाथि कुदृष्टि राखेको खण्डमा यही हतियार उठाइ आक्रमण गर्ने भनी आफ्नो रक्षाको लागि राखिएको हो । तयस्तै गरी बाँसको चोया राक्षसले मानिसमाथि नराम्रो व्यवहार गरेका खण्डमा यही चोयाले बाँध्ने

भनि सजग गराउनका लाीग राखिएको हो । स-साना कपडाका टुक्रा र मानिसले लगाइ सकेका लुगा भने उक्त लुगाबाट आउने वासना सुँघेर यो नै मानिस रहेछ भनी त्यसै कपडामाथि दृष्टि भुलाई राखोस र मानिमाथि दृष्टि नपुऱ्याओस भनी राखिएको हो । यसै गरी सुफी भाडा (मक्कल) मा बत्ति बालेर राखिन्छ । यस बत्तीको उज्यालोबाट राक्षसहरुले खानेकुरा देख्न सक्छन् र त्यही खानेकुरामा भुले भने मानिसमाथि दृष्टि पुऱ्याउन सक्दैनन् भन्ने विश्वास गरिन्छ । यसपछि थानको सबैभन्दा माथिको "एप-चोयम" राक्षसलाई मरेको मान्छे हो भनेर झुक्याउन राखिन्छ । यसलाई मान्छेको आत्माको रुपमा थानमा राखिएको हुन्छ । यसको अर्थ हुन्छ कि त्यस घरमा मान्छे मरेको छ । यो कोदोको पिठोलाई गिलो बनाई हातले चोपेर बनाइन्छ । झट्ट हेर्दा करीव करीव मान्छेको मुटुको आकारको हुन्छ । यसरी नै स्याउला राख्नुको मुख्य उद्देश्य राक्षसहरुको राजा "लासो-मुङ-पनु" लाई मारेको सम्झना दिलाउन राखिएको हो । उक्त राजा र लेप्चा सहित भगवानका बीच लडाई हुँदा राक्षसले विभिन्न रुखको हाँगा र पातहरुमा छर्लिदै हिड्ने गर्दथ्यो तर अन्त्यमा उसलाई मारेर छाडियो । यहाँ रहेका राक्षसहरुलाई चेतावनीका रुपमा सजग गराउन स्याउलामाथि थान राख्ने गरिन्छ । यदि मानिसप्रति गिद्ध दृष्टि लगाई नराम्रो व्यवहार गऱ्यो भने राक्षस राजाको जस्तै गति होला भनि चेतावनी दिइएको हो । यो विशेष प्रकारको हुन्छ । यी वस्तुहरुका साथै उखु चुसेर गुलियोमा राक्षस, भूत, प्रेत भूलिरहुन भनेर थानमा राखिन्छ । यसरी विभिन्न वस्तुहरु थानमा राखि बुङथुङिले भूत पन्छाउने काम गर्छन् । यी मध्ये कति सामान राक्षस, भूत, प्रेतलाई भने कति सामान चाहि डर देखाउन र सजग गराउन पनि नराखिएको हुन्छ । यो प्रकृया पुरा गर्दा राक्षसलाई मन्साउन कार्य वा पूजा शुरु हुन्छ ।

पूजाको कार्य बुङथिङ वा घरका बुढापाकाले गर्ने गर्दछन् । यसका लागि पहिला रातमा पन्छाउन जाने भएकोले उज्यालोका लागि बाँसको साना कप्टेरा एक मुठा बनाइ दलिनमा बाहिरपट्टि सिउरेर राखिन्छ । त्यस्तै "एप-चोयम" बनाइन्छ अनि अन्य चढाउने सामानसँगै राखिन्छ ।

माथि उल्लेखित सम्पूर्ण सामानहरु तयार पारिसकेपछि सबैलाई मिलाएर नाङ्लोमा राखिन्छ । लेप्चाहरुको प्रायः सवै संस्कार र पूजा बुङथिङबाट सम्पन्न गराइन्छ तर नामवन बुढापाका (घरमूली) बाट पनि सम्पन्न गराउन सकिन्छ । त्यसैले पूजा शुरु गर्न घरको भित्र कोठामा जाहाँ पूजागर्न तयार गरिएको छ त्यहाँ भित्तामा एक छेउमा घरमूली बस्छन् । निजको अगाडि पूजाको नाङ्लो राखिन्छ ।

त्यसपछि वरिपरि घरका मानिसहरु बस्छन्, अनि घरमूलीले लयबद्ध रुपमा छिटो र नबुझिने तरीकाले तेप्चाको उत्पत्ति, कथा, उक्त कार्य गर्नुको उद्देश्यका साथै जोर बुङथिङ र न्यू-लिट-नु-सङमुन बारेमा स्पष्ट पार्दै परापुर्खाले यो पर्व मनाउँदै आएको हुनाले परम्परा थाम्न र नव वर्षमा आफ्नो सुख समृद्धिका लागि यो कार्य गरिएको भनी फलाक्दै बक्साउने काम गर्छन् । यति गरिसकेपछि मूलीले हातमा पात र स्याउला लिइ प्रत्येक मानिसलाई पालैपालो टाउकोदेखि खुट्टसम्म सम्बन्धित व्यक्तिको परिचय दिदै उभित्र रहेको  रहेको रोग, कष्ट, दुःख हटी आगामी वर्ष सुख, शान्तिसँग बितोस् भन्ने कामना गर्दै पुछेर झार्ने काम गर्दछन्, यसलाई शुद्धिकरण (पिक स्याट) भनिन्छ । यसको बाहिरी भाग शुरु हुन्छ ।

यसपछि नाङ्लोमा मिलाएर राखिएको “एप-चोयम” मध्ये एउटा निकालेर पूजारीले दाहिने हातमा राख्दछ । अनि स्याउलाले पहिला पुछेको मानिसको टाउकोमा छुवाएर यसलाई माथि उठाई कसको हो र कसले लिने हो भनी पछाडिबाट एक फन्को लगाई देब्रे हातमा सारिन्छ । पूजारीले देब्रे हातमा सारेपछि सम्बन्धित व्यक्तिलाई ३ पटक थुक्न लगाई नाङ्लोमा राखिन्छ । यो प्रक्रिया घरको सबैलाई पालैपालो गरिन्छ । यसबाट एप-चोयमले शरीरको भित्री रुपलाई शुद्ध गरेको प्रमाणित हुन्छ तर स्याउलाले भने बाहिरी भाग मात्र शुद्ध गरेको हुन्छ ।

यसरी घरको मूली (बुढा) ले उक्त कार्य सकेपछि घरभित्रको पूजाको कर्म समाप्त हुन्छ । त्यसपछि पूजा आजा गरिएको सम्पूर्ण सामान मन्साउन बाहिर गइन्छ । यसको प्रथम चरणमा पूजा गरेको ठाउँदेखि मूलढोकासम्म (अन्न) गहुँको पिठोको रेखी हालिन्छ ।

एकजनाले बाँसको कप्टेराको विटा झिकी बाल्छन् । त्यसपछि लोग्ने मानिसहरु मन्साउने सामान बोकी बाहिर निस्कन्छन् भने आइमाइ मानिसले छरेको रेखि मेट्दै मुलढोका लगाउँछन् । यसको उद्देश्य भूत, राक्षस पुनः घरभित्र प्रवेश नगरोस् भन्ने हो । लोग्ने मानिसहरु हतियार बोकी मन्साउने सामानलाई हिर्काउँदै, हल्ला गर्दै, राको झोस्दै हिड्छन्, जब घर नदेखिने खोल्सापारी पुग्छन् तव "सुपी पट" (भाडा-मक्कल) बालेर भूईमा राखिन्छ र पूजारीले राक्षसहरुलाई मिठा मिठा खानेकुरा ल्याइदिएको कुरा फलाक्छन् त्यसपछि घर फर्कन्छन् ।

घरमा आएपछि मुल ढोकामा "ढक ढक" पारेर ढोका खोल्न अनुरोध गरिन्छ । यो आजाव सुनेपछि घर भित्रका महिलाहरुले को हो, सामान के गऱ्यो, भूत खुसी भए भएनन जस्ता प्रश्न सोध्छन्, त्यसको उत्तर दिएपछि ढोका खोल्छन् । त्यसपछि सबै घरभित्र पसेपछि महिलाहरुले कोदोको जाँडले अभिषेक गरी चोख्याउँछन् अनि चूलोबाट अगुल्टो झिकी छुवाइन्छ । तबमात्र भूत, प्रेत, राक्षस हटी शुद्धीकरण हुन्छ ।

शुद्ध भएपछि जाँड लगायत अन्य खानेकुरा दिइन्छ र त्यस दिनको जाँड सक्कली भने हुँदैन । भोलिपल्ट देवतालाई नयाँ बर्षको कार्यक्रम गरी चढाएर मात्र सक्कली (कडा, राम्रो) जाँड खाने गरिन्छ । यसरी आगामी नव वर्ष सुख र प्रगतिशील होस् भनेर नव वर्षको अघिल्लो दिन भूत, प्रेत, राक्षसलाई मन्साउने कार्य गरिन्छ ।

नव वर्ष वा नामवनका दिन बिहानै उठी नुहाइ, धुवाइ गरी सफा पानी एउटा टेबुलमाथि ल्याएर राखिन्छ । उक्त टेबल लिपपोत गरी सफा गरिन्छ । त्यसको छेउमा शुद्ध तेल चोमीमा राखिन्छ । त्यस्तै राम्रा राम्रा रंगी विरंगी फूलका थुंगा टेबल वरिपरि राखिन्छ । यसका अतिरिक्त जाँड, फलफूल, गहुँ, कोदो, दाल तथा अन्य चाहिने सामान पातमा फिजाएर प्रष्ट देखिने गरी राखिन्छ । उक्त सामानहरु राखिएको टेवललाई "बुद्धिपट अल्टा" भनिन्छ । सामान तयार पारिसकेपछि सबै व्यक्ति, परिवार, समुदाय खुसी भइ राम्रा राम्रा, नयाँ नयाँ रंगीचंगी लुगा लगाइ पूजा सामग्री राखेको टेबुल अगाडि आउँछन् । त्यसपछि घरमूलीले हात जोडेर देवताको पूजा आजा र नयाँ बर्षमा सबै सुखी

रहन सकुन्, रोग व्यथाबाट मुक्त रहन सकुन, भूत, प्रेतको कुदृष्टिबाट टाढा रहन सकुन्, वर्ष भरी प्रगति नै प्रगति होस् भनी आराधना, प्रार्थना गर्दछन् । पूजाको काम सकिएपछि महिलाहरुले तयार पारेका जाड, रक्सी, मासु लगायतका खानेकुराहरु खुशीयाली मनाउँदै खाइन्छ । नामवनको (जाँड) "च्यू" सर्वप्रथम घरमूलीलाई दिइन्छ ।

नामवन पहिला ७ दिन मनाउने चलन थियो तर हाल ३ दिन मात्र मनाइन्छ । उक्त दिनहरुमा साधारण कामकाज गरिन्न तथा अर्काको घरबाट कुनै सामान ल्याउने, अर्काको घर जाने गरिदैन किनभने उक्त दिनहरुमा घरमा देवता आएको हुनाले बर्षभरी सुखी रहन आर्शिवाद लिइन्छ । अर्काको घरमा गयो भने यो बाँडिन्छ । साथै अर्काकोबाट ल्याएको सामानमा राक्षसको दृष्टि परेको हुनाले बर्ष भरी अशुभ रहन्छ भन्ने विश्वास रहेको छ । नामवनको अन्तिम दिनमा छरछिमेक, नातागोतामा नव वर्षको बधाइ आदान प्रदान गरिन्छ । नयाँ नयाँ लुगा लगाई एक अर्को घरमा कोसेली ल्याउने, लैजाने गरिन्छ । एउटा निश्चित ठाउँमा भेला भइ जाँड, रक्सी, मासु, मिठा मिठा खानेकुरा खाई भोजको आयोजना गरिन्छ । यसका साथै नृत्य, धनुवाण हान्ने प्रतियोगिता, मिठा मिठा गीत र मुरलीका तालमा मस्त भइ नाच्ने, गाउँने गरी रमाइलो गरिन्छ । त्यसपछि आ-आफ्ना काममा लाग्छन् ।

यसरी लेप्चाहरु सबैभन्दा खुशियालीको चाडको रुपमा नामवनलाई मनाउने गरिन्छ । लेप्चा जातिको चाडपर्व र संस्कृति जोगाइ राख्नका लागि यसको टेवा दिएको छ र यसको छुट्टै आफ्नो अस्तित्व रहेको छ । तिब्बती, लामा, तामाङहरुले लोसार मनाए जस्तै लेप्चाको नामवन हो ।

यसरी लेप्चा जातिको मौलिक चाडपर्व मनाइन्छ । तर फिक्कल-१ कजेनी क्षेत्र अध्ययनले के देखाउँछ भने अहिले यी चाडपर्वहरु प्रायः मनाउन छोडी सकिएको छ । यो चाड मनाउन धेरै धन र समयको आवश्यकता, बौद्ध धर्मको प्रभाव, लेप्चा जातिको जनसंख्या नगन्य रहनु, नामवन बाहेक अन्य चाडपर्व मनाउन बुङथिङ नै चाहिनु तर बुङथिङ पाउन प्रायः असम्भव हुनु, लेप्चाहरुमा आफूलाई बौद्ध धर्मावलम्बी स्वीकार गर्नु,

मुखस्त परम्परा जस्ता यावत कारणहरुले गर्दा मौलिक चाडपर्ब मनाइदैन । बरु बौद्ध धर्मावलम्बीहरुले मनाउने "बुद्ध जयन्ती" भने मनाउन थालिएको छ ।

यस दिन बिहानै उठी नुहाइ, धुवाई गरेर गुम्बामा गई पूजाआजा, भजन किर्तन तथा बत्ती बाल्ने काम गरिन्छ । यसका अतिरिक्त फिक्कलको "फेन्सोङ" गुम्बामा भने विशेष पूजा आजा गरी बत्ती बाल्ने काम गरिन्छ । त्यसपछी गुम्बामा राखिएका ३० थान बुमसेट वा "दोमाङ" र "नेठी" प्रत्येकलाई रातो कपडाले बाँधिन्छ । उक्त बुमसेट ३० जनाले एक एक वटा टाउकोमा राखि बजार परिक्रमा गराइन्छ । बुमसेट बोक्ने मान्छेले नुहाइ धुवाइ शुद्ध हुनुपर्छ । जाँड, रक्सी, मासु खानु हुन्छ । साथै किताव बोकेर हिडेपछि गले भनेर बोल्नु हुँदैन बरु गलियो भने इशारा गरी अर्को साथीलाई बोक्स दिनुपर्छ । यो किताब बोकेमा दुःख, पाप नष्ट भइ सौभाग्य प्राप्त हुन्छ भन्ने विश्वास गरिने हुनाले प्रायः सबैले सौभाग्य प्राप्त गर्न पालैपालो वोक्छन् । यी किताब बोक्नेहरुका लागि चियापानको व्यवस्था गरिएको हुन्छ । त्यसबेला किताबलाई राख्दा सिधै भुईमा राख्नु हुँदैन । टेबल वा फलैचामा एउटा कपडा ओछ्याएर त्यसमाथि लहरै मिलाएर राख्नुपर्छ ।

यसरी फिक्कल बजार परिक्रमा गरिसकेपछि पुनः गुम्बामा ल्याएर बुमसेटहरु राखिन्छ । त्यसदिन आपसमा टिका, प्रसाद आदान प्रदान गरिन्छ । शाहाकारी भोजन मात्र खाइन्छ । कुनै जीव हत्या गरिन्न । जाँड, रक्सी, मासु खाइन्न ।

यसरी बैशाख पूर्णिमाका दिन "बुद्ध जयन्ती" वर्ष मनाइन्छ तर बौद्ध धर्मका अन्य चाडपर्व भने मनाइन्न । यसका साथै हाल हिन्दु धर्मको प्रभाव लेप्चाहरुमा अत्यधिक पर्न थालेको छ । लेप्चा बस्ती वरिपरि प्रायः हिन्दु धर्मावलम्बी नै बसोबास गर्छन् । त्यसैले उनीहरुको चाडपर्वमा आउने, जाने क्रम बढ्दो छ । शिक्षाको विकास, राजनैतिक प्रभाव, को कारणबाट उनीहरुको सांस्कृतिक रुपमा धेरै परिवर्तन भएको पाइन्छ ।

सरल, सोझा हुनाले अन्य जातिसँग प्रतिस्पर्धा गर्न हिचकिचाउनु, आफूलाई अन्य जाति सो सरह प्रतिष्ठित बनाउने भावनाको विकास हुनु जस्ता कारणहरुले गर्दा करीब २०२०/२१ सालपछि देखि हिन्दु धर्मावलम्बीहरुले मनाउने दशै, तिहार, माघे संक्रान्ती

जस्ता चाडपर्वहरु आफूलाई हिन्दु धर्मावलम्बी स्वीकार नगरे पनि मनाउन थालिएको छ । यो परिवर्तनको क्रम तत्काल २०४६ सालको आन्दोलन पश्चात निकै बढेको देखिन्छ । तर आजभोली प्राय: लेप्चा बुढाबुढीहरु त दशैको टिका लगाउँदैनन् । लगाए पनि घिउ र टोटलाको फूलको टिका लगाउँछन् । तर नव युवा युवति तथा केटाकेटीहरु भने निकै हर्सोल्लासका साथै दशै मनाउँछन् । टिका लगाउन आफन्त, छर छिमेकमा जान्छन् । नयाँ लुगा लगाउँछन् । मिठा मिठा खानेकुरा खान्छन् । गाउँघरमा बनाइएको पीङ खेल्न जान्छन् । त्यस्तै तिहार पनि तत्कालदेखि मनाउन थालेको देखिन्छ । यसका अतिरिक्त माघे संक्रान्तिमा कमर नुहाउन माइबेनी गइन्छ, मीठा मीठा खानेकुरा बाँडीचुडी खाइन्छ र लेप्चाहरुको लोकप्रिय खाना तरुललाई विशेष मान्यता दिइन्छ ।

शोध विद्यार्थीको अवलोकन अनुसार लेप्चा जातिमा बौद्ध र हिन्दु धर्मको प्रभावका साथ साथै हाल इशाई धर्मको पनि उत्तिकै प्रभाव परेको देखिन्छ । आधुनिकता, वर्तमान सामाजिक संरचनामा आएको परिवर्तन, विभिन्न धर्म प्रतिको आकर्षण, भारतीय लेप्चाहरुले इशाई धर्म अवलम्बन गर्नुको प्रभाव स्वरुप नेपालका लेप्चाहरुमा पनि सुगौली सन्धीपछि देखि इशाइ धर्मको पनि प्रभाव पर्न थाल्यो । त्यसैले हाल केही मानिसहरु इशाई धर्मावलम्बी पनि भएका छन् । उनीहरुको चाडपर्व, संस्कार इशाई धर्म अनुरुप नै सम्पन्न गरिन्छ ।

यसरी हाल लेप्चाहरुको चाडपर्वमा आफ्नो मौलिकता भन्दा बौद्ध, हिन्दु, इशाइ धर्मको सकृय प्रभाव देखिन्छ । त्यसै भन्न सकिन्छ कि लेप्चा संस्कृतिका पश्चिमीकरणको प्रभाव परेको छ साथै आफ्नो मौलिक चाडपर्वहरु मान्नुको साथै बौद्ध र हिन्दु चाडपर्वहरु मान्न थालेकाले संस्कृतिकरणको **(Sanskritization)** प्रभाव परेको पाइन्छ । कपडाले बाँधिन्छ । उक्र बुमसेट ३० जनाले उक एक वटा टाउकोमा राखि बजार परिक्रमा गराइन्छ । बुमसेट बोक्ने मान्छेले नुहाइ धुवाइ शुद्ध हुनुपर्छ । जाँड, रक्सी, मासु, खानु हुन्छ । साथै किताब बोकेर हिँडेपछि गले भनेर बोल्नु हुँदैन बरु गलियो भने इशारा गरी अर्को साथीलाई बोक्न दिनुपर्छ । यो किताब बोकेमा दु:ख, पाप नष्ट भइ सौभाग्य प्राप्त

हुन्छ भन्ने विश्वास गरिने हुनाले प्रायः सबैले सौभाग्य प्राप्त गर्न पालैपालो बोक्छन् । यी किताब बोक्नेहरूका लागि चियापनको व्यवस्था गरिएको हुन्छ । त्यसबेला किताबलाई राख्दा सिधै भुईमा राख्नु हुँदैन । टेबल वा फलैंचमा एउटा कपडा ओछ्याएर त्यसमाथि लहरै मिलाएर राख्नुपर्छ । यसरी फिक्कल बजार परिक्रमा गरिसकेपछि पुनः गुम्बामा ल्याएर बुमसेटहरू राखिन्छ । त्यसदिन आपसमा टिका, प्रसाद आदान प्रदान गरिन्छ । शाकाहारी भोजन मात्र खाइन्छ । कुनै जीव हत्या गरिन्न । जााड, रकसी, मासु खाइन्न ।

यसरी वैशाख पूर्णिमाका दिन "बुद्ध जयन्ती" वर्ष मनाइन्छ तर बौद्ध धर्मका अन्य चाडपर्व भने मनाइन्न । सका साथै हाल हिन्दु धमृको प्रभाव लेप्चाहरूमा अत्यधिक पर्न थालेको छ । लेप्चा वस्ती वरिपरि प्रायः हिन्दु धर्मावलम्बी नै बसोबास गर्छन् । त्यसैले उनीहरूको चाडपर्वमा आउने, जाने क्रम बढ्दो छ । शिक्षाको विकास, राजनैतिक प्रभावको कारणबाट उनीहरको सांस्कृतिक रूपमा धेरै परिवर्तन भएको पाइन्छ ।

सरल, सोझा हुनाले अन्य जातिसँग प्रतिस्पर्धा गर्न हिचकिचाउनु, आफूलाई अन्य जाति सो सरह प्रतिष्ठित बनाउने भावनाको विकास हुन जस्ता कारणहरूले गर्दा करीब २०२०/२१ सालपछि देखि हिन्दु धर्मावलम्बीहरूले मनाउने दशैं, तिहार, माघे संक्रान्ति जस्ता चाडपर्वहरू आफूलाई हिन्दु धर्मावलम्बी स्वीकार नगरे पनि मनाउन थालिएको छ । यो परिवर्तनको क्रम तत्काल २०४६ सालको आन्दोलन पश्चात निकै बढेको देखिन्छ । तर आजभोली प्रायः लेप्चा बुढाबुढीहर त दशैंको टीका लगाउँदैनन् । लगाए पनि घिउ र टोटलाको फूलको टीका लगाउँछन् । तर नव युवा युवति तथा केटाकेटीहरू भने निकै हर्षोउल्लासका साथ दशैं मनाउँछन् । टीका लगाउन आफन्त, छर छिमेकमा जान्छन् । त्यस्तै तिहार पनि तत्कालैदेखि मनाउन थालेको देखिन्छ । यसका अतिरिक्त माघे संक्रान्तिमा मकर नुहाउन माइबेनी जाने, मीठा मीठा खानेकुरा बाँडीचुँडी खाने र लेप्चाहरूको लोकप्रिय खाना तरुललाई विशेष मान्यता दिइन्छ ।

शोध विद्यार्थीको अवलोकन अनुसार लेप्चा जातिमा बौद्ध र हिन्दु धर्मको प्रभावका साथसाथै हाल इशाई धर्मको पनि उत्तिकै प्रभाव परेको देखिन्छ । आधुनिकता, वर्तमान

सामाजिक संरचनामा आएको परिवर्तन, विभिनन धर्म पतिको आकर्षण भारतीय लेप्चाहरूले इशाइ धर्म अवलम्बन गर्नुको प्रभाव स्वरूप नेपालको लेप्चाहरमा पनि सुगौली सन्धीपछि देखि इशाइ धर्मको पनि प्रभाव पर्न थाल्यो ।

त्यसैले हाल केही मानिसहरू इशाइ धर्मावलम्बी पनि भएका छन् । उनीहरूको चाडपर्व, संस्कार इशाई धर्म अनुरूप नै सम्पन्न गरिन्छ ।

यसरी हाल लेप्चाहरको चाडपर्वमा आफ्नो मौलिकता भन्दा बौद्ध, हिन्दु, इशाइ धर्मको सकृय प्रभाव देखिन्छ । त्यसै भन्न सकिन्छ कि लेप्चा संस्कृतिका पश्चिमीकरणको प्रभाव परेको छ साथै आफ्नो मौलिक छाडपर्वहरू मान्नुको साथै बौद्ध र हिन्दु चाडपर्वहरू मान्न थालेकाले संस्कृतिकरणको **(Sanskritization)** प्रभाव परेको देखिन्छ ।

५.५.६ फलोफजी रम्फाक

लेप्चा जातिको धेरै चाडपर्वहरू मध्ये यो पनि एउटा महत्वपूर्ण चाडको रूपमा मनाइन्छ । यो चाडको अवसरमा गरिने पूजा विधिपूर्वक रूपमा सम्पन्न गर्न धेरै खर्चिलो हुने भएकोले ३ वर्षमा एकपटक गरिन्छ । विशेष गरी यो सामुहिक रूपमा नै गर्ने गरेको पाइन्छ ।

यो पर्व आफ्ना पुर्खाहरूको सम्झनामा गर्ने गरिन्छ । आफ्ना पितृहरूको परलोकमा शान्ति होस् र परलोकमा बस्नेहरूलाई आशिर्वाद दिउन् भन्ने अपेक्षा राख्दै यो पर्व मनाइन्छ । यो पर्व मंसिर महिनामा गर्ने गरिन्छ । यो पर्व सम्पन्न गर्न तीन दिन सम्म लाग्छ । यो पर्व एउटा पूजा विधिबाट आरम्भ गरिन्छ ।यो पर्व आरम्भ गर्न शुरुमा बुङथिइ आउँछन् र पूजा सम्पन्न गर्न चाहर्नि सामाग्रीको खोजी गर्दछन् र उपयुक्त ...नमा मिलाउँदै लैजान्छन् र आफ्नो विधि अनुसार कन्चनजंघा हिमालतिर फर्केर हिमाल, पहाड तथा प्रकृतिमा भएका खोलानाला पहाड पर्वत भञ्ज्याङको नाम पुकार्दै आफ्नो पितृहरूको सम्झदा गर्दै र आफ्ना कुलहरूको नाम उच्चारण गर्दै फलाक्न थाल्दछन् । यसरी बुङथिङको तर्फबाट गर्ने पूजा विधि एक दिनको छ । पहिलो दिन

बुङथिङले मात्र गर्ने गर्छन् भने अब दोस्रो दिनबाट बुङथिङ र लामा दुवैले संयुक्त रूपमा आ-आफ्नो विधि पूर्वक यो पूजा गरिन्छ। यो पूजा भएको अवस्थालाई झट्ट हेर्दा अनौठो लाग्दछ किन कि एउटै पूजा सम्पन्न गर्न लामा र बुङथिङले अलग अलग विधिबाट पूजा गर्ने गरेका हुन्छन्।

यो पर्वको पूजा गर्न चाहिने सामाग्रीहरू पनि विशेष प्रकारका हुन्छन् भने थान वा यज्ञ स्थान पनि विशेष प्रकारले बनाइन्छ। यसमा मुख्य गरी चाहिने सामाग्रीहरूमा तीनवर्षे उमेर पुगेको सुंगुर, तीन मुरी कोदोको जाँड (मङची) तथा धान चामलको जाँड (नमोर्ची) चाहिन्छ, यो जाँड तथा मासुहरू प्रसादीकोमा चढाउने र आफू र आमन्त्रित आफन्तजनहरूलाई स्वागत स्वरूप दिइने गरिन्छ।

यो पूजा सम्पन्न गर्न जमीनमुनि भएका गिट्ठा, भ्याकुर, कन्दमुलहर चाहिन्छ साथै जमीनमाथि फल्ने फलहरूमा केरा, अम्बक तथा अन्य फलफुलहरू पनि चढाउने गरिन्छ। यसै गरी अन्नहरूमा धान, चामल, चिउरा तथा धानको जाड (नमोर्ची) तथा कोदोको जाँड (मङची) चाहिन्छ भने पशुपंक्षीहरूमा तीन वर्षे सुंगुर मारेर ल्याएको चरा माछा आदि अनिवार्य चाहिन्छ। जसलाई आफ्नो पुर्खाहरूले गरेको कार्यको सम्झना स्वरूप र पूर्वजहरूले गरेको कामको नक्कल गर्दै आफू पूर्खाहरूको असली सन्तान भएको प्रतिककोमा रूपमा लिइने गरिन्छ।

यसरी तयार गरिएको सामाग्रीहरूलाई यज्ञ स्थानमा पनि विशेष प्रकारले मिलाएर राखिन्छ। यसको आफ्नै विशेषता पनि रहेको र संकलित पूजा सामाग्रीहरू आफ्नै विधि अनुसार नै राख्ने गरिन्छ जसलाई उल्टो (विपरित) रखाइृ भएमा पितृले श्राप दिने वा अशुभ हुन सक्ने संकेतको रूपमा लिने गरिन्छ। त्यसैले अत्यन्त होसियारपूर्वक जान्ने बुङथिङल मिलाएर व्यवस्थित ढंगले पूजा स्थानमा सामाग्रीहरू राख्ने गरिन्छ। यसरी रुख पूजा गर्ने क्रममा यो पूजा घरभित्र गरिन्छ। विशेषत २ तले घर भएमा तला माथि र १ तले मात्र भए भण्डार कोठामा गर्ने गरिन्छ। जुन तला वा कोठामा गरिन्छ त्यो कोठाको उचाई जतिकै अग्लो चोयावास (पदाम्मो) को चार वटा खम्बा गाडिन्छ जुन बाँसहरूलाई

३ वटा तलामा (Steps) मा खुर्केर राखिन्छ प्रत्येक तलामा वासको चिमक बनाएर सामाग्री राख्न हुने गरि बनाइन्छ । त्यो राखिएको चिममाथी केराको टुप्पो समेत भएको पनि ओछ्याइन्छ यो पात ओछ्याउने क्रममो पनि आफ्नै विशेषता पाइन्छ जुन तल्लो तलामा भने १६ वटा पात ओछ्याइन्छ भने अरू दोस्रो र तेश्रो तलामा भने ३-३ वटा पातहरू ओछ्याइन्छ, अन्य तिनै तलाको वरिपरिरी तिनतिर सोही केराको पातले वार्ने गरिन्छ । यसरी विशेष किसिमले बनाएको पूजा सथानमा उपलब्ध सामाग्री पनि विशेष प्रकारको राख्ने गरिन्छ । यसरी तयार गरेको स्थानमा दाहिने पट्टिको भागमा अथवा आठ वटा केराको पातमा पकाएको भात 'छो' लाई राखिन्छ र देव्रे पट्टिको आठवटामा चिउरा राखिन्छ । यसरी भात भएपट्टिको स्थानमा सुंगुरको आठ स्थान (अंग) को मासुलाई अलग अलग गरी पकाई सो आठ भाग मासु लगाइन्छ त्यसै गरी देव्रे पट्टि अथवा चिउरा भए पट्टि १३ प्रकारका कन्दमूल र फलफूलहरू पकाई आठ सथानमा पर्ने गरी राखिन्छ भने माछालाईपनि पकाएर ८ टुक्रा बनाई यही स्थानमा राखिन्छ । यसरी सबै पूजा स्थानमा व्यवस्थित गरी सकेपछि बुङथिङले आफ्नो पितृहरूको सम्भनामा नामहरू उच्चारण गर्दै प्रकृतिको वखान गर्दै पूजा राम्रो होस् सबैलाई सुख शान्ति मिलोस् भन्दै आशिक माग्दछन् भने लामाले "दार्थु" नामको धार्मिक पुस्तक पढ्दै पूजा गर्ने गर्छन् । यसरी पूजा ३ दिन लगाएर गरिन्छ भने अन्तिम तेश्रो दिनको दिन बिहान ७ बजेदेखि १० कजेसम्ममा पूजा विसर्जन गरिन्छ । यसरी विसर्जन गर्ने क्रममा पनि आफ्ना पितृको सम्भना गर्दै पूजा स्थानमा चाएको पूजा सामाग्री सबैलाई एकै ठाउँमा नाङ्लो वा डालोमा राखिन्छ अथवा सबै मिसाएर पुन एकपटक आफ्नो इष्टदेवता र पितृहरूलाई चढाइन्छ अनि मात्र बुङथिङ र लामालाई दिइन्छ र क्रमश अन्य आफ्ना आफन्तजन, आमन्त्रित पाहुनाहरू, गन्यमान्य तथा सबैलाई प्रसादीको रूपमा बाँडिन्छ र पूजा यसरी विसर्जन भएको संकेत गरिन्छ र अन्त्यमा पूजा गर्ने परिवारले अन्य आफन्तजनलाई केही गल्ती कमजोरी भए क्षमा गर्न समेत याचना गर्ने गरिन्छ ।

यसरी लेप्चा संस्कृति अनुसार गर्ने परम्परा भए पनि वर्तमान अवस्थामा यो धेरै खर्चालु सामाग्रीहरू जुटाउन असम्भव हुँदै गएको घरहरू पनि आधुनिक बन्दै गएकोले यो पूजालाई व्यक्तिगत रूपमा गर्न छोडी सामुहिक रूपमा गर्ने गरिन्छ । तर सबै सामाग्रीहरू जुटाउन असम्भव भएकोले अन्य कुनै चीज वस्तु राखी त्यसको प्रतिकको रूपमा मात्र लिने गरिन्छ । यसरी लेप्चा जातिहरूले पनि अन्य धर्मावलम्बीहरू जस्तै कुनै वस्तुको अभावमा अर्कै वस्तु प्रतिकको रूपमा मानेर पुजा गर्ने गरेको पाइन्छ, यसरी यो संस्कृतिमा आएको परिवर्तनलाई हेर्दा हिन्दु संस्कृतिको प्रभाव परेको पाइन्छ ।

## ५.६ लेप्चा जातिको सामाजिक संस्था

### ५.६.१ रोङ से जुङ ठी (Rong Sejum Thi)

लेप्चा जातिको जातिय उत्थान गर्न एउटा मात्र गठन गरी यसलाई सरकारी स्तरबाट वि.सं. २०५२ सालमा विधिवत दर्ता गरी उक्र मञ्चले लेप्चा जातिका संस्कृतिको संरक्षण संवर्धन गर्ने र लेप्चा जातिको जातिय उत्थानको लागि सहयोग पुऱ्याउनु शिक्षा स्वास्थय खानेपानी वृत्ति विकासका साथै सचेतना कार्यक्रमहरू सञ्चालन गरी आफ्नो जातिको जातिय उत्थान गर्ने यसका प्रमुख उद्देश्य रहेको छ । यो लेप्चा जातिको “लेप्चा उत्थान मञ्च” नेपाल राष्ट्रिय जनजाति विकास समिति (**National Foundation for Development of Indigenous Nationalities (NEFIN)** सँग अनुबन्धित रहेर काम गरेको छ । यो “रोङ से जुङ ही” को केन्द्रीय तथा जिल्ला कार्यालय फिक्कल गा.वि.स. मा नै रहेको छ । हाल उक्त समितिहरूमा केन्द्रीय अध्यक्ष कन्याम गा.वि.स. बाट मान कुमार लेप्चा हुनुहुन्छ भने जिल्ला कार्य समितिको अध्यक्ष श्री मान बहादुर लेप्चा फिक्कल गा.वि.स. बाट हुनुहुन्छ अन्य जिल्ला तथा केन्द्रीय पदाधिकारीहरमा सबै गा.वि.स. बाट पर्ने गरी १ जना देखि ४ जना सम्म रहने गरी चयन गरिएको छ । यसै गरी सबै गा.वि.स.हरमा यसको संजाल फैलाउन गा.वि.स. स्तरीय समितिहरू पनि गठन गरिएको छ । यसका साथै विशेष संसथामा सांस्कृतिक कार्यहरू संचालन गनु परेमा एउटा सांसकृतिक समिति पनि गठन गरेको पाइन्छ । यी

गठित समितिहरूको आवधिक रमपा निरन्तरता दिन बेला बेला भेला बैठक बस्ने समेत गरेका छन् ।

तिनीहरूले वडा स्तरीय कमिटी समेत गठन गरेको पाइनुका साथै आफ्नो सांस्कृतिक पहिचानका सामग्रीहरू, पोशाक, पुस्तक, गुम्बाहरूको संरक्षण र सम्बर्धन गर्दै आफ्नो सांस्कृतिक पहिचान अन्य जातिलाई परिचय गराउन समेत विभिन्न समितिहरू रहेको पाइन्छ । यसै सन्दर्भमा श्री अन्तुका श्री जगत बहादुर ...वाले संकलन गर्नु भएको आफ्ना जातिय पहिचानका हात हतियार, पौशाक तथा अन्य पुरातात्विक वस्तुको संरक्षण गर्न एउटा समिति समेत गठन गरी लेप्चा संग्राहालय खोलिएको पाइन्छ जहाँ लेप्चा जातिको आफ्नो पहिचान गराउने सामाग्रीहरू रहेका छन् ।

त्यस्तै फिक्कल गा.वि.स. वा.नं. ६ मा रहेको फेन्सोङ गुम्बा तथा फिक्कल गा.वि.स. वा.नं. १ मा ...को यन्थोङ गुम्बा, कजेनीको पनि एक-एक वटा गुम्बा व्यवस्थापन समिति खडा गरी सञ्चालन गर्नुका साथै प्रत्येक महिना दशमीको दिन गुम्बामा पूजा गर्ने साथै गुम्बामा नियुक्ति गरिएको लामाबाट नियमित नगर्ने पनि गरिन्छ । प्रत्येक वर्षको बृद्ध जयन्तीमा सबै गुम्बाहरूमा लामा पढी सबैलाई सुख शान्तिको कामना गर्ने गरिन्छ । फिक्कलको वार्ड नं. ६ मा रहेको फेन्सोङ गुम्बामा आफ्नो जातिय भाषा र लिपिको प्रचार प्रसारका लागि एउटा लेप्चा शिक्षक नियुक्ति गरी पठन पाठन गर्ने गरेको छ । यो फेन्सोङ गुम्बा धेरै सानो भए पनि तत्कालीन श्री ५ को सरकारबाट वि.सं. २०५७ सालमा मात्र दर्ता गरिएको छ । यस्तै अन्य गा.वि.स.हरूमा २०५७ वि.सं.मा कोल्बुङ्ग गा.वि.स. अम्बिमा रोङ भाषा स्कूल **(Rong Language School)** बनाएको छ । यसका साथै लेप्चा युवा समाज इरौटार, रौङकुप अक्सेजुम **(Rongkup Ongsejum)** युवा आवाज अनि सुदृढ युवा समाज फिक्कल रहेका छन् ।

अध्याय-६

## सारांश, निष्कर्ष र सुझावहरू (Summary, Conclusion and Recommendations)

### १. सारांश (Summary)

नेपाल जातिय सांस्कृतिक विविधता भएको देश हो । यहाँ विभिन्न जाति, जनजातिहरू बीच आफ्नै किसिमको मौलिकता र विशेषता बोकेका अनेकौं संस्कृतिहरू विद्यमान छन् ।

लेप्चा जाति अरू जातिहरू जस्तै विशेष लोक संस्कृति रूपमा सम्पन्न छन् । यसका साथै उनीहरूमा आफ्नै मौलिक रितिरिवाज, पूजाआजा, जन्म, विवाह र दाह संस्कार जस्ता संस्कारहरू विद्यमान छन् । तर आज यी सबै संस्कार बिस्तारै बिस्तारै लोप हुँदै गएकोले लेप्चा जाति र उनीहरूको संस्कृतिको पहिचान **(Identity)** र अस्तित्व **(Existenmce)** माथि नै प्रश्न चिन्ह लागेको छ । यस जातिका बारेमा विदेशी लेखकहरूले आफ्नो अध्ययनको आधारमा विभिन्न पुस्तकहरु प्रकाशित रहेका छन् । अतः यस अध्यायमा निम्न अनुसन्धानात्मक प्रश्नहरू **(Research Questions)** उठाई यो जातिको अध्ययन गर्ने प्रयास भएको छ ।

(क) लेप्चा संस्कृतिहरू र यसमा आएका परिवर्तनहरू कस्ता-कस्ता छन् ? पत्ता लगाउने ।

(ख) लेप्चा जातिको मुख्य संस्कृति र सामाजिक संस्थाहरू के-के हुन् र कसरी सञ्चालित छन् ? परिचय गराई यस जातिको उत्थानमा यसले खुलेको भूमिकाको बारेमा जानकारी दिनु ।

(ग) लेप्चा जाचिको उत्थानका लागि कस्ता-कस्ता प्रयास गरिएको छ ?

यस अध्ययनका निम्न उद्देश्यहरू रहेका छन्

(क) लेप्चा जाचिको परम्परागत संस्कृतिमा देखिएका परिवर्तनहरूको विश्लेषण गर्ने ।

(ख) लेप्चा जातिको मुख्य-मुख्य सामाजिक तथा धार्मिक संस्थाहरूको परिचय गराइ यस जातिको उत्थानमा यसले खेलेको भूमिकाको बारेमा जानकारी दिनु ।

(ग) लेप्चा जातिको संस्कृतिको संरक्षण र सम्बर्धनका बारे आवश्यक सुझाव दिनु ।

यो अध्ययन निम्न दृष्टिकोणले महत्वपूर्ण छ :

(क) यस अध्यायबाट प्राप्त निष्कर्ष र जानकारीहरूले नेपालका विविध धर्म संस्कृतिको संगम स्थल हो भन्ने कुरा पुष्टि गर्दछ ।

(ख) यस अध्यायबाट प्राप्त जानकारीहरूले भविष्यमा यस जाति, सामाजिक संस्था र संस्कृतिबारे सामान्य वा बृहत शोधकार्य गर्न चाहने स्वदेशी तथा विदेशी अनुसन्धानकर्ताहरूलाई पूर्वाधार खडा गरिदिन सक्नेछ ।

(ग) यस अधययनबाट प्राप्त जानकारीहरूले लेप्चाहरूको उत्थानका लागि थप प्रभावकारी कार्यक्रमहरू संचालन गर्न परेमा वा ग्रामीण विकास निर्माणका योजना निर्माण गर्नु परेमा त्यसता संघ संसथा तथा सरकारलाई सहयोग पुग्नेछ ।

(घ) यस अध्ययनबाट प्राप्त निष्कर्षहरू **Findings** ले लेप्चा जातिका बारेमा कुनै पनि निकाय वा सरकारलाई नीति निर्माण गर्न कार्यक्रमहरू बनाउन, कार्यान्वयन गर्न परेमा सहयोग पुऱ्याउनेछ । हाल राष्ट्रिय जनजातिहरको आयोगले नेपालका पिछडिएको जाति/जनजाति र दलित जातिहरूको उत्थानका लागि कार्यक्रमहरू ल्याएको छ । यस सन्दर्भमा लेप्चा जातिको भलाई र विकासको लागि काम गर्न नीति निर्माण गर्नु परेमा यो शोधग्रन्थबाट धेरै सहयोग पुग्ने कुरामा विश्वास दिन सकिन्छ ।

वर्तमान अध्ययन वर्णनात्मक र अन्वेषणात्मक शोध ढाँचा **(Descriptive cum Exploratory Research Design)** मा आधारित छ । लेप्चा जातिको सामाजिक संस्कार र चाडपर्व लगायत उनीहरूलाई खानपान र अन्य जीवनशैलीको विविध पक्षमा अध्यापन पश्चात वर्णन र व्याख्यान गरिएका छन् । यसका साथै लेप्चा संस्कृतिमा खोज पश्चात् पाइएका परिवर्तनहरू र परिवर्तनका कारकहरूलाई समेत प्रस्तुत गरिएका छन् ।

- वर्तमान अध्ययन इलाम जिल्लाको १५ वटा गा.वि.स. मा बस्ने लेप्चा वस्ती हरू नै समग्रता **(Universe)** हो । यस समग्रताबाट वर्तमान खोज कार्यको लागि एउटा लेप्चा बस्ती भएको क्षेत्रलाई उद्देश्यात्मक नमुना छनोटको आधार **(Purposive Sampling)** लिइएको छ । त्यो हो "श्री फिक्कल गा.वि.स. वा १ कजेनी" वस्ती यस कजेनी गाउँमा जम्मा २६ घर परिवार बसोबास गरी आएका छन्
- वर्तमान अध्ययनमा दुई किसिमका सूचनाहरू प्रयोग गरिएका छन् । ती हुन् प्राथमिक र द्वितीय प्रकारका तथ्य वा सूचनाहरू/प्राथमिक **(Primary Data)** क्षेत्र अध्ययनबाट र द्वितीय सूचना **(Secondary Data)** विभिन्न पुस्तक, लेख र संस्थाहरूबाट संकलित गर्ने काम गरिएको छ ।

वर्तमान शोधकर्ताले पनि इलामको श्री फिक्कल गा.वि.स. वार्ड नं. १ कजेनी गाउँमा बारम्बार जाने र अध्यापन गर्ने क्रमलाई भण्डै ३ महिना सम्मको अध्ययन गरी तथ्य संकलन गरिएको हो । यसरी तथ्य संकलन गर्दा सहभागी अवलोकन, अन्तर्वार्ता, छलफल र जानकार व्यक्तिहरू **(Key Information)** सँग छलफलको विधि अपनाइएको छ । यसरी प्राथमिक सूचनाहरू संकलन गर्दा यस अध्ययनमा पनि अवलोकन केन्द्रित समूहगत छलफल र जानकार व्यक्तिहरूसँगको अन्तरवार्ता प्रयोग गरिएको छ ।

हाल शोधकर्ताको हैसियतले पनि अवलोकन गर्नका लागि एउटा अवलोकन अनुसूची **(Observation Schedule)** तयार गरी लेप्चा जातिको कुन-कुन सामाजिक संस्कार चाडपर्व आदि विविध पक्षको अवलोकन गर्ने हो सो को एउटा रुजु सूची **(Check list)** तयार गरी उक्त अनुसूची भित्र समावेश गरियो ।

यसरी अवलोकन अनुसूची तयार गरी छनोट गरिएको क्षेत्र (श्री फिककल गा.वि.स. वा.नं. १ कजेनी) का लेप्चा जातिको घर, गाउँ, लगाई-खुवाई, बोलचाल जस्ता विषयमा अवलोकन गरिनुका साथै लेप्चाहरका केही संस्कार र चाडपर्वहरूमा सहभागी

भई अवलोकन कर्ताको भूमिका निर्वाह गरी  तथ्य सूचना संकलन गर्ने काम गरियो ।

प्राथमिक सूचना संकलन गर्ने सन्दर्भमा शोध विद्यार्थीको हैसियतले समूहगत छलफल विधिलाई अपनाइएको थियो । तर यस विधिलाई अवलोकन विधिको उपयोग पश्चात मात्र अपनाइएको छ । अवलोकनको समयभित्र वर्तमान शोधविद्यार्थीले लेप्चा संस्कृति बारे ज्ञान भएका सूचनादाताहरू को को हुन पत्ता लगाउने काम गरिएको थियो तथा उनीहरूबाट नै तथ्यको विश्वसनियता र वैधता **(Reliability and Validity Test)** जाँच्ने काम समेत गरियो । यस्ता जानकार समूहमा लेप्चा संस्कृतिका बारेमा ज्ञान भएका बुद्धिजीवी, समाजसेवी, शिक्षक, महिला, पुरुष समेतलाई  समूहमा मिलाई लेप्चा सूचनादाताहरूको समूहगत छलफलमा उत्तर दाताहरू बनाइएको  थियो ।

यो शोधविद्यार्थीले पनि लेप्चा जाति बारे विभिन्न लेख रचना र शोधग्रन्थहरूबाट द्वितीय किसिमका तथ्यहरू **(Secondary Data)** संकलन गरिएको छ । यसरी द्वितीय स्रोतबाट प्राप्त सूचना संकलन गरी प्राथमिक तथ्य संकलन गर्न स्थलगत अध्ययन **(Field work)** गर्दा लेप्चाजातिको संस्कृतिबारे बढी स्पष्ट भएको महशुस गरिन्छ ।

वर्तमान लेप्चा संस्कृतिको खोजकार्य इलाम जिल्लाका फिक्कल गा.वि.स.वा.नं. १ कजेनीमा भएकोले यस अध्ययनबाट प्राप्त निष्कर्षहरू श्री फिक्कल गा.वि.स. वा.नं. १ कजेनीको लेप्चा जातिको संस्कृतिका अध्ययनमा आधारित भएको बुझ्नेपर्ने हुन्छ, यस अध्ययनका निष्कर्षहरू अन्य ठाउँमा बसोबास गर्ने लेप्चाहरसँग मिल्न पनि सक्दछ । लेप्चाहरू इलाममा मात्र होइन भारतको दार्जिलिङ्ग, सिक्किम सम्म छरिएर रहेका छन् । त्यसैले त्यहाँको भौगोलिक, सामाजिक, आर्थिक र सांस्कृतिक परिवेशमा थाहा पाइएका निष्कर्षहरू समेत बुझ्न आवश्यक छ ।

वर्तमान अध्ययनमा गुणात्मक तथ्य **(Qualitative  Data)** लाई विशेष महत्व दिइएको छ । अत्याधिक शोधग्रन्थहरुको टेबुल र प्रतिशत देखाउने कार्य भएकोले केवल

परिमाणात्मक तथ्य (**Quantitative Data**) बाट मात्र शोधकार्य सम्पन्न हुने होइन । यसबाहेक पनि गुणात्मक तथ्यहरु को आधारमा पनि शोधकार्य सम्पन्न गरिएको छ ।

इलाम नेपालका पुर्वी सिमानामा अवसिथत मेची अञ्चलको सदरमुकाम हुनका साथै पूर्वाञ्चल विकास क्षेत्रमा पर्ने एक पहाडी जिल्ला हो । यो जिल्का समुन्द्र सतहबाट ६०० मिटर देखि ३,७०० मीटरसम्मको उचाईमा रहेको छ । प्रशासनिक रूपमा तिनवटा निर्वाचन क्षेत्र,एक नगरपालिका र ४८ वटा गाउँ विकास समितिमा विभाजन गरिएको छ ।

यस जिल्लाका आदिवासी लिम्बू र लेप्चा हुन् ता पनि यस जिल्लामा अरू जातिको बाहुल्यता र प्रभुत्व रहेको देखिन्छ । अरू जातिको तुलनामा बाहुन, क्षेत्री यस जिल्लामा धेरै पछि मात्र बसोबासगरेको भएता पनि संख्यात्मक रूपमा धेरै देखिन्छ । यस जिल्लामा ब्राह्मण, क्षेत्री, शेर्पा, लाप्चा, राई, लिम्बू, गुरुङ्ग, मगर, दमाइ र कामी ले बसोबास गर्दै आएका छन् । लिम्बू जाति यस जिल्लाको प्रायजसो भागमा छरिएर रहेका छन् भने लेप्चा जाति माइपूर्वको भागमा मात्र रहेको पाइन्छ ।

इलाम जिल्लामा बसोबास गर्ने लेप्चाहरूलाई यस जिल्लाको आदिवासीका रूपमा स्वीकार गर्न सकिन्छ किन भने परापूर्वकालदेखि रहँदै आएको इतिहास पाइनुका साथै यस ठाउँको गाउँका नामहरू लेप्चा भाषासँग धेरै सामिप्यता रहेको पाइन्छ र यी लेप्चा जातिहरू यसै जिल्लाको सेरोफेरोमा मात्र अल्पसंख्या रूपमा छरिएर रहेका छन् ।

लेप्चा जातिको उत्पत्तिका बारेमा आफ्नो सोच राख्ने र अध्ययन गर्ने लेखक विद्वान्हरूमा इ.सि. चेम्जोङ (२०२६, २०५१) जी. छिरिङ (१९७१) तकलिनम् लेप्चा (१९६८) र वैद्य आदिलाई लिन सकिन्छ ।

यसरी विभिन्न विद्वान् लेखकहरूले लेप्चा उत्पत्तका बारेमा विचारहरू व्यक्त गर्नु भएको छ । शोधकर्ताले पनि यसबारे समूहगत छलफल र अन्तरवार्ता लिइ सूचना संकलन गरिएको थियो । क्षेत्र अध्ययनमा रहेका छलफलका सहभागी उत्तरदाताहरूको

विचारमा पनि लेप्चा जातिको उत्पत्ति कञ्चनजंघा हिमालबाट नै भएको हो भन्ने विश्वास रहेको पाइन्छ ।

यसरी विभिन्न विद्वान्हरूको मत र क्षेत्र अध्ययनका निष्कर्षहरूलाई हेर्दा लेप्चा जातिको उत्पत्ति प्राय धेरैजसोको विचारमा कञ्चनजंघा सँगको कथामा जोडिन्छ । त्यसैले कञ्चनजंघबाट लेप्चा जातिको उत्पत्ति भएको हो भन्न सकिन्छ । यस सम्बन्धमा लेप्चा जातिले मनाउने गरेको कञ्चनजंघा पूजालाई पनि आधार मान्न सकिन्छ । तापनि सबै विचार अड्कल तिनीहरको सबै संस्कृतिमा भएका कार्यहरूको मूल्याङ्कन गर्दा सबै पूजाआजाको थालनी गर्दा पनि कञ्चनजंघाको पूजा गर्ने गरेका र विशेष गरी पितृकार्य र कूलदेवताको पूजा गर्दा आफ्नो उत्पत्तिको कथासँग जोडेर कञ्चनजंघाको आराधना गर्ने भएबाट पनि यस शोधकर्ताको हैसियतले उनीहरूको उत्पत्ति कञ्चनजंघाबाट भएको कुरा नकार्न सकिँदैन र यहाँका पूराना बासिन्दा हुन भन्न सकिन्छ ।

सांस्कृतिक रूपमा हेर्दा नेवार जातिमा जस्तो श्रेणी विभाजन भने छैन । सबैमा दालभात पानी चल्छ । उनीहरमा गाउँका बुढापाका, पढे लेखेका काजी सुब्बालाई सम्मानको दृष्टिकोणले हेर्ने गरिन्छ । समाजमा आफ्नो शोधछात्रले पनि अध्ययन र अनुसन्धान गरि यो शोधग्रन्थ तयार गर्ने जमर्को गरेको छ प्रकारको रिति रिवाज चाडपर्व भाषा धर्म रहेको छ । समाजमा नारीको स्थान उच्च रहेकोले प्राचिन समाज यो मातृसत्तात्मक थियो भन्न सकिन्छ । हाल यो लेप्चा समाज निकै विकसित भएको देखिन्छ । आधुनिकता, अरू जातिसँगको सामिप्यता, शिक्षाको विकास चेतनामा बृद्धि जसता कारणले गर्दा समाजमा हिन्दुधर्म र संस्कृतिको प्रभाव परेको देखिन्छ ।

अन्य साना तिना सामाजिक संस्थाहरू बाहेक मुख्य गरेर धार्मिक गुम्बाहरू र जातिय उत्थानका लागि खोलिएको सामाजिक संस्था रहेका छन् । जस्तैः गुम्बाहरूमा फेन्सोङ गुम्बा फिक्कल ६, योङथाङ गुम्बा फिक्कल १ कजेनी तथा जातिय उत्थान मञ्च रोङसे जुङ ठिमीलाई लिन सकिन्छ ।

योङथोङ गुम्बा इलाम जिल्लाको फिक्कल गा.वि.स. वा.नं. १ कजेनी भन्ने ठाउँमा रहेको छ । यो लेप्चा जातिको गुम्बाहरू मध्ये सबैभन्दा पुरानो भएको पाइन्छ । करीब यो १९० देखि २०० वर्ष अगाडि देखि यसै स्थानमा अवसिथत रहेको देखिन्छ । यो गुम्बाको निर्माण सँगै यस स्थान गाउँ) को नाम समेत नामाकरण हुन पुगेको हो भनेर क्षेत्र अध्ययनको क्रममा उत्तरदाताहरूले बताउनु भएको छ ।

लेप्चा जातिको आफ्नै विशेष प्रकारको मौलिक चाडपर्वहरू रहेका छन् । उनीहरू यही चाडपर्वमा रमाएर जीवन बिताईरहेका छन् । ती मुख्य गरेर चाडपर्वहरमा कञ्चनजंघा पूजा, नौला पूजा, सिल्ली तङ्बु पुजा, नामवान र फलोफाजी रम्फाक आदि हुन् ।

कञ्चनजंघा पूजा गर्दा पूजाको थानको रूपमा बासको लिङ्गो गाडी केराको पात राखी थानलाई सजाएर राखिन्छ । त्यस्तै थानमा धुपबात्ती बाल्दै फलफूल मेवा मिष्ठान राखेर बुङथिङले मुन्धुम फलाक्छन् । यस मुन्धुममा आफ्नो जातिको उत्पत्ति गराउने इष्ट देवता तपाई हुनुहुन्छ, त्यसैले मानवको सदा सुरक्षा र कल्याण गरिदिनु भनि बिन्ति चढाउँदछन् ।

सिल्लीतङ्बु पूजा :- स्थानीय विश्वास अनुसार लेप्चाहरूको उत्पत्रि कञ्चनजंघा हिमालयबाट भएको हो । यिनीहरू त्यसपछि आफ्नो जीवन निर्वाह गर्नका लागि जंगलमा भएका तरुल, भ्याकुर खोजी खान थाले । यसका अतिरिक्त जंगली मुलुकमा बस्ने भएकोले जीवन निर्वाहका लागि शिकार पनि खेल्न थाले । शिकार गर्ने हतियारको रूपमा धनुवाण र गुलेली राख्ने परम्परा हालसम्म रहेको छ । लेप्चा जातिको विश्वास अनुसार भगवान्ले सृष्टि गरेपछि गरिखान (बाँच्न) का लागि हतियार दिएको सम्झी यी हतियारहरबाट आफ्नो रक्षा भएको महशुस गरी भगवान् प्रति कृतज्ञ रहन यो पर्व मनाउने गरिन्छ । अतः यस पर्वले लेप्चाहरू बीच पारस्परिक सम्बन्धलाई देखाउँछ ।

नामवान : लेप्चाहरूको धेरै चाडपर्वहरू मध्ये सबैभन्दा खुसीयाली र भव्यताका साथ मनाइने एक महत्वपूर्ण चाड हो । यस चाडको प्रारम्भ लेप्चाहरूको पूर्खा शिकार

तथा सामुहिक रूपमा बस्ने समयदेखि भएको पाइन्छ । त्यस समयमा पनि विभिन्न प्कारको धार्मिक तथा सामाजिक पर्वहरू व्यक्रिगत तथा सामुहिक रूपमा मनाउने प्रक्रिया शुरु भएको थियो । मनोरञ्जनका विभिन्न उपायहरू किकिसकेका थिउ । समाजले देवीलाई मानिसहरू बस्ने पृथ्वी सम्झी विभिन्न प्रकारको आराधना पूजा आजा गर्दथे । त्यस्तै गरी मानिसहरूलाई दुःख दिने राक्षलाई आफूमाथि कुदृष्टि नपरोस् भनि पूजाआजा र आराधना गरी मनाउँथे ।

लेप्चाहरुको अर्को महत्वपुर्ण चाड फलोफजी रम्फाक हो । यो चाड प्रत्येक ३ वर्षमा एकपटक मनाउने गर्छन् । विशेष यो पितृहरूको सम्झना स्वरुप यस लोकमा बस्नेको सुखशान्ति होस् र परलोकमा बस्ने मृत पितृहरूको पनि प्रेतात्मा शुभ होस् भन्ने कल्पना गर्दै मनाइन्छ । लेप्चाहरको सबै चाडहरू मध्ये सबैभन्दा खर्चिलो र लामो समय अथवा ३ दिनसम्म कार्य गरी यो चाड मनाइन्छ । यो चाडको मुख्य विशेषता भनेको आफ्ना पुरोहित बुङथिङ र लामा दुवैले संयुक्त रूपमा पढेर वा मुन्धुम फलाकेर गर्ने गरिन्छ । अझ भनौ बुङथिङले पहिलो दिनमा कार्य गर्न थाल्छन् भने दोस्रो दिनबाट लामाको समेत संलग्नतामा यो पूजा सम्पन्न गरिन्छ ।

वर्तमान शोधविद्यार्थीको अवलोकन अनुसार लेप्चा जातिमा बौद्ध र हिन्दुधर्मको प्रभावका साथ साथै हाल इशाई धर्मको पनि प्रभाव परेको देखिनछ । आधुनिकता, वर्तमान, सामाजिक संरचनामा आएको परिवर्तन विभिन्न धर्मप्रतिको आकर्षण भारतीय लेप्चाहरूले इशाई धर्म अवलम्बन गर्नुको प्रभाव स्वरूप नेपालका लेप्चाहरूमा पनि इशाई धर्मको प्रभाव पर्न थालेको देखिन्छ ।

यसरी हाल लेप्चाहरूको चाडपर्वमा आफ्नो मौलिकता भन्दा बौद्ध, हिन्दु, इशाई धर्मको सकृय प्रभाव देखिन्छ । यसरी नै भन्न सकिन्छ कि लेप्चा संस्कृतिमा पश्चिमिकरणको प्रभाव परेको छ साथै आफ्नो मौलिक चाडपर्वहरू मान्नुका साथै बौद्ध र हिन्दु चाड पर्वहरू मान्न थालेकोले संस्कृतिकरणको **(Sanskritization)** प्रभाव परेको छ । लेप्चाहर पनि हाल आफूलाई बौद्ध धर्मावलम्बी भन्न रुचाउँछन् । यिनीहरूको आफ्नै

प्रकारको धार्मिक संस्कार र विश्वास पनि रहेको छ । आफ्नै लिपि भाषामा धार्मिक, भविष्यवाणी र उपचार आदि सम्बन्धी पुस्तकहरु छन् । तर इलामका लेप्चाहरूमा आफ्नो लिपि भाषा पढ्ने व्यवस्थाको अभाव बौद्ध धर्मावलम्बी काजी सुब्बाहरू सिक्किमबाट इलाम आई बसोबास गर्नु, लामाहरू सिक्किमबाट झिकाइनु जस्ता कारणहरूले इलामका लेप्चा किक्किमे लेप्चाहरूबाट प्रभावित भई बौद्ध धर्म अवलम्बन गर्न थाले । यसरी बाहिरी प्रभावमा लेप्चाहरू बौद्ध धर्मावलम्बी भएको पाइन्छ ।

यसरी समय र परिस्थिति अनुसार आफ्नो मौलिक धर्मका पुरोहित 'बुङथिङ' बौध धर्मका पुरोहित लामा र हिन्दु धर्मका ब्राह्मण पुरोहित लगाउन थालेकोले यिनीहरूको धर्म त्रिकोणात्मक देखिन्छ । नेपालका अन्य जातिहरू मगर, गुरुङ्ग, राई, लिम्बू आदि जातिले पनि ब्राह्मण पुरोहितको उपयोग गरेको पाइन्छ ।

क्षेत्र अध्ययनमा छलफलका सहभागीहरु का अनुसार लेप्चा जातिको आफ्नो मौलिक धर्मको पुरोहित "बुङथिङ" हो । तर बौद्ध धर्मावलम्बी भएकाले लामालाई पनि पुरोहितका रूपमा प्रयोग गरिन्छ । काटमार गर्ने खालको कर्मकाण्डमा बुङथिङलाई बोलाइन्छ भने काटमार गर्नु नपर्ने पूजाआजामा र जन्म विवाह मृत्यु संस्कार सम्पन्न गर्न लामालाई नै बोलाइन्छ । हाल बुङसथिङ पाउन असम्भव जस्तै भएको छ । त्यस्तै लामा पनि चाहिएको समयमा पाउन नसकिने र अन्य जातिहरूसँगको घुलमिल तथा सामिप्यताले ब्राह्मण  पुरोहितलाई पनि पुजाआजा गर्न बोलाइन्छ ।

त्यसैले वर्तमान शोध विद्यार्थीको अवलोकनमा विविध कारणले गर्दा लेप्चाहरू बाहुन पुरोहितको प्रयोग गर्न थालेको पाइन्छ । लामाको अभाव रहनु र हिन्दु संस्कृतिको प्रभावमा निरन्तर रहने हुँदा बुङथिङ लामाको ठाउँ बाहुन पुरोहितले लिन थालेको पाइन्छ । यसबाट प्रो. श्रीनिवासको संस्कृतिकरणको सिद्धान्त लेप्चा जातिमा पनि लागू भएको पाइन्छ । लेप्चा जतिको देवीदेवता र पूजाआजा पनि आफ्नो प्रकारको रहेको छ । गाउँ देवताको रूपमा च्यथिम रम (हिमाल देव), ल्याङशेर (आकाश देव) र सलितुङ्यू रम ( मधेशकी ............ लाई मान्दछन् । यीनको पूजा सबैले मिलेर गर्दछन् ।

वर्तमान क्षेत्र अध्ययन (**Field Work**) ले के देखाउँछ भने घरमा विशेष दिनहरूमा पूजाआजा गर्दा केही लामाद्वारा सम्पन्न गराइन्छ भने केही पूजाआजा ब्राह्मण पुरोहितबाट सम्पन्न गराउने चलन पनि हाल बढेको छ । न्वारानमा बालकको चिना ब्राह्मणद्वारा लेखाइन्छ । ज्योतिषिलाई चिना हेराई ग्रह जप जस्ता पाठ पूजा गर्दा ब्राह्मणलाई बोलाइन्छ। हिन्दु विधि अनुसार उक्त पाठ पूजा गराइन्छ।

यसरी लेप्चा जातिको धार्मिक अवस्थाको अध्ययन गर्दा उनीहरूको धार्मिक अवस्था आफ्नै किसिमले गुज्रिरहेको देखिन्छ। आफ्नो लेप्चा धर्मलाई बिर्सिसकेका छन्। हाल आएर बौद्ध र क्रिश्चियन भएको पाइन्छ । तर बौद्ध धर्मका चाडपर्वहरू मनाउन भने छाडेका छन् । आफ्नै परम्परागत मौलिक चाडहरू नै मनाउँछन् । अझ धेरै मात्रामा भन्नुपर्दा हिन्दु धर्मावलम्बीहरको प्रभावमा परेर हिन्दुहरूले मान्ने चाडपर्व धार्मिक संस्कारहरू मान्न थालेका छन्। विभिन्न कार्यहरूमा ब्राह्मण पुरोहित लगाएको पाइन्छ। यसबाट स्पष्ट हुन्छ कि लेप्चा जातिको धार्मिक अवस्थामा संस्कृतिकरण पूर्ण रूपमा भएको छ।

## ६.२ निष्कर्ष (**Conclusions**)

नेपाल एक बहुजातिय बहुभाषिक बहुसांस्कृतिक बहुधर्मी मुलुक हो। यहाँ विभिन्न जातिका मानिसहरू बसोबास गर्दछन् र ती प्रत्येक जातिका आ-आफ्नै भाषा बोली रितिरिवाज रहन सहन, भेषभूषा, लवाइ खवाइ चालचलन जीवन शैली तथा धार्मिक संस्कारहरू छन्।

अर्को दृष्टिकोणले हेर्ने हो भने नेपाल एक जाति व्यवस्था भएको मुलुक हो। यहाँ ५९ वटा आदिवासी जनजातिहरू पर्दछन्, जसलाई ५ वर्गमा विभाजित समेत गरिएको छ । जसमा (१) लोपोन्मुख समूहमा १२ जाति २ अति सीमान्तीकृत समूहमा १० जाति सीमान्तीकृत समूह २० जाति (४) सुविधा वञ्चित समूहमा १५ जाति तथा ५ उन्नत समुह २ जाति रहेका छन्। यसै गरी माथिल्लो अथवा उपल्लो जाति भनी ब्राह्मण, क्षेत्री, ठकुरी जस्ता जातिहरूमा विभाजित रहेको छ (जनजाति वर्गीकरण कार्यदल २०६०)।

यसै सन्दर्भमा उपल्लो जातिको संस्कृतिलाई सुसंस्कृति ठानी आफूलाई माथिल्लो स्थितिमा लैजान र प्रतिष्ठित बनाउनका लागि अनुकरण गर्दै आएका, जस्तै थकालीहरूले आफ्नो सम्बन्ध सिंजाको ठकुरीसँग देखाएको पाइन्छ, कसाइहरू धनी शिक्षित हुँदै गएपछि साइलाई साही तथा खड्गीमा लगेर माथिल्लो जातमा भएको भान गरेको पाइन्छ । यस्तो प्रक्रियालाई प्रो. श्री निवासले संसकृतिकरण भनेका छन् । जसअनुसार आफूलाई तल्लोजाति ठान्नेहरूले माथिल्लो जातिले प्रयोग गर्ने धर्म भाषा बोली संस्कृति स्वीकार गरेका हुन्छन् र यसलाई दैनिक जीवनमा अवलम्बन गरिरहेका हुन्छन् । जस्तै भात खानुस् भन्ने साधारण बोलीचालीलाई भुजा ज्युनार गरिस्योस्, आउनुलाई सवारी होस्, राजहोस् भन्ने ठकुरी राणाहरूको भाषा प्रयोग हुनु पनि यसको उदाहरण हो । यसरी हेर्दा यस बहुजातिय मुलुकमा विभिन्न जनजातिहरू मध्ये लोपोन्मुख जातिको रूपमा लेप्चा जातिलाई पनि लिन सकिनछ । माथि उल्लेख गरिए अनुसार लेप्चा जाति नेपालको पूर्वी जिल्ला इलाममा परापूर्वकालदेखि बसोबास गर्दै आइरहेका छन् । यिनीहरूको आफ्नै भाषा धर्म, चालचलन, रहनसहन, रितिरिवाज चाडपर्व सामाजि संस्कारहरू विद्यमान छन् । यिनीहरू आफ्नो छुट्टै मौलिक पहिचान लिएर आएका एक जनजाति हुन् । तर पछि तिब्बती लामाहरूको प्रभाव स्वरूप आफूलाई बौद्ध मार्गीका रूपमा स्वीकार गर्दै आएका छन् । त्यस्तै अर्को तर्फ दैनिक जीवनमा गरिने पूजा आजा तथा धार्मिक कार्यहरूमा बाहुन पुरोहितलाई बोलाई पुजापाठ सम्पन्न गर्ने गरेको पनि पाइन्छ । यिनीहरूको आफ्नै जातिय चाडपर्वहरू भएता पनि दशैं तिहार, मृत्यु संस्कार गर्न लामा बोलाउने गर्छन् । यसबाट उनीहरको पौराणिक पूरोहित (मौन) को असितत्व लोप भएर गएको यसबाट स्पष्ट हुन्छ कि लेप्चाहरू न हिन्दु हुन् न पूर्ण बौद्धमार्गी नै हाल उनीहरमा बौद्ध र हिन्दु धर्मको सक्रिय प्रभाव परेको पाइन्छ ।

उनीहरूको खानापिना देखि लिएर जीवनको प्रत्येक पक्षमा सामाजिक सांस्कृतिक आर्थिक आदि क्षेत्रमा व्यापक परिवर्तन आएको अनुभव गरिएको छ । संक्षेपमा भन्नुपर्दा

उनीहरूको जीवनशैलीमा धेरै परिवर्तनहरू देख्न पाइएको छ । प्रा.श्री. निवासको भाषामा यही संस्कृतिकरण हो भन्ने कुरा यो शोधकर्ताको निष्कर्ष पनि हो ।

## ६.३ सुझाव (Recommendations)

नेपाल विभिन्न जातजातिको फूलबारी हो र विभिन्न जातजातिको समष्टि रूप नै नेपाली संस्कृति हो । कुनै विशेष जातिको संस्कृति लोप हुनु नेपाली संस्कृति नै लोप हुनु हो । त्यसैले नेपाली संस्कृतिको संरक्षण र सम्बर्न्धन हुनु अति आवश्यक हुन्छ तर कतिपय नेपाली संस्कृति दिन प्रतिदिन लोप हुँदै गएको छ ।

यसरी लोप हुने क्रमसँगै लेप्चा जातिको मौलिक संस्कृतिलाई यही गतिमा गुमाउँदै जाने हो भने केही समयपछि नै मौलिक संस्कृति भन्ने कुरा बाँकी रहँदैन । त्यसैले यो जातिको संस्कृतिलाई खोज अनुसन्धान गरी लेखबद्ध गरिएन भने भविष्यमा एउटा अल्लिखित इतिहासको रूपमा मात्र रहेनेछ । त्यसैले यी जातिको संस्कृतिलाई संरक्षण र सम्बर्द्धन गर्नका लागि निम्नलिखित सल्लाह र सुझाव प्रस्तुत गरिएको छ ।

१. सर्वप्रथम संस्कृतिको संरक्षण र सम्बर्द्धनका लागि नेपाल सरकारले नै कदम चाल्नुपर्छ । नेपाल सरकार अन्तर्गत शिक्षा तथा संस्कृति मन्त्रालयले सम्बन्धित विषयको विद्वान्हरूलाई संस्कृति सम्बन्धी अनुसन्धान गर्न प्रोत्साहित गर्नुपर्छ । यसका लागि नेपाल सरकारले अनुसन्धानकर्ताहरूलाई प्रोत्साहित गराउनु पर्छ ।

२. आजको आधुनिक समयमा स्वावलम्बी बन्न शिक्षा अपरिहार्य हुन आएको छ । त्यसैले यी जातिहरू धेरै संख्यामा अशिक्षित रहेको पाइन्छ । नेपाल सरकारले विभिन्न कोठाहरू निर्धारण गरी लेप्चा जातिलाई शिक्षित बनाउनु पर्छ । यी जातिका बालबालिकालाई शिक्षा दिलाउन प्रेरणा दिनका लागि गरीब र जेहेन्दार बालबालिकालाई पुरस्कार आर्थिक सहयोगको व्यवस्था गरी यी जातिको लागि बेग्लै व्यवस्था हुनुपर्ने आवश्यकता देखिन्छ ।

३. यस जातिको शैक्षिक तथ्याङ्क अनुसार ५ देखि ८ सम्म पढ्ने विद्यार्थीहरूमा विचैमा विद्यालय छोड्ने दर **(Dropout Ration)** धेरै देखिएको छ । उक्त दर घटाउन सक्दो प्रयास गर्नु पर्ने देखिन्छ ।

४. यस जातिको उत्थानका लागि अनौपचारिक शिक्षा कार्यक्रममा सहभागी बनाउनु पर्ने देखिन्छ । यस्ता कार्यक्रम सञ्चालन स्थानिय क्षेत्रकै जनशक्तिको प्रयोग गरि, स्थानिय संस्थाद्वारा, सरकारी अनुदानबाट हुनु पर्छ । प्रौढ शिक्षा, अनौपचारिक शिक्षाका अतिरिक्त स्वरोजगार मूलक सीप सिकाउने तर्फ ध्यान दिनु पर्छ ।

५. यस जातिको जातिय उत्थानका लागि नेपाल सरकार तथा गैरसरकारी संस्थाहरूबाट प्राप्त अनुदान परिचालन गर्दा टाठा बाठा तथा पहुंचवाला लेप्चाहरूले मात्र उपयोग नगरी सम्पूर्ण तल्ला तहका लेप्चाहरूमा पनि पुर्‍याउनु पर्ने देख्नुका साथै दाता संघ संस्थाहरूदले त्यसको राम्ररी अनुगमन गर्नु पर्ने देखिन्छ ।

६. आर्थिक रूपले धेरै जसो लेप्ताहरू विपन्न भएकाले उनीहरूका बालबच्चाहरूलाई निःशुल्क पाठ्य पुस्तक (नि.मा.वि.तह) स्कूल पोशाक तथा छात्रावृत्तिको अझ राम्रो व्यवस्था गरिनु पर्ने हुन्छ ।

७. एक नारी शिक्षित हुनु भनेको सिङ्गो परिवार शिक्षित हुने भएकोले नारी शिक्षामा जोड दिनु पर्ने हुन्छ ।

८. महिला वर्गलाई फुर्सदको समयमा सिलाई, बुनाई तथा सीपमूलक प्रशिक्षण दिने जस्ता स्वावलम्बन कार्यक्रम संचालन गर्न जरुरी देखिन्छ । यस्ता तालिम सरकारी र गैरसरकारी निकायबाट दिलाउनु पर्छ ।

९. यस क्षेत्रका अधिकाशं जनता कृषिमा निर्भर भएपनि त्यति राम्रो उत्पादन भएको देखिदैन । कृषि उत्पादकत्व बढाउन स्थानीय कृषकहरू साथै यी लेप्चा जाति मेहनती सोझा र शारीरिक श्रम गर्न रुचाउने भएकाले आधुनिक कृषि प्रणाली तिर उन्मुख गराउन सीपमुलक तालिम दिदा सुन सुगन्ध हुने स्पष्ट देखिन्छ ।

१०. लेप्चा जातिमा चेतनाको विकास गराई स्थानीय नेतृत्वलाई प्रोत्साहित गरिनु पर्दछ । आफ्नो भाषा लिपि धर्म र संस्कृति जोगाउन उनीहरूको आफ्नै भाषा र लिपिमा पठन-पाठन गर्न गराउँन प्रोत्साहित गराउनु पर्दछ ।

११. नेपालका यस जागिका बारेमा व्यापक रूपमा हाल सम्म तथ्य तथ्याङ्कहरू संकलन गरिन्छ तर त्यसलाई राम्ररी विश्लेषण नगरि योजना निर्माण गर्दा अपुरो अधुरो र सरोकारवाला सम्म पुग्न नसक्ने भएकाले यस जातिको छुट्टै तथ्याङ्क अध्ययन गरि सामाजिक सांस्कृतिक अध्ययन गरि समाजशास्त्रीय दृष्टिकोणले हेरी कार्यक्रमहररु तर्जुमा गर्नु पर्ने देखिन्छ ।

१२. नेपालमा लेप्चा जातिका बारेमा आज सम्म कुनै पनि नेपालीले समाजशास्त्रीय रूपमा अध्ययन अनुसन्धान गरि पुस्तक तयार गरेको पाइदैन । यसलाई समाजशास्त्री/मानवशास्त्रीहरूलाई नेपाल सरकारद्वारा प्रोत्साहित र आर्थिक अनुदान समेतको व्यवस्था गर्नु पर्ने देखिन्छ ।

# सन्दर्भ सूची


१. उत्थान मञ्च लाप्चा जि.वि.स. ईलाम २०७१/२०७२

२. कलेन साहित्यिक पत्रिका फिक्कल २०५९ वर्ष १ अंक १ ।

३. कार्की, रनबहादुर २०४५, इलामलाई पछाडि फर्केर हेर्दा ।

४. कुन्छुद्याङ आनम ला छिरिङ १९७१, रोङ भाषा र लिपि, द लाप्चा एसोसियशन, कालेम्पुङ, भारत ।

५. कंडेल डा. देवीप्रसाद २०५६, नेपालको आधुनिक इतिहास, रत्न पुस्तक भण्डार ।

६. चेम्जोङ्ग इमानसिंह २०५१, किरात इतिहास र संस्कृति, नेपाली अनुवाद अनुवादक शेरबहादुर लिम्बू, शनिश्चरे, झापा प्रकाशन मण्डल ।

७. जनगणना राष्ट्रिय २०६८ केन्द्रीय तथ्यांक विभाग काठमाडौं ।

८. नेपाल जनजाति महासंघ २०६१-११-१८ को बैठकले अनुमोदित प्रस्ताव ।

९. पोखेल बुद्धीप्रसाद, २०६४ नेपालको भौतिक, आर्थिक र सांस्कृतिक भूगोल, सिग्देल प्रेश पोखरा ।

१०. बैद्य, युद्धप्रसाद, २०४६ लाप्चा जातिको उत्पति धर्म र धार्मिक विश्वास, अन्तु त्रैमासिक, नगर प्रतिभा विकास शाखा, इलाम नगर पंचायत ।

११. राजभण्डारी के.वि. २०३६, लाप्चा डने र नेबू सौगात, इलाम जिल्ला पंचायतद्वारा प्रकाशित मासिक पत्रिका ।

१२. लाप्चा, वीरबहादुर, मानबहादुर र राई अनुप "लेप्चा जातिको चिनारी" आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान जावलाखेल ललितपुर नेपाल (२०६९)

१३. लाप्चा, जी. छिरिङ १९९१, लाप्चा जातिको संक्षिप्त परिचय, श्याम ब्रदर्श, दार्जिलिङ ।

१४. लेप्चा नीमा तकनीलम १९७८, लेप्चा जातिको उत्पत्ति नै सृष्टिको एक झल्को, श्याम ब्रदर्श, दार्जिलिङ ।

१५. शर्मा विष्णुकुमार २०५०, इलाम जिल्लामा लाप्चाहरूको प्रवेश, इतिहास केन्द्रीय शिक्षण विभाग, कीर्तिपुर ।

१६. शव्दकोष बृहत नेपाली, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान कमलादी काठमाडौं ।

१७. श्रेष्ठ रामबाबु २०६३ इलामका लेप्चा जातिको ऐतिहासिक एवं सांस्कृतिक जनजीवन इतिहास केन्द्रिय शिक्षा विभाग किर्तिपुर, काठमाडौं ।

१८. Jefferty Schwerzel, Shanti Tuinstra and Vaidya 2000. The Lepcha of Nepal. Udaya Books Kathmandu.

१९. Roy Rabindra 2004 A Real Picture of Lepcha Community in Ilam, District Facts and Figures, NFDIN/NEFIN.

## अनुसूची-१

## लेप्चा समुदाय भित्रका व्यक्तिहरूलाई राखिएको प्रश्नहरूको प्रश्नावली

१. "रोङ सेजुङ ठीही" को स्थापना कहिले भएको हो ?

२. "रोङ सेजुङ ठीही" स्थापनाको मुख्य मुख्य उद्देश्यहरू बताईदिनु होस् ।

३. "रोङ सेजुङ ठीही" स्थापना भएपछि तपाईहरूको जातिलाई जातिय उत्थानका लागि के के कार्य गरेको छ ? बताईदिनुहोस् ।

४. योङथोङ गुम्बाको स्थापना कहिले भएको हो ? थाहा भए बताई दिनुहोस् ।

५. योङथोङ गुम्बाको स्थापना गर्दाका बखतमा केही उल्लेखनीय कुरा थाहा भए बताईदिनुहोस् ?

६. योङथोङ गुम्बा निर्माणका बारेमा केही भनाई या किम्बदन्तिहरू भए बताईदिनुहोस् ।

७. फेन्सोङ गुम्बा स्थापना गर्नाका कारण र महत्वहरू बारे बताई दिनुहोस् ?

८. लेप्चा जातिको भेषभुषाको बारेमा बताई दिनुहोस् र तपाईहरू कुन-कुन अवसरमा लगाउनुहुन्छ र यसको के महत्व छ ?

९. तपाई लेप्चा जातिको भाषा बुझ्नु हुन्छ कि बुझ्नुहुन्न ।

१०. तपाईलाई रोङ लिपि पढ्न लेख्न आउँछ कि आउँदैन ? जान्नको लागि के गर्नुहुन्छ ?

११. तपाई लेप्चा जातिको सांस्कृतिक परम्परा अर्न्तरगत पर्ने कुन-कुन चाडको बारेमा जान्नु हुन्छ ? बताई दिनुहुन्छ ?

१२. तपाईका सांस्कृतिक चाड पर्वहरू कसरी-कसरी मनाउनु हुन्छ ? परम्परागत ढंङ्गले वा नयाँ ढंङ्गले ।

१३. तपाई लेप्चा जातिहरूको परम्परागत संस्कृतिमा परिवर्तन आएको भन्नु हुन्छ ? परिवर्तन आउनुका मुख्य मुख्य  कारणहरू के के हुन् बताई दिनुहोस् ।

# अनुसूची-२

| क्र.सं. | घरमूलिको नाम | जनसंख्या | | | पेशा | | | | पारिवारिक संरचना | | | | धर्म | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | खेती | नोकरी | अन्य | जम्मा | एकल परिवार | संयुक्त परिवार | बृहत परिवार | जम्मा | हिन्दु | बौद्ध | इसाई | अन्य |
| | | | | | | | | | | | | | | | | |

## उत्तरदातासँग सोधिएका प्रश्नहरूको रुजु सूचि

| क्र.सं. | घरमूलिको नाम | शिक्षा | | | | कक्षा | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विद्यालय जाने | | विद्यालय नजाने | | १ | | २ | | ३ | | ४ | | ५ | | ६ | | ७ | | ८ | | ९ | | १० | |
| | | केटा | केटी | केटा | केटी | केटा | केटी | केटा | केटी | केटा | केटी | केटा | केटी | केटा | केटी | केटा | केटी | केटा | केटी | केटा | केटी | केटा | केटी | केटा | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | |

| क्र.सं. | घरमूलीको नाम | कञ्चनजंघा पुजा | | | | नौलो पुजा | | | | नामवाङ पूजा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मनाईन्छ | थाहा | सामूहिक | व्यक्ति | मनाईन्छ | थाहा छैन | सामूहिक | व्यक्तिगत | मनाईन्छ | थाहा | सामूहिक |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छैन | | गत | | | | | | छैन | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

| क्र.सं. | घरमूलीको नाम | सिल्लितङ्बु पूजा | | | | फलोफजिरम्फाक पूजा | | | | नुवागी पूजा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मनाईन्छ | थाहा छैन | सामूहिक | व्यक्तिगत | मनाईन्छ | थाहा छैन | सामूहिक | व्यक्तिगत | मनाईन्छ | थाहा छैन | सामूहिक | व्यक्तिगत |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

| क्र.सं. | घरमूलीको नाम | विवाहको किसिम | | | भाषा र लिपि | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | एकल विवाह | बहुविवाह | लेख्न जान्ने | लेख्न जान्ने | लेख्न नजान्ने | बोल्न जान्ने | बोल्न नजान्ने |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | जम्मा : | | | | | | | |

## अनुसूची-३

## केन्द्रीय समूहगत छलफल

# (Focus Group Discussion)

यो शोधकर्ताले महिला पुरुष तथा युवा बृद्धा सबैलाई समूहको रूपमा भेला भएको अवस्थामा २/३ पटक समूह निर्माण भएको अवस्थामा छलफल गर्ने गरिएको छ । त्यसमध्ये गुम्बामा गुफा बस्ने लामा गुफा मुक्त भएको अवस्था अथवा बुद्धजयन्तीको अवसरमा विभिन्न व्यक्तित्वहरूसँग महत्वपूर्ण विषयहरमा समूहगत छलफल बनाइएको छ ।

**छलफलको विषय**

१. लेप्चा जातिको उत्पत्ति बारे

(क) लोक कथा के-के छन् ?

(ख) जन विश्वास के-के छन् ?

२. लेप्चा जातिको निम्न विषय बारे बताई दिनुहोस् ।

(क) गुम्बा निर्माण सम्बन्धमा

(ख) गुम्बाका संरक्षण सम्बन्धमा

३. लेप्चा जातिको प्रमुख चाडपर्वहरू के के हुन् ? ती कसरी मनाइन्छन् ?

(क) कन्चन जंघा पूजा (ख) नौलो पूजा (ग) न्वागी पूजा

(घ) सिल्लीतङ्बु पूजा (ङ) नामवान (च) फलोफजी रम्फाक

४. लेप्चा जातिका धार्मिक विश्वास बारे बताइदिनु होस् ।

(क) बुङथिङको प्रयोग (ख) लामाको प्रयोग (ग) धार्मिक गुरु

(घ) धार्मिक विश्वास र धारणा (ङ) पूजा आजा र देवी देवता

(च) वर्तमान अवस्थामा कसरी गर्ने गरिन्छ ? परिवर्तन हुनाका कारणहरू बताई दिनुहोस् ।

५. लेप्चा जातिका सामाजिक संस्थाहरू बारे बताई दिनुहोस् ।

(क) योङथोङ गुम्बा (ख) फेन्सोङ गुम्बा (ग) रोङ से जुङ ठिही

६. लेप्चा जातिको भाषा र लिपि बारे बताई दिनुहोस् ।

अनुसूची-४

जानकार व्यक्तिसँगको अन्तर्वार्ता

(Interview with Key Information)

नाम :-

थर :-

उमेर :-

लिङ्ग :-

शिक्षा :-

गा.वि.स. :-

टोल :-

वा.नं. :-

प्रश्नहरू :-

१. लेप्चा जातिको बसोबासको मूल थलो र उत्पत्रि बारे कस्तो विश्वास छ ? जनविश्वास, किंवदन्ती तथा लोक कथाहरू कस्ता छन् ?

२. लेप्चा जातिका मुख्य सांस्कृतिक परम्परा अनुसार पर्ने चाड पर्वहरू के-के हुन् ? बताई दिनुहोस् ।

३. लेप्चा जातिको जातिय उत्थान गर्न के-के काम गरिएको छ ? लेप्चा उत्थान मञ्चले लेप्चा जातिको उत्थानका लागि गरेका काम बताई दिनुहोस् ।

(क) स्थापना मिति

(ख) गरेका कामहरू

(१) शिक्षा (२) स्वास्थ्य (३) बृत्तिविकास (४) रोजगार

४. लेप्चा जातिले मनाउने गरेको चाडपर्वहरू पहिले कसरी मनाउने परम्परा थियो र अहिले के परिवर्तन आएको छ ?

(१) कन्चन जंघा पूजा (२) नौलो पुजा (३) नामवान

(४) सिल्लतिङबु पूजा (५) न्वागी (६) फलोफाजी रम्फाक

५. लेप्चा जातिको धार्मिक विश्वास र मान्दै आएका धार्मिक संस्थाहरूको बारेमा बताई दिनु होस् ।

(क) योङथोङ गुम्बा (ख) फेन्सोङ गुम्बा

६. लेप्चा जातिले परम्परागत रूपमा मान्दै आएका संस्कारहरू र हाल आएको परिवर्तनका बारेमा बताई दिनुहोस् ।

(१) गुम्बा निर्माण (२) लामा (पुरोहित) (३) देवी देवता पूजाआजा

## अनुसूची-५

# अवलोकन अनुसूची (Observation Schedule)

अध्ययन क्षेत्रमा बसेर लेप्चा जातिको खानपिन बसाई, घर गाउँ, चाल, चलन, सामाजिक संस्कार, भेष भूषा र चाडपर्वको अवलोकन गरी तथ्याङ्क संकलन गर्ने ।

(क) लेप्चा जातिको रहन सहन

| | परिवर्तन |
|---|---|
| घरको बनोट | |
| गाउँ वस्तीको बनोट | |
| खानपिन तरिका | |

(ख) लेप्चा जातिको चाडपर्वहरू

| | परिवर्तन |
|---|---|
| कन्चनजंघा पूजा | |
| न्वागी पूजा | |
| नमवान | |
| सिल्ली तङवु पूजा | |
| नौलो पूजा | |
| फलोफजी रम्फाक | |

(ग) धार्मिक विश्वास

लेप्चा जातिको लामा, बुङथिङ

- धार्मिक गुरुको वर्गीकरण
- भूतप्रेत माथीको विश्वास र धारणा
- देवी देवता र पूजा आजा
- जातिय उत्थानका कायहरू
- गुम्बाको संरक्षण सम्बन्धमा
- सामाजिक संस्थाहरू
- रोङसे जुङ ठिही

## अनुसूची-६

## लेप्चा जातिका थरहरू

लेप्चाका थरहरू

| | | | |
|---|---|---|---|
| १. अदेन्मो | Aden moo | १९. मालाम्मो | Malam moo |
| २. वरफोङमो | Barfong moo | २०. मोरङमो | Morongmoo |
| ३. वरम्याकमो | Barmgakmoo | २१. नाम च् मो | Nam chu moo |
| ४. देन्छोपमो | Den Isop moo | २२. नाम ट्यो मो | Nam Tyomoo |
| ५. फन्फीङमो | Fun fing moo | २३. पेद्म्मो | :Pe the moo |
| ६. गाम्सामो | Gamsa moo | २४. पेदोङमो | Pedommoo |
| ७. गारमो | Garmoo | २५. पोगोङमो | Po gong moo |
| ८. गोरोरवमो | Gorokhmoo | २६. रोङगोङमो | Rongong moo |
| ९. गुलिङमो | Guling moo | २७. सादामो | Sadaa moo |
| १०. गुरुताछीमो | Gurutashimoo | २८. साग्रीमो | Sagri moo |
| ११. लिमो | Lmi moo | २९. सानदायाङमो | San diang moo |
| १२. कोतोमो | Kotomoo | ३०. साङ सा मो | Sang sa moo |
| १३. लाक्साम्मो | La Ksam moo | ३१. सारोउण्मो | Sarong moo |

| | | | |
|---|---|---|---|
| १४. गेरीक्योङ मलिम | Gairi kyong malim | ३२. सुमेकमो | Sumek moo |
| १५. लाङदाममो | Lang dam moo | ३३. तकनिलमो | Taknil moo |
| १६. लिङदामो | Ling dam moo | ३४. ताली जीयाङमो | Talijealing moo |
| १७. सिरीवानी सुदुङ | Sirwani sudn | ३५. टगीमो | Thege moo |
| १८. ल्होमु । | Lohomoo | ३६. योङ सु मो | Yang yu moo |

फिक्कल गा.वि.स. वार्ड नं. १ कजेनी स्थित गम्वा

फिक्कल गा.वि.स. १  कजेनी स्थित गुम्वाको नजिकै रहेको माने



फिक्कल गा.वि.स.वार्ड नं. १ कजेनी स्थित निर्माणधिन नयाँ गुम्वाको चित्र





फिक्कल गा.वि.स. वार्ड नं. १ कजेनी स्थीत लाप्चा गुम्वामा वस्ने लाप्चा लामाले पुजा पाठ गरी रहेको अवस्था



फिक्कल गा.वि.स.१ कजेनी स्थित लाप्चा गुम्वा भित्रको अवस्था